# महालेखापरीक्षकको
# वार्षिक प्रतिवेदन
# २०७९

## नवदुर्गा गाउँपालिका

### डँडेलधुरा





**महालेखापरीक्षकको कार्यालय**

काठमाडौं, नेपाल

# महालेखापरीक्षकको
# वार्षिक प्रतिवेदन
# २०७९

## नवदुर्गा गाउँपालिका

### डँडेलधुरा




**महालेखापरीक्षकको कार्यालय**

**काठमाडौं, नेपाल**

महालेखापरीक्षकको

# वार्षिक प्रतिवेदन

## २०७९

## नवदुर्गा गाउँपालिका

डँडेलधुरा


**महालेखापरीक्षकको कार्यालय**

**काठमाडौं, नेपाल**

## दूरदृष्टि (VISION)

जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्द्धन गर्ने विश्वसनीय संस्था

*(Be Credible Institution in Promoting Accountability, Transparency and Integrity)*

## गन्तव्य (MISSION)

राष्ट्रलाई स्वतन्त्र एवं गुणस्तरीय लेखापरीक्षण सेवा प्रदान गर्ने

*(Provide independent and Quality Audit Service to Nation)*

## मूल्य मान्यता (Core Values)

| | |
|---|---|
| निष्ठा | *(Integrity)* |
| स्वतन्त्रता | *(Independence)* |
| व्यावसायिकता | *(Professionalism)* |
| पारदर्शिता | *(Transparency)* |
| जवाफदेहिता | *(Accountability)* |

# महालेखापरीक्षकको भनाइ



नेपालको संविधानको धारा २४१ मा संघ, प्रदेश र स्थानीय तहका सबै सरकारी कार्यालयको लेखा कानुन बमोजिम नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्य समेतको विचार गरी महालेखापरीक्षकबाट लेखापरीक्षण हुने व्यवस्था छ । लेखापरीक्षण ऐन, २०७५ को दफा २०(२) मा महालेखापरीक्षकले प्रत्येक स्थानीय तहको लेखापरीक्षण सम्पन्न गरी अलग अलग प्रतिवेदन जारी गर्न सक्ने व्यवस्था छ । सोही व्यवस्था बमोजिम स्थानीय तहको २०७८/७९ को आर्थिक कारोबारको लेखापरीक्षण सम्पन्न गरी यो प्रतिवेदन जारी गरिएको छ।

स्थानीय तहको लेखापरीक्षण नेपालको संविधान, लेखापरीक्षण ऐन, नेपाल सरकारी लेखापरीक्षण मान, वित्तीय लेखापरीक्षण मार्गदर्शन, स्थानीय तह लेखापरीक्षण निर्देशिका, महालेखापरीक्षकको वार्षिक लेखापरीक्षण योजना र स्थानीय तहसँग सम्बन्धित ऐन, नियमको आधारमा सम्पन्न गरिएको छ । लेखापरीक्षणको उद्देश्यमा वित्तीय विवरणको शुद्धता, प्रचलित कानुनको पालना, बजेट तथा योजना तर्जुमा एवं कार्यक्रम कार्यान्वयन, खरिद व्यवस्थापन, सार्वजनिक सम्पत्तिको संरक्षण र उपयोग, जिम्मेवारी, जवाफदेहिता एवं पारदर्शिता र सेवा प्रवाहको अवस्था मूल्याङ्कन गर्नु साथै स्रोत साधनको प्राप्ति र परिचालन सम्बन्धमा नियमितता, मितव्ययिता, कार्यदक्षता र प्रभावकारिता भए नभएको विश्लेषण गरी वित्तीय व्यवस्थापनमा सुधारका लागि सुझाव प्रदान गरी सुशासन प्रवर्द्धनमा टेवा पुऱ्याउनु रहेको छ । आर्थिक वर्ष २०७८/७९ को लेखापरीक्षण सम्पन्न भएपश्चात जारी गरिएको प्रारम्भिक प्रतिवेदन उपर प्राप्त प्रतिक्रियाका विषयहरू मिलान गरी कायम रहेका व्यहोरा समावेश गरेर राय सहितको अन्तिम प्रतिवेदन पठाइएको छ ।

यस वर्षको लेखापरीक्षणबाट देखिएका व्यहोराहरु मूलतः आवश्यक कानुनहरु तर्जुमा नगरेको, तर्जुमा भएका कानुनहरु राजपत्रमा प्रकाशन नगरेको, आन्तरिक आय र राजस्व बाँडफाँटको प्रक्षेपण यथार्थपरक नरहेको, आन्तरिक आय न्यून रहेको, बक्यौता असुलीमा प्रभावकारिता नआएको, बजेट अनुशासन कमजोर रहेको, खर्च पश्चात बजेट तथा कार्यक्रम संशोधन गरेको, वर्षान्तमा बढी खर्च गरेको, खरिद कानुन विपरीत सोझै खरिद गरेको, प्रशासनिक खर्च बढ्दै गएको बाँकी अनुदान बर्षान्तमा फिर्ता नगरेको, अनुत्पादक तथा वितरणमुखी खर्च गरेको लगायतका छन् । त्यसैगरी विकास निर्माणतर्फ योजना प्राथमिकीकरण नगरेको, टुक्रे आयोजनाको छनौट गरी खर्च गरेको, विस्तृत आयोजना प्रतिवेदन तयारीमा परामर्शदातामाथि निर्भर रहेको, जटिल प्रकृतिका कार्यहरू समेत उपभोक्ता समितिबाट गराएको, जनसहभागिता नजुटेको जस्ता समस्या रहेका छन् ।

स्थानीय तहको आन्तरिक व्यवस्थापनतर्फ दरबन्दी अनुसार पदपूर्ति नभएको, दरबन्दी बेगरका कर्मचारी नियुक्ति गरेको, उपभोक्ता समितिको कार्यमा सेवा प्रवाह सहज र व्यवस्थित नभएको, सार्वजनिक सम्पत्ति व्यवस्थापन प्रणालीमा जिन्सी एंव सम्पत्ति अभिलेख नराखेको, सञ्चालित योजना, कार्यक्रम तथा सेवा प्रवाहको अभिलेख नराखेको, बैङ्क हिसाब नभिडेको, लेखाङ्कन तथा समग्र प्रतिवेदन प्रणाली र आन्तरिक नियन्त्रण कमजोर रहेको पाइएको छ। स्थानीय तहमा महालेखापरीक्षकको लेखापरीक्षण प्रतिवेदन उपर छलफल र बेरुजू फर्स्यौट सम्बन्धी स्पष्ट कार्यविधि तर्जुमा भएको देखिएन । लेखापरीक्षणबाट औंल्याएका व्यहोराहरू आवश्यक कारवाही गरी वित्तीय अनुशासन कायम गर्नुपर्दछ।

समय र जनशक्तिको सीमितताको बाबजुद यथासम्भव स्थानीय तहको कार्यस्थलमा नै उपस्थित भई लेखापरीक्षण गरिएको र लेखापरीक्षणको क्रममा लेखापरीक्षण टोलीले स्थानीय तहका प्रमुख सहितका पदाधिकारीहरूसँग छलफल समेत गरिएको छ। लेखापरीक्षण प्रतिवेदनमा उल्लेख भएका व्यहोराको कार्यान्वयनबाट स्थानीय तहको वित्तीय व्यवस्थापन, विकास निर्माण र सेवा प्रवाहमा सुधार हुने अपेक्षा गरेको छु । स्थानीय तहको लेखापरीक्षणमा सहयोग पुऱ्याउने स्थानीय तहका सबै पदाधिकारी तथा कर्मचारीहरू र लेखापरीक्षण कार्यमा संलग्न यस कार्यालयका कर्मचारीहरूको कार्यसम्पादनको उच्च मूल्याङ्कन गर्दै विशेष धन्यवाद दिन चाहन्छु।

**(टंकमणि शर्मा दंगाल)**

२०७९ चैत्र **महालेखापरीक्षक**

महालेखापरीक्षकको कार्यालय
Office of the Auditor General
अनामनगर, काठमाडौं, नेपाल
Anamnagar, Kathmandu, Nepal

**प्रादेशिक लेखापरीक्षण महानिर्देशनालय सुदूरपश्चिम प्रदेश**

पत्र संख्याः २०७९।८०
च.नं. ५२४ मितिः २०७९।१२।२९

विषयः लेखापरीक्षण प्रतिवेदन ।

श्री अध्यक्षज्यू,
नवदुर्गा गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय,
डडेल्धुरा ।

**कैफियत सहितको राय**

हामीले नवदुर्गा गाउँपालिकाको आर्थिक वर्ष २०७८/७९ को वित्तीय विवरण र त्यससँग सम्बन्धित अन्य विवरण तथा लेखा टिप्पणीहरूको लेखापरीक्षण गरेका छौं ।

हाम्रो रायमा, यस प्रतिवेदनको कैफियत सहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएका विषयले पार्ने असर बाहेक, पेस भएको २०७९ आषाढ ३२ मा समाप्त भएको आर्थिक वर्ष २०७८/७९ को वित्तीय विवरण र त्यससँग सम्बन्धित अन्य विवरणले स्थानीय तहसँग सम्बन्धित प्रचलित कानुनबमोजिम सारभूतरूपमा सही तथा यथार्थ अवस्था चित्रण गर्दछ।

**कैफियत सहितको राय व्यक्त गर्ने आधार**

१. गाउँपालिकाले महालेखापरीक्षकबाट स्वीकृत नेपाल सार्वजनिक क्षेत्र लेखामानको ढाँचा पूर्ण रुपमा प्रयोग गरी वित्तीय विवरण तयार गरेको छैन ।
२. लेखापरीक्षणबाट रू.१ करोड ३७ लाख ६९ हजार बेरुजू देखिएको छ। सो सम्बन्धमा प्रतिक्रिया उपलब्ध नभई बाँकी बेरुजू असुल गर्नुपर्ने रू.२ लाख १३ हजार, प्रमाण कागजात पेस गर्नुपर्ने रू.२५ लाख १७ हजार, नियमित गर्नुपर्ने रु.५३ लाख ४० हजार र पेश्की रू. ५६ लाख ९९ हजार रहेको छ ।पालिकाको गतवर्ष सम्म रू.५८ लाख २५ हजार बेरुजु बाँकी रहेकोमा यो वर्ष कायम भएको बेरूजु समेत हालसम्मको अद्यावधिक बेरुजू रू.१ करोड ९५ लाख ९४ हजार रहेको छ । गाउँपालिकाको **बेरुजू वर्गीकरण र अद्यावधिक बेरुजू स्थितिको व्यहोरा यसैसाथ संलग्न छ ।**
३. गाउँपालिकाको लेखापरीक्षणबाट स्रोत र साधनको प्राप्तिको प्रक्षेपण यथार्थपरक नभएको, असुली लक्ष्यअनुसार नभएको, कर्मचारीको दरबन्दीअनुसार स्थायी पदपूर्ति नभएका कारण विकास निर्माण र सेवा प्रवाहमा प्रभावकारिता नआएको, अनुदानको पर्याप्त अनुगमन नभएको, वितरणमुखी कार्यक्रम सञ्चालन गरेको, आन्तरिक नियन्त्रण प्रणाली कमजोर रहेको, लगायतका व्यहोरा लेखापरीक्षण प्रतिवेदनमा औंल्याइएको छ। कार्यालयबाट सम्प्रेषित लेखापरीक्षणको प्रारम्भिक प्रतिवेदन यसको अङ्कको रुपमा रहेको छ ।
४. आम्दानी तथा खर्चको स्रेस्ता नगदमा आधारित लेखा प्रणाली अवलम्बन गरेकोले पालिकाको पेश्की बाहेक सम्पत्ति तथा दायित्व यकिन हुने कुनै जानकारी खुलाएको छैन ।

हाम्रो लेखापरीक्षण कार्य नेपालको संविधान, लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका सरकारी लेखापरीक्षण मानदण्ड, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुन बमोजिम गरिएको छ । वित्तीय विवरण तयार गर्ने स्थानीय तहसँग हामी स्वतन्त्र छौं। त्यसैगरी स्वीकृत आचारसंहिताको पालना गरी कार्यसम्पादन गरेका छौं। लेखापरीक्षणको क्रममा प्राप्त गरेका लेखापरीक्षण प्रमाणहरू हाम्रो राय व्यक्त गर्ने आधारका लागि पर्याप्त र उपयुक्त छन् भन्ने कुरामा कार्यालय विश्वस्त छ।

**वित्तीय विवरण उपर व्यवस्थापन र लेखाउत्तरदायी अधिकारीको जिम्मेवारी**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ तथा अन्य प्रचलित कानुन बमोजिम सही र यथार्थ हुने गरी वित्तीय विवरण तयार गर्ने तथा जालसाजी वा अन्य गल्तीका कारण वित्तीय विवरण सारभूतरूपमा गलत आँकडा रहित स्वरूपमा बन्ने गरी आवश्यक आन्तरिक नियन्त्रण प्रणाली लागू गर्ने जिम्मेवारी पालिका व्यवस्थापनमा रहेको छ। गाउँ कार्यपालिका, अध्यक्ष र प्रमुख प्रशासकीय अधिकृत गाउँपालिकाको वित्तीय प्रतिवेदन प्रक्रियाको अनुगमनका लागि जिम्मेवार रहेका छन्।

**वित्तीय विवरणको लेखापरीक्षण उपर लेखापरीक्षकको जिम्मेवारी**

वित्तीय प्रतिवेदन समग्रमा जालसाजी वा अन्य गल्ती समेतका कारण सारभूतरूपमा गलत आँकडा रहित होस् भनी उचित आश्वस्तता प्राप्त गरी राय सहितको लेखापरीक्षण प्रतिवेदन जारी गर्नु लेखापरीक्षणको उद्देश्य हो। लेखापरीक्षणमा उचित आश्वस्तताले सामान्य स्तरको आश्वस्ततासम्म प्रदान गरेको हुन्छ, तर लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका नेपाल सरकारी लेखापरीक्षण मानदण्ड, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुन बमोजिम गर्ने लेखापरीक्षण सम्पादन भएकै अवस्थामा पनि सबै प्रकारका जालसाजीजन्य वा अन्य गल्ती पत्ता लगाउन सक्ने निश्चितता भने हुँदैन। वित्तीय विवरणका उपयोगकर्ताले सामान्यतया गर्ने आर्थिक निर्णयमा नै फरक पार्न सक्ने अवस्था देखिएका एउटै वा समग्रतामा हुने विशेष वा जालसाजीजन्य वा अन्य गल्तीलाई सारभूतरूपमा गलत आँकडा मानिएको छ।

(ताराप्रसाद पाण्डे)
नायब महालेखापरीक्षक

नवदुर्गा गाउँपालिका, डडेल्धुरा

## १. चालु वर्षको बेरुजू २०७८।७९

### १.१. बेरुजू बर्गिकरण (बिनियोजन, राजस्व, धरौटी र अन्य कारोबार)

*(रु. हजारमा)*

| प्रारम्भिक बेरुजू | | | प्रतिक्रियाबाट फछ्र्यौट | | | बाँकी बेरुजू | | | बेरुजू | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| दफा संख्या | | | दफा संख्या | | | दफा संख्या | | | | नियमित गर्नुपर्ने | | | | | पेस्की |
| सैद्धान्तिक | लगती | रकम | सैद्धान्तिक | लगती | रकम | सैद्धान्तिक | लगती | रकम | असुल गर्नुपर्ने | अनियमित भएको | प्रमाण कागजात पेश नभएको | राजस्व लगत जिम्मेवारी नसारेको | सोधभर्ना नलिएको | जम्मा | |
| ११० | ५४ | १३७६९ | ० | ० | ० | ११० | ५४ | १३७६९ | २१३ | ५३४० | २५१७ | ० | ० | ७८५७ | ५६९९ |

## २. अद्यावधिक बेरुजू स्थिति २०७८।७९

*(रु. हजारमा)*

| जिल्ला | गत वर्ष सम्मको बाँकी | समायोजन | यो वर्षको फछ्र्यौट | बाँकी बेरुजू | यो वर्ष सम्परीक्षणबाट कायम बेरुजू | यो वर्षको बेरुजू | कुल बेरुजू बाँकी |
|---|---|---|---|---|---|---|---|
| नवदुर्गा गाउँपालिका, डडेल्धुरा | ५८२५ | ० | ० | ५८२५ | ० | १३७६९ | १९५९४ |

आर्थिक कारोबारको स्थिति

आर्थिक बर्ष: २०७८/७९

कार्यालय र स्थान : नवदुर्गा गाउँपालिका, डडेलधुरा , नवदुर्गा गाउँपालिका , डँडेलधुरा

| पद | नाम | कार्यकाल सुरु मिति | कार्यकाल समाप्त मिति |
|---|---|---|---|
| कार्यालय प्रमुख | Siddharaj Sharma | २०७६-८-१६ | हाल सम्म कार्यरत |
| लेखा प्रमुख | Ganesh Datta Bhatta | २०७६-९-१३ | हाल सम्म कार्यरत |
| | | **बेरुजु रकम** | १३,७६९,०७३ |

स्थानीय तह :

| | | | |
|---|---|---|---|
| **गत बर्षको जिम्मेवारी** | | १,०९,२८,३३५.०१ | |
| **आम्दानी** | | **खर्च** | |
| **संघीय सरकारबाट अनुदान** | ३६,०३,१३,६२८ | **चालु खर्च** | ३१,३९,८१,०२०.१ |
| **प्रदेश सरकारबाट अनुदान** | १,८९,१५,६८८ | **पूँजीगत खर्च** | ११,६१,०२,४३१ |
| **राजश्व बाँडफाँट** | ७,१२,४२,००२.२५ | **वित्तीय/अन्य व्यवस्था** | १२,४९,०८,६४५.२ |
| **आन्तरिक आय** | १८,१८,९९४ | | |
| **अन्य आय** | १०,२२,४८,४०४ | | |
| **कुल आय** | ५५,४५,३८,७१६.२५ | **कुल खर्च** | ५५,४९,९२,०९६.३ |

| बाँकी मौज्दात | १,०४,७४,९५४.९६ |
|---|---|

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| १ | | | **परिचय**<br><br>स्थानीय नेतृत्वको विकास गर्दै स्थानीय शासन पद्धतिलाई सुदृढ गरी स्थानीय तहमा विधायिकी, कार्यकारिणी र न्यायिक अभ्यासलाई संस्थागत गर्न स्थानीय सरकारको संचालन गर्ने उद्देश्यले यस नवदुर्गा गाउँपालिकाको स्थापना भएको हो। स्थानीय सरकारले संचालन गर्ने कार्यमा सहकारिता, सह–अस्तित्व र समन्वयलाई प्रवर्धन गर्नु र स्थानीय सरकारका काममा जनसहभागिता, उत्तरदायित्व, पारदर्शिता सुनिश्चित गरी नागरिकलाई गुणस्तरीय सेवा प्रदान गर्नु नवदुर्गा गाउँपालिकाको उद्देश्य रहेको छ। यस गाउँ पालिका अन्तर्गत ५ वटा वडा, २८ सभा सदस्य, १४१.८९ वर्ग किलोमिटर क्षेत्रफल तथा १९९५७ जनसंख्या रहेको छ । | |
| २ | | | **लेखापरीक्षण**<br><br>यस पालिकाको आर्थिक वर्ष २०७८।७९ को लेखापरीक्षण वार्षिक लेखापरीक्षण योजना २०७९, निकायगत लेखापरीक्षण योजना, व्यवस्थापन प्रतिनिधित्व पत्र एवं अनुबन्ध पत्र, आन्तरिक लेखापरीक्षण प्रतिवेदन र अन्य विवरण समेतलाई आधार मानी सम्पन्न गरिएको छ । लेखापरीक्षण टोलीमा रहेको सीमित साधन र स्रोत, सूचनाको पहुँचमा हुने सीमितता, कम समयमा धेरै कार्यक्षेत्रको लेखापरीक्षण गर्नुपर्ने अवस्था, प्राविधिक ज्ञानको सीमितता, कारोबारको जटिलता जस्ता कारण सम्पूर्ण आर्थिक कारोबारको कानूनी वैधता परीक्षण गर्न नसकिने लगायतका सीमाहरु लेखापरीक्षणमा रहेका छन् । लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षणमान समेतको आधारमा नमूना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा निर्क्यौल गरेको जोखिममा आधारित स्वीकृत लेखापरीक्षण योजनाभित्र रही लेखापरीक्षण सम्पन्न गरी यो प्रतिवेदन जारी गरिएको छ । सारभूतरुपमा उल्लेखनीय नदेखिएका व्यहोराहरुलाई प्रतिवेदनमा समावेश गरिएको छैन । लेखापरीक्षण प्रारम्भिक प्रतिवेदनको मस्यौदाउपर व्यवस्थापनसँग छलफल सम्पन्न गरिएको छ । लेखापरीक्षणबाट देखिएका व्यहोरा निम्नानुसार छन्: | |
| ३ | | | **लेखापरीक्षणको क्रममा असुली**<br><br>लेखापरीक्षणको क्रममा देहाय बमोजिमको रु.४९,०८८।- असुली भई संघिय सञ्चित कोष दाखिला भएको छ। | |

| कार्यक्रम/ब.उ.शी.नं. | वापत | रकम | मिति | दाखिला भएको बैङ्क |
|---|---|---|---|---|
| सामाजिक सुरक्षा | सामाजिक सुरक्षा रकम फिर्ता | ४९,०८८। | २०७९।१०।१६ | राष्ट्रिय वाणिज्य बैंक लि. डडेल्धुरा |
| | **जम्मा** | **४९,०८८।** | | |

४

**स्थानीय संचित कोष**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६९ र ७२ बमोजिम यस गाँउपालिकाले वित्तिय हस्तान्तरणबाट प्राप्त अनुदान तथा सहायता, आन्तरिक आम्दानी र स्थानीय सरकारबाट सञ्चालन भएको आयोजनाहरु समेतको आयव्यय हिसाबको आर्थिक वर्ष २०७८।७९ को समग्र संचित कोषको संक्षिप्त अवस्था निम्नबमोजिम रहेको छ।

| सि.नं | आयतर्फ | | | सि.नं | व्ययतर्फ | | |
|---|---|---|---|---|---|---|---|
| | विवरण | रकम | रकम | | विवरण | रकम | रकम |
| १ | **गत वर्षको जिम्मेवारी** | | ४८२१९७८.०१ | १ | **चालु खर्च** | | ३१३९८१०२०.१ |
| | क) नगद | | | २ | **पूँजीगत खर्च** | | ११६१०२४३१ |
| | ख) बैंक | ४८२१९७८.०१ | | ३ | **वित्तिय व्यवस्था भुक्तानी** | | |
| २ | **राजस्व ( आन्तरिक आय)** | | ७३०६०९९६.२५ | | क) ऋण भुक्तानी | | |
| | क) आन्तरिक राजस्व | १८१८९९४ | | | ख) ब्याज भुक्तानी | | |
| | ख) राजस्व बाँडफाँड | ७१२४२००२.२५ | | | ग) अन्य भुक्तानी | | |
| | ग) अन्य आय | | | ४ | **लगानी** | | |
| ३ | **वित्तिय हस्तान्तरण संघ** | | ३६०३१३६२८ | | ऋण लगानी | | |
| | क) वित्तिय समानीकरण अनुदान | ८८९००००० | | | शेयर लगानी | | |
| | ख) सशर्त अनुदान | २६१४२७००० | | | अन्य लगानी | | |
| | ग) समपूरक अनुदान | ० | | ५ | **धरौटी फिर्ता** | | १२२४२०५ |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | घ) विशेष अनुदान | ९९८६६२८ | | ६ | **जनश्रमदान फिर्ता** | | |
| ४ | **प्रदेश सरकारबाट प्राप्त अनुदान** | | १८९१५६८८ | ७ | **कोष फिर्ता** | | |
| | क) वित्तिय समानीकरण अनुदान | ६१०६००० | | ८ | **मौज्दात** | | ३९९९६८५.४६ |
| | ख) सशर्त अनुदान | ६८६७८२५ | | | क) बैंक मौज्दात | | |
| | ग) समपुरक अनुदान | १९६५०७२ | | | ख) नगद मौज्दात | | |
| | घ) विशेष अनुदान | ३९७६७९१ | | ९ | **जनश्रमदान मौज्दात** | | |
| ५ | **अन्तर स्थानीय तहबाट प्राप्त** | | ० | १० | **धरौट मौज्दात** | | ३९१६२७५ |
| ६ | **विभिन्न कोषतर्फको आय गत वर्षको** | | २१७६२७२ | ११ | **कोष खाताको मौज्दात** | | २५५८९९४.५० |
| | **गत वर्षको मौज्दात विविध सडक बोर्ड नेपाल सहित** | २०६८०९६ | | १२ | **विविध कोष मौज्दात** | २४२८१४२।५ | |
| | **गत वर्षको मौज्दात प्रकोप** | १०८१७६ | | १३ | **प्रकोप ब्यव्थापन मौज्दात** | १३०८५२ | |
| ७ | **विभिन्न कोषतर्फको आय यस वर्षको** | | ४८७०९०० | १४ | **विभिन्न कोषतर्फको खर्च** | | ४४८८१७७.५ |
| | **यस वर्षको आय प्रकोप ब्यवस्थापन कोष** | २०००००० | | १५ | **विविध कोष खर्च** | २५१०८५३।५ | |
| | **यस वर्षको आय विविधकोष** | २८७०९०० | | १६ | **प्रकोप ब्यव्थापनकोष खर्च** | १९७७३२४ | |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| ७ | जनसहभागिता (नगद) | | ० | १७ | अन्तर सरकारी खर्च | | ९६१६७१०९ |
| ८ | विषयगत निकायबाट प्राप्त | | ० | | सामाजिक सुरक्षा | ९२१८७४१६ | |
| ९ | धरौटी आय | | ५१४०४८० | | गरिबसँग विश्वेश्वर कार्यक्रम | ६६०००० | |
| | गत वर्षको मौज्दात धरौटी | ३९३००८५ | | | स्थानीयतह प्रशाकीय भवन | ३३१९६९३ | |
| | यस वर्षको धरौटी आय | १२१०३९५ | | १८ | चेक साट्न बाकी | (२७७४१९) | (२७७४१९) |
| १० | लगानीको साँवा फिर्ता | | | १८ | अनुदान फिर्ता | २३३०६५७३।१ | २३३०६५७३।१ |
| ११ | अन्य विविध आय | | | | | | |
| १२ | अन्तर सरकारी प्राप्त | | ९६१६७१०९ | | | | |
| | सामाजिक सुरक्षा | ९२१८७४१६ | | | | | |
| | गरिबसँग विश्वेश्वर कार्यक्रम | ६६०००० | | | | | |
| | स्थानीयतह प्रशाकीय भवन | ३३१९६९३ | | | | | |
| | जम्मा | | ५६५४६७०५१।२६ | | जम्मा | | ५६५४६७०५१।२६ |

| | | | | |
|---|---|---|---|---|
| ५ | | | वित्तीय विवरण | |

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को नियम ७२(२) मा नेपाल सरकारले निर्धारण गरे बमोजिमको आय र व्ययको वर्गीकरण तथा खर्च शीर्षक सम्बन्धी व्यवस्था अवलम्बन गर्नुपर्ने तथा नियम ७६(२) मा महालेखा परीक्षकबाट स्वीकृत भए बमोजिमको ढाँचामा लेखा राख्नुपर्ने व्यवस्था गरेकोमा यस पालिकाले २०७६।२।१९ मा महालेखापरीक्षकबाट स्वीकृत भएको सार्वजनिक क्षेत्र लेखामान (NPSAS) अनुसार लेखाङ्कन तथा प्रतिवेदन गर्नुपर्दछ । पालिकाले उपलव्ध गराएको स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं २७२) सम्बन्धमा निम्न अनुसार देखिएको छ।

५.१ **वित्तीय विवरणको यथार्थता**- पालिकाको आर्थिक कार्यप्रणालीको लेखाङ्कनको गर्न स्थानीय सञ्चित कोष व्यवस्थापन प्रणाली (सुत्र) प्रयोगमा रहेको छ । आर्थिक कारोबार गर्दा सुत्रको प्रयोग गरी सम्पूर्ण आर्थिक कारोवारको लेखाङ्कन तथा प्रतिवदेन गर्नुपर्दछ भने सोही प्रणालीबाट स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं २७२) तयार गर्नुपर्छ । पालिकाले सामाजिक सुरक्षा तथा संरक्षणको रु. ९,२१,८७,४१६। गरिबसंग विशेश्वर कार्यक्रम ६,६०,०००। र स्थानिय तह प्रशासकिय भवन पुर्वाधार विकास कार्यक्रम रू ३३,१९,६९३। समेत गरी रु ९,६१,६७,१०९। सुत्रमा लेखाङ्कन गरेको छैन । जसले गर्दा सुत्रबाट तयार भएको वित्तीय विवरणसमेत पूर्ण नहुँदा पालिकाको यथार्थ आर्थिक अवस्थाको चित्रण गरेको छैन । तसर्थ सबै आर्थिक कारोबार सुत्र मार्फत हुने र सबै कारोबार वित्तीय विवरणमा समावेश गर्ने व्यवस्था गर्नुपर्दछ ।

५.२ **बैङ्क हिसाब विवरण**- स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ७६ अनुसार पालिकाको कारोबार, आय व्ययको लेखा प्रणाली तथा राजस्व र खर्च शीर्षकको वर्गीकरणअनुसार लेखाङ्कन र बैङ्क हिसाब मिलान विवरण (म.ले.प.फा.नं.२१२) तयार गरी हिसाब भिडान समेत गर्नुपर्दछ । पालिकाले बैङ्क हिसाब मिलान विवरण तयार नगरेको कारण वर्षान्तमा स्रेस्ता र बैङ्क मौज्दात देहायअनुसार छ।

| **खाता** | **स्रेस्ताअनुसार मौज्दात रु.** | **बैङ्क स्टेटमेन्टअनुसार वर्षान्तको मौज्दात रु.** | **फरक रु.** |
|---|---|---|---|
| स्थानीय तह सञ्चित कोष खाता | ३७९८५८१।०६ | ३९९९६८५।४६ | २०११०४।४ |
| चालु खर्च खाता | ० | ० | ० |
| पुँजीगत खर्च खाता | (६२०००) | ० | ६२००० |
| विविध खर्च खाता | १४६१९२१ | ५५००७६ | (९११८४५) |
| प्रकोप व्यवस्थापन कोष खाता | १७६४७१ | १७६४७१ | ० |
| स्थानीय विभाज्य कोष | | | |
| विविध कोष खाता | १७४२६७ | १९०५१११।५ | १७३०८४४।५ |
| धरौटी | ३९१६२७५ | ३९१६२७५ | ० |

| | | | |
|---|---|---|---|
| ग१.१, आन्तरिक राजस्व खाता | | | |
| ग१.२, बाँडफाँडबाट प्राप्त राजस्व खाता | | | |
| **जम्मा** | **९४,६५,५१५।०६** | **१,०५,४७,६१८।९६** | **१०,८२,१०३।९** |

पालिकाले म.ले.फा.नं. २१२ तयार गरी स्रेस्ता र बैङ्कबीच हिसाब मिलान गर्नुपर्दछ ।

५.३ **फरक हिसाब**– यस पालिकाले सुत्रबाट तयार गरेको स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं.२७२) ले सबै कारोबार नसमेटेको कारण लेखापरीक्षणका क्रममा पालिकाबाट भएका सबै कारोबार समेटिने गरी एकीकृत आर्थिक विवरण तयार गर्न लगाइएकोमा उक्त दुई विवरणमा देहायअनुसार गत वर्षको जिम्मेवारी रु. २५ लाख ,यस वर्षको प्राप्ति रु. १२२७९२६८२ ,यस वर्षको भुक्तानी रु. ११९२६८९२७ र बैङ्क मौज्दात रु. १०,०९,४३९।९६ फरक परेको छ । सुत्रमा पालिकाको सम्पूर्ण आर्थिक कारोबारहरु समाविष्ट गरी म.ले.प.फा.नं.२७२ ले पालिकाको समष्टिगत आर्थिक कारोबारको यथार्थ अवस्था चित्रण गर्ने व्यवस्था गर्नुपर्दछ ।

| **विवरण** | **गतवर्षको जिम्मेवारी** | **यसवर्षको प्राप्ति** | **यसवर्षको भुक्तानी** | **बैङ्क मौज्दात** |
|---|---|---|---|---|
| सुत्र अनुसारको वार्षिक प्रतिवेदन म.ले.प.फा.नं.२७२) | १३४२८३३५।०१ | ४३१७४६०३४।१५ | ४३५७२३१६९।१० | ९४६५५१५ |
| एकीकृत आर्थिक विवरणअनुसार | १,०९,२८,३३५।०१ | ५५४५३८७१६।२५ | ५५४९९२०९६।३ | १०४७४९५४।९६ |
| **फरक** | **२५०००००** | **(१२२७९२६८२।१)** | **(११९२६८९२७।२०)** | **१०,०९४३९।९६** |

| | | | | |
|---|---|---|---|---|
| | | | उल्लेखित फरक रकम अनुसार प्रकोप व्यवस्थापन कोषमा आम्दानी बाध्दा रू.२० लाख गल्तिवस गत वर्षको अल्यामा आम्दानी वाधिएकोले, विविध कोष तर्फ ५ लाख प्राप्तिमा देखिनुपर्नेमा अल्यामा देखाएको, सामाजिक सुरक्षा तर्फ ९,६१,६७,१०९। C-Gas मार्फत भुक्तानी आदेश वाट खर्च गरिने भएकोले प्राप्तीमा नदेखिने, अनुदान फिर्ता २,३३,०६,५७३।१ (संघ तथा प्रदेशको) र चेक साट्न वाकी २,७७,४१९। रकम मात्र कायम हुने हुदा फरक देखिएको। | |
| ६ | | | **आन्तरिक नियन्त्रण प्रणाली**<br><br>आन्तरिक नियन्त्रण प्रणाली - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ वमोजिम आन्तरिक नियन्त्रण प्रणाली तयार गरि लागु गर्नुपर्ने व्यबस्था छ।पालिकाले त्यस्तो प्रणाली तयार गरी लागु गरेको पाईएन।जसले गर्दा पालिकाको आन्तरिक नियन्त्रण प्रणाली कमजोर रहेको र सोमाथि विश्वस्त हुन सक्ने अबस्था छैन । यस सम्वन्धमा देखिएका केही व्यहोरा देहाय बमोजिम रहेका छनः<br><br>• स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ अनुसार आफ्नो क्षेत्रभित्रको आधारभुत तथ्यांक संकलन, अभिलेखांकन र व्यवस्थापन गर्नुपर्नेमा गरेको पाईएन,<br><br>• बिभिन्न म ले प फा नं का अतिरिक्त आन्तरिक नियन्त्रण सम्बन्धी प्रयोजनका लागि निर्धारण गरिएको म ले प फा नं २०२ भुक्तानी कारोबारको सिफारिस पत्र पुर्णरुपमा प्रयोगमा ल्याएको पाइएन,<br><br>• पालिकाले कार्यक्रमगत तथा योजनागत खाता राखेको पाईएन । साथै पालिकाबाट यस वर्ष संचालित कार्यक्रम तथा योजनाको कार्यान्वयन र सेवा प्रवाह समेतको वार्षिक कार्यक्रम अनुसारको प्रगति प्रतिवेदन तयार गरेको पाईएन,<br><br>• अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा १७ बमोजिम मध्यकालीन खर्च संरचना तयार गर्नुपर्नेमा पालिकाले सो बमोजिमको मध्यकालीन खर्चको संरचना तयार गरेको पाईएन,<br><br>• विषयगत क्षेत्रमा संचालन हुने कार्यक्रममा बैठक भत्ता, भ्रमण भत्ता, तालिम, गोष्ठीतर्फ बढी केन्द्रीत भई वितरणमुखि रहँदा पुँजीगत निर्माणमुखी रहेको पाइएन,<br><br>• मुल्य अभिवृद्धि कर नियमावली २०५३ को नियम ६ क अनुसार ठेक्का सम्झौता र कर भुक्तानीको जानकारी सम्वन्धित आन्तरिक राजस्व कार्यालयलाई दिएको तथा इ टीडिएस पूर्ण रुपमा लागू गरेको पाइएन,<br><br>• कार्यालयले उद्देश्य प्राप्तिमा आइपर्ने सम्भावित जोखिमहरु पहिचान गरि निराकरणको प्रयास गरेको अभिलेख राखेको पाइएन, | |

• कुनै रकम भुक्तानी दिँदा रित पुगे वा नपुगेको जाँच गरी रसिद विल भरर्पाइहरुमा सिलसिलेवार नम्वर राखि कार्यालय प्रमुखले तोकेको कर्मचारीले भुक्तानी भएको जनाउने छाप समेत लगाई दस्तखत गरी प्रमाणित गर्नुपर्नेमा सो अनुसार गरेको पाईएन,

• अन्तर सरकारी वित्त व्यबस्थापन ऐन, २०७४ को दफा ३० को (३) बमोजिम नेपाल सरकार, प्रदेश तथा स्थानीय तहले बजेट कार्यान्यनको बार्षिक समिक्षा गरी तत्सम्बन्धी विवरण प्रत्येक बर्षको कार्तिक मसान्तभित्र सार्बजनिक गर्नुपर्ने व्यबस्थाको पालना गरेको पाइएन,

• स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७४(२) अनुसार सार्वजनिक खरिद नियमावली वनाई लागु गर्न सक्ने व्यवस्था भएकोमा वनाएको पाईएन,

• सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ अनुसार यस वर्ष कार्यसम्पन्न भएका आयोजना तथा कार्यक्रमहरु उपभोक्ता समितिलाई हस्तान्तरण गर्नुपर्नेमा गरेको पाईएन,

• संस्था दर्ता ऐन, २०३४ को दफा ३ अनुसार पालिकाबाट संचालन भएका विभिन्न योजना निर्माण गर्न गठन गरेका उपभोक्ता समिति उक्त ऐनको व्यवस्था अनुसार मान्यता प्राप्त हुने गरी दर्ता गरेको पाइएन,

• सञ्चालित योजनाको सूचना पाटीमा आय-व्यय, अपेक्षित र वास्तविक लाभका साथै उपभोक्ताको योगदान र कार्यसम्पादन लगायतका विषयमा स्पष्ट गरी सरोकारवाला सहितको सार्वजनिक सुनुवाई र सार्वजनिक परीक्षणलाई अनिवार्य गर्नु गराउनु पर्ने एवं रोयल्टी भुक्तानीका सबै प्रमाण सहित विल भर्पाई पेश गर्नुपर्नेमा अधिकांशतः पालना भएको पाईएन,

• वातावरण संरक्षणको एकिकृत दिर्घकालिन योजना तयार गरेको पाइएन,

• सुशासन (व्यवस्थापन तथा सञ्चालन) ऐन तथा नियमावली अनुसार नागरिक वडापत्रमा उल्लेखित सेवाहरुको कार्यान्वयन स्थिति अनुगमन गर्न अनुगमन संयन्त्र तय गरेको पाईएन,

• प्रचलित कानुन अनुसार लेखा समित गठन नगरेको, गठन गरे पनि म ले प प्रतिबेदनहरु सम्बन्धमा छलफल गरेको अभिलेख रहेको पाइएन,

• प्रदेश लोक सेवा आयोगको परामर्श लिएर कर्मचारीको स्तर बृद्धि गरेको पाइएन,

• फोहोरमैला व्यबस्थापन सचेतना कार्यक्रम संचालन गरेको पाइएन त्यस्तै फोहोर मैला बर्गीकरण, संकलन, ढुवानी तथा उत्सर्जनका कार्य व्यबस्थितरुपमा गरेको पाइएन भने स्थाई तथा वातावरण मैत्री डम्पिङ साइटको व्यबस्था गरेको पाइएन,

• सबै कर्मचारीलाई निजहरुले गर्नुपर्ने कामको कार्य विवरण वनाई लागु गरेको पाईएन,

| | | | | |
|---|---|---|---|---|
| | | | • सूचना अधिकारीको काम कर्तव्य र जिम्मेवारी सम्वन्धी निर्देशिका, २०७३ को दफा २५ मा सूचनाको माग सो अनुरुप सूचना प्रवाहको अवस्था वा सूचना दिन इन्कार गरेको अभिलेख व्यबस्थापन गरेको पाइएन,<br><br>• वातावरण संरक्षण ऐन, २०७६ को दफा ३ मा स्थानीय तहले नियमावलीको अनुसूची वमोजिम सडकहरु निर्माण, १०० मिटर सम्मको पुल, लिफ्ट सिँचाइ, सडक स्तरोन्नती लगायतका कार्यमा वातावरणीय अध्ययन गर्नुपर्ने र नगरेमा दफा ३५ वमोजिम रु. ५ लाखसम्म जरिवाना हुने व्यवस्था भएकोमा स्थानीय तह आफैले पालना नगरेको तथा पालना गराएको सम्वन्धी अभिलेख राखेको पाइएन,<br><br>• स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ९७ मा स्थानीय तहले सार्वजनिक सम्पत्तिको संरक्षण गर्नुपर्ने उल्लेख भएकोमा सोको अभिलेख राखेको पाइएन,<br><br>• सार्वजनिक सम्पत्ति व्यवस्थापनका लागि सार्वजनिक सम्पत्ति व्यवस्थापन प्रणाली (PAMS) पुर्ण रुपमा लागु गर्नु पर्नेमा नगरेको कारण पालिकाको सम्पुर्ण सार्वजनिक सम्पती तथा सोको मौद्रिक मुल्य सम्वन्धमा एकिन गरेको पाइएन,<br><br>• पालिकाले हालसम्म संगठन तथा व्यवस्थापन सर्वेक्षण गरेको पाइएन,<br><br>• विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७४ को दफा ४५ मा स्थानीय विपद् व्यवस्थापन समितिले गरेको कामको वार्षिक प्रतिवेदन जिल्ला विपद् व्यवस्थापन समिति तथा प्रदेश विपद् व्यवस्थापन कार्यकारी समिति समक्ष पेस गर्नुपर्ने व्यवस्था रहेकोमा प्रतिवेदन तयार गरी सम्बन्धित समितिमा पेस गरेको पाइएन,<br><br>• सार्वजनिक खरिद नियमावली २०६४ को नियम ९७ उपनियम (११) मा निर्माण कार्य सम्पन्न गरिसकेपछि तोकिएका व्यहोरा खुलाई कार्य सम्पन्न प्रतिबेदन तयार गरी अभिलेख राख्नुपर्ने व्यवस्था भएकोमा सो अनुसार गरेको पाइएन,<br><br>• स्थानीय तहले निर्माण व्यवसायी तथा उपभोक्ता समितिमार्फत कार्य गराएकोमा अधिकाँश कामको निर्माण कार्यमा प्रयोग हुने सामानको गुणस्तर परीक्षण गरेको पाइएन,<br><br>• स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २७ बमोजिम स्थानीय तहले भू-जोखिम संवेदनशीलताका आधारमा जग्गाको उपयोग सम्बन्धी मापदण्ड तोक्नुपर्ने र त्यस्तो मापदण्डको अधीनमा रही तोकेको क्षेत्रमा मात्र भवन निर्माण गर्न स्वीकृति दिन सक्ने व्यवस्था भएकोमा सो अनुसार गरेको पाइएन,<br><br>• राजस्व संकलन सम्बन्धमा सुचना प्रबिधिको प्रयोग गरी सबै कारोबार बैकिङ्ग प्रणाली मार्फत गर्ने गरेको देखिएन । स्थानीय राजस्व व्यवस्थापन प्रणाली प्रयोगमा आएतापनि सबै वडाबाट पनि सो अनुसार गर्ने गरी पुर्णरुपमा कार्यान्वयनमा आएको पाइएन,<br><br>• स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७१ मा गाउपालिकाले आफ्नो अधिकारक्षेत्रभित्रका विषयमा स्थानीयस्तरको विकासका लागि आवधिक वार्षिक रणनीतिगत विषय क्षेत्रगत मध्यकालीन तथा दीर्घकालीन विकास योजना तयार गरी कार्यान्वयनमा ल्याएको पाईएन, | |

| | | | | |
|---|---|---|---|---|
| | | | • स्थानीय तहले आफ्नो क्षेत्रमा कार्यान्वयन हुने आयोजनाको बिश्लेषण गरी सम्भाब्य आयोजनाको बैंक खडा गरेको पाइएन,<br><br>• दिगो बिकास योजना (सन २०१५-३०) लाई कार्यान्वयन गर्ने सन्दर्भमा लक्ष्यलाई आन्तरिकीकरण गर्ने र मध्यकालिन लक्ष्यहरु तोकि मुल्याङ्कन गर्ने कार्य भए गरेको पाइएन,<br><br>• सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन कार्यविधि, २०७५ को परिच्छेद २ दफा ७.१ मा भत्ता प्राप्त गरिरहेका लाभग्राहीहरुले आगामी आर्थिक वर्षमा पनि भत्ता लिन चाहेमा दफा ६ को उपदफा १ मा उल्लेखित समयावधिभित्र वडा कार्यालयमा दरखास्त दिनुपर्ने व्यवस्था भएकोमा सो को पालना भएको पाइएन,<br><br>• सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन कार्यविधि, २०७५ को परिच्छेद ८ दफा २८ मा सामाजिक सुरक्षा कार्यक्रमको नियमित अनुगमन मुल्याङ्कन तथा सुपरीवेक्षण गर्न स्थानीय स्तरको अनुगमन तथा सुपरीवेक्षण समिति गठन गर्नुपर्ने व्यवस्था भएकोमा उक्त समिति गठन नगरेको तथा अनुगमन मुल्यांकनको कार्य भएको पाइएन,<br><br>• सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन कार्यविधि,२०७५ को परिच्छेद ९ (क) मा आगामी आर्थिक वर्षमा भत्ता प्राप्त गर्नेहरुको विवरण सम्बन्धित वडा समितिहरुको सिफारिसका आधारमा स्थानीय सभामा पेश गर्नुपर्छ भन्ने व्यवस्था रहेकोमा कार्यालयले लाभग्राहीहरुको विवरण सभामा पेश गरेको पाइएन,<br><br>• सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन कार्यविधि, २०७५ को परिच्छेद ९ (घ) मा सामाजिक सुरक्षा भत्ता प्राप्त गर्ने लाभग्राहिहरुको नाम नामेसि स्थानीय तहको वेवसाइटमा राख्नुपर्ने व्यवस्था रहेकोमा कार्यालयले उक्त कार्यविधिको पालना गरेको पाइएन,<br><br>• सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन कार्यविधि,२०७५ को परिच्छेद ९ दफा ३४ मा पालिकाले नयाँ नाम दर्ता चौमासिक भत्ता वितरण सम्बन्धि विवरण सार्वजनिक गर्नुपर्ने व्यवस्था भएता पनि कार्यालयले उक्त विवरणहरु सार्वजनिक गरेको देखिने गरी प्रमाण राखेको पाइएन,<br><br>• सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन कार्यविधि ,२०७५ को परिच्छेद ९ दफा ३५ मा वडा समितिले प्रत्येक चौमासिकमा कम्तीमा एकपटक सामाजिक सुरक्षा कार्यक्रम सम्बन्धमा सार्वजनिक सुनुवाई गर्नुपर्ने र प्राप्त गुनासा तथा सुझावहरु सम्वोधन गर्नुपर्ने उल्लेख भएकोमा सो को पालना भएको पाइएन,<br><br>• यस पालिकामा समाहित भएका साविकका गाउँ विकास समिति तथा नगरपालिकाको नाममा रहेको पेश्की तथा बेरुजु अभिलेख समायोजन गरी नियमानुसार पेश्की फस्यौंट तथा बेरुजु सम्परीक्षण गरी बेरुजू लगत तथा सम्परीक्षणको अभिलेख अध्यावधिक गरी राख्नु पर्नेमा राखेको पाइएन,<br><br>तसर्थ आन्तरिक नियन्त्रण प्रणाली तयार गरी पालिकाको कार्य संचालन तथा व्यबस्थापनलाई प्रभाबकारी बनाउनु पर्दछ । | |
| ७ | | | **बजेट पेश, पारित र अख्तियारी** | |

स्थानीय तह संचालन ऐन, २०७४ को दफा ७१ मा स्थानीय तहले आगामी आर्थिक वर्षको राजश्व र व्ययको अनुमान कार्यपालिकाबाट स्वीकृत गराई असार १० गते भित्र पेश गर्ने र यसरी पेश भएको बजेट छलफल गरी असार मसान्तभित्र सभाबाट पारित गर्नुपर्ने व्यवस्था छ । सोही ऐनको दफा ७३ मा सभाबाट बजेट स्वीकृत भएको ७ दिनभित्र स्थानीय तहका प्रमुखले प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गर्नुपर्ने व्यवस्था छ । यस स्थानीय तहमा उपाध्यक्ष श्री .डम्बरी देवि ओलीले मिति २०७७।०३।१० गते रु. ४३ करोड २३ लाख ९७ हजारको बजेट सभा समक्ष पेश गरेकोमा मिति २०७७।०३।११ मा पारित भएको छ । यसैगरी स्थानीय तहका प्रमुखले २०७७८।०४।०१ मा प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गरेको देखिन्छ । कानूनले तोकेको समयमा अख्तियारी दिनेतर्फ ध्यान दिनुपर्दछ।

८ **बजेट तथा कार्यक्रम तर्जुमा**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६७(१) मा ४ सदस्यीय बजेट तथा कार्यक्रम तर्जुमा समिति गठन गरी आगामी वर्षको नीति तथा कार्यक्रम, बजेट तथा कार्यक्रम, कार्यक्रमको प्राथमिकीकरण, विषय क्षेत्रगत कार्यक्रम, योजना तथा कार्यक्रममा दोहोरोपना हुन नदिई आपसी तादाम्यता तथा परिपूरकता कायम गर्नुपर्ने व्यवस्था अनुसार समिति गठन गरेको भएता पनि आगामी आर्थिक वर्षको नीति तथा कार्यक्रम, कार्यक्रमको प्राथमिकीकरण, कार्यक्रमबीच परिपूरकता कायम गरेको समेत नदेखिएकाले बजेट तर्जुमा गर्दा ऐनमा भएको व्यवस्थाको परिपालनामा ध्यान दिनुपर्दछ।

९ **त्रैमासिक पूँजीगत खर्च**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३५ बमोजिम स्वीकृत भएको कार्यक्रममा त्रैमासिक प्रगति विवरण वनाई पेश गर्नुपर्ने र त्रैमासिक कार्यलक्ष्य तथा कार्यक्रम बमोजिम कार्यसम्पादन सम्पन्न गरी कार्यक्रम कार्यान्वयन गर्नुपर्ने व्यवस्था छ। कार्यालयले उपलव्ध गराएको विवरण अनुसार चौमासिक खर्चको स्थिति देहाय बमोजिम छ।

| क्र.स | बजेट उपशिर्षक | कुल खर्च | चौमासिक खर्च (रु. हजारमा) | | | |
|---|---|---|---|---|---|---|
| | | | प्रथम चौमासिक | दोस्रो चौमासिक | तेश्रो चौमासिक | आषाढ महिना |
| १ | चालु खर्चतर्फ | ३१३९८१ | ५५८४२ | ७५४५२ | १८२६८७ | १००५५४ |
| २ | पूँजिगत खर्च | ११६१०२ | ९०१५ | २३४०५ | ८३६८२ | ५१५६६ |
| | जम्मा | ४३००८३ | ६४८५७ | ९८८५७ | २६६३६९ | १५२१२० |
| | प्रतिशत | ८ | १५.०९ | २२.९८ | ६१.९३ | ३५.३७ |

<table>
<tr><td></td><td></td><td></td><td>पालिकाले उपलब्ध गराएको विवरणअनुसार बार्षिक रु.४३,००,८३,०००। निकासा भएकोमा प्रथम चौमासिकमा रु.६,४८,५७,०००। अर्थात १५.०९ प्रतिशत, दोश्रो चौमासिकमा रु. ९,८८,५७,०००। अर्थात २२.९८ प्रतिशत र तेश्रो चौमासिकमा रु.२६,६३,६९,०००। अर्थात ६१.९३ प्रतिशत खर्च गरेको देखिएको छ । यसरी नै आषाढ महिनामा मात्र रु.१५,२१,२०,०००। अर्थात ३५.३७ प्रतिशत खर्च देखिनुले आषाढमा आएर खर्चको चाप बढेको देखिएकाले सन्तुलित खर्च व्यवस्थापन भएको देखिएन। स्वीकृत कार्यक्रम अनुसार चौमासिक रुपमा सन्तुलित खर्च हुने गरी कार्यक्रम कार्यान्वयन गरिनुपर्दछ ।</td><td></td></tr>
<tr><td>१०</td><td></td><td></td><td>खर्च बिश्लेषण<br><br>पालिकाले यस बर्ष कुल आन्तिरक आयबाट रु. १८,१८,९९४। राजस्व बाँडफाँडबाट रु. ७,१२,४२,००२।२५ र अनुदानबाट रु. ३७,९२,२९,३१६। समेत रु.४५,२२,९०,३१२।२५ आम्दानी भएकोमा चालु तर्फ रु. ३१,३९,८१,०००। र पूँजिगत तर्फ रु.११,६१,०२,४३१। गरि रु. ४३,००,८३,४५१।१० खर्च भएको छ। खर्च मध्ये आन्तरिक आयको हिस्सा ०.४२ प्रतिशत रहेको छ। यसबर्ष पदाधिकारी सुबिधामा रु. ५७,७३,५००। खर्च भएको छ। पालिकालाई प्राप्त भएको सबै अनुदान र राजस्व बाँडफाँडको रकमबाट ७३ प्रतिशत चालु र २७ प्रतिशतमात्र पूँजिगत निर्माणमा खर्च भएको देखिन्छ। यसबाट पालिकाहरुले बिकास निर्माण प्रयोजनमा न्युन खर्च गरेको प्रशासनिक प्रयोजनमा बढि खर्च भएको देखिन्छ । प्रशासनिक खर्च नियन्त्रण गर्दै प्राप्त अनुदान र राजस्व बाँडफाँडको रकम अधिकरुपमा बिकास निर्माण प्रयोजनमा परिचालन गरिनुपर्दछ।</td><td></td></tr>
<tr><td>११</td><td></td><td></td><td>लक्ष्य प्रगति<br><br>आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३५ मा वजेट तथा कार्यक्रम कार्योन्वयन गर्ने प्रत्येक कार्यालयले अनुसुची — २ वमोजिमको ढाचाँमा त्रैमासिक प्रगति विवरण तयार गर्नुपर्ने व्यवस्था छ। पालिकाले चौमासिक प्रगती विवरण बनाई पेश गर्नुपर्नेमा स्थानीय स्तरका ३३९ योजनाको नियम बमोजिमको उल्लिखत ढाँचामा चौमासिक प्रगती विवरण तयार गरेको देखिएन। बजेट खर्च गर्ने तथा खर्चको तोकिएको ढाँचामा बार्षिक प्रगति विवरण तयार नगर्ने प्रमुख प्रशासकीय अधिकृतलाई जिम्मेवार बनाउनुपर्दछ ।<br><br>
<table>
<tr><th rowspan="2">कार्यक्रम/योजना</th><th rowspan="2">कुल कार्यक्रम</th><th colspan="4">वार्षिक प्रगति स्थिती</th></tr>
<tr><th>शून्य प्रगती</th><th>२५%सम्म प्रगति</th><th>५०% सम्म प्रगति</th><th>७५% सम्म प्रगति</th></tr>
<tr><td>कार्यक्रम संख्या</td><td>३३९</td><td>२४</td><td>०</td><td>१</td><td>३१४</td></tr>
</table></td><td></td></tr>
<tr><td>१२</td><td></td><td></td><td>क्षेत्रगत बजेट र खर्चको स्थिति</td><td></td></tr>
</table>

स्थानीय तहले एकीकृत, समानुपातिक र दिगो विकासका क्षेत्रगत रुपमा समानुपातिक बजेट विनियोजन गरी खर्च गर्नुपर्ने हुन्छ । यस पालिकाको २०७८।७९ को क्षेत्रगत बजेट र खर्चको स्थिति देहायअनुसार रहेको देखिन्छ ।

| **क्र.स** | **क्षेत्र** | **बजेट** | **खर्च** | **खर्च प्रतिशत** |
|---|---|---|---|---|
| | | | | **जम्मा खर्चको तुलनामा** |
| १ | आर्थिक विकास | ५३९५६००० | ४३६८६३१३ | १०.१५ |
| २ | पूर्वाधार विकास | ५०२३४००० | २९३७४७६५ | ६.८३ |
| ३ | सामाजिक विकास | ३१८६१६००० | २७९१६४९०५.९ | ६४.९२ |
| ४ | सुशासन तथा अन्तरसम्बन्धित क्षेत्र | ३९००००० | ३०६०११५ | ०.७१ |
| ५ | कार्यालय संचालन तथा प्रशासनिक | ८९६३१००० | ७४७९७३५२.२ | १७.३९ |
| **जम्मा** | | ५१६३३७००० | ४३००८३४५१.१ | |

उपरोक्त विवरण अनुसार सभाले विनियोजन गरेको बजेट मध्ये सबैभन्दा बढी सामाजिक विकासमा ६४.९२ प्रतिशत र घटीमा सुशासन तथा अन्तरसम्बन्धित क्षेत्र ०.७१ प्रतिशत रहेको छ ।

१३ **शैक्षिक गुणस्तर**

सामुदायिक विद्यालयको शैक्षिक गुणस्तर सुधारको नीति तथा कार्यक्रम, २०७५ अनुसार सामुदायिक विद्यालयको शैक्षिक गुणस्तर सुधार नीति तथा कार्यक्रम कार्यान्वयन गर्दा स्थानीय सरकारको अग्रणी भुमिका हुने व्यवस्था अनुरूप सामुदायिक विद्यालयको शैक्षिक गुणस्तर सुधार मार्फत नागरिकको छनौटको विद्यालयको रूपमा विकास गरी समाजमा सामुदायिक विद्यालयको ख्याति स्थापित गर्न स्थानीय तहले बाल विकास केन्द्रहरूको पुनर्वितरण तथा सञ्चलनमा सुधार, पाठ्यक्रम तथा पाठ्यसामाग्रीमा समसामयिक सुधार, प्रधानाध्यापकहरूको व्यवस्थापकीय एवम् नेतृत्व क्षमता बढाउने, शिक्षक छनौट प्रक्रियामा सुधार, शिक्षक तालिम तथा पेसागत विकासलाई सुद्रिढिकरण, शिक्षक प्रशंसा तथा प्रोत्साहनको व्यवस्था गरी उत्प्रेरणा अभिवृद्धि, शिक्षकको वृत्ति विकास प्रणालीमा परिवर्तन, विद्यार्थी मुल्यांकन प्रणालीमा सुधार, विद्यालय र नागरिकबीच सुमधुर सम्बन्ध, सहयोग र सहकार्य तथा प्राविधिक तथा व्यवसायिक शिक्षामा सुधार जस्ता कुराहरूलाई समेटि शैक्षिक गुणस्तर मापन मापदण्ड तयार गरी लागु गर्नुपर्नेमा सो सम्बन्धि कुनै पनि कार्य गरेको देखिएन। यसमा सुधारका लागि पालिकाको ध्यान जानु पर्दछ।

१४ **बरबुझारथ**

अर्थ मन्त्रालयको मिति २०७३।१२।२५ को आर्थिक कारोबार तथा खाता सञ्चालन सम्बन्धमा थप स्पष्ट पारिएको परिपत्रको दफा १७ बमोजिम यस पालिका तथा पालिकामा समाहित भएका साविकका गाउँ विकास समिति तथा नगरपालिकाको नाममा रहेको पेश्की तथा बेरुजु अभिलेख समायोजन भएको पालिकामा कायम गरी नियमानुसार पेश्की फस्यौंट तथा बेरुजु सम्परीक्षण कार्य गर्नुपर्नेमा यस पालिकामा समाहित भएका साबिकका विषयगत कार्यालयको बेरुजू लगत तथा सम्परीक्षणको अभिलेख गाउँपालिकाले एकिन गरी अध्यावधिक नगरेकोले पालिकाले उक्त व्यवस्थाको कार्यान्वयन गर्नुपर्दछ ।

१५ **स्थानीय तथ्याङ्क, अभिलेख तथा स्रोत नक्साङ्कन**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ बमोजिम स्थानीयतहले आफ्नो क्षेत्रभित्रको आधारभुत तथ्याङ्क संकलन, अभिलेख र सोको व्यवस्थापन गर्नुपर्ने तथा आफ्नो क्षेत्रभित्रको शैक्षिक, भौगोलिक अवस्था, प्राकृतिक श्रोत अन्तर्गत खानी, जंगल तथा अन्य श्रोत, पूर्वाधार अन्तर्गत सडक, पुल, खानेपानी लगायतको अभिलेख तथा श्रोत नक्साङ्कनसहितको पालिकाको प्रोफाइल तयार गर्नुपर्ने व्यवस्था छ। पालिकाले स्थानीय तथ्याङ्क सम्बन्धी नीति, कानून र सोको मापदण्ड बनाएको तथा स्रोत नक्साङ्कन गरेको देखिएन। स्थानीय तहका हरेक प्राथमिकीकरणका क्रियाकलाप सञ्चालनमा तथ्याङ्कले महत्वपूर्ण भुमिका खेल्ने हुँदा सोको संकलन र अभिलेख राख्ने कार्यमा पहल हुनु आवश्यक छ। तथ्याङ्कवेगर प्राथमिकतामा राखिएका योजना, बजेट, प्रक्रिया र कार्यान्वयनले उचित सार्थकता नपाउने हुँदा यस तर्फ पालिकाले अभिलेख ब्यवस्थापनमा ध्यान दिनुपर्दछ।

१६ **सेवाप्रवाहको स्थिति**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ अनुसार स्थानीय तहले आफ्नो अधिकारक्षेत्र भित्रका विषयमा ऐन बनाउन तथा सोको अधिनमा रही आवश्यकता अनुसार नियम, निर्देशिका, कार्यविधि र मापदण्ड बनाई कार्यान्वयनमा ल्याउन सक्ने ब्यवस्था अनुसार १३ वटा ऐन, ६ वटा नियमावली, १ आचारसहिता, १ विधेयक, १ मापदण्ड र १८ बटा कार्यबिधि स्वीकृत गरी कार्यान्वयनमा ल्याएको छ। यस वर्ष पालिकाबाट निम्नाअनुसार सेवाप्रवाह गरेको विवरण प्राप्तभएको छ।

| **विवरण** | **जम्मा** |
|---|---|
| स्वीकृत घरनक्सा दर्ता पास | १ |
| **पञ्जिकरणतर्फ** | |
| जन्मदर्ता | ६६५ |
| मृत्युदर्ता | १४८ |
| बसाईसराई दर्ता | ६० |

| | | | | |
|---|---|---|---|---|
| | | | <table><tr><td>विवाह दर्ता</td><td>१७४</td></tr><tr><td>सम्बन्धविच्छेद दर्ता</td><td>२</td></tr><tr><td>**पूर्वाधार विकास सडक निर्माण**</td><td></td></tr><tr><td>कालोपत्रे सडक निर्माण</td><td>०</td></tr><tr><td>कालोपत्रे सडक मर्मत</td><td>०</td></tr><tr><td>ग्राभेल सडक निर्माण</td><td>०</td></tr><tr><td>ग्राभेल सडक मर्मत</td><td>0</td></tr></table><br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ अनुसार पालिकाबाट प्रदान गरिने सेवाप्रवाहमध्ये पञ्जिकरण बाहेकका अन्य सेवा सञ्चालनमा सन्तोष जनक देखिएन। | |
| १७ | | | **योजना छनौट र कार्यान्वयन**<br><br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४ बमोजिम स्थानीय तहले योजना बनाउँदा सहभागितमूलक, उत्पादनमूलक र प्रतिफल प्राप्त योजना छनौट गरि प्राथामिकीकरण गर्नुपर्ने व्यवस्था छ। सभाबाट स्वीकृत बार्षिक गाउँ विकास योजना २०७८÷७९ को अध्ययन गर्दा पालिकाले स्वीकृत गरी सञ्चालन गरेको अधिकांश योजना न्यून बजेट भएका र लागत प्रभावी हुने किसिमले संचालन गरेको पाइएन। पालिकाले यस वर्ष संचालन गरेका योजना देहाय अनुसार छन्।<br><br><table><tr><td>रु. १ लाख सम्म</td><td>रु. १ लाख देखि २ लाखसम्म</td><td>रु. २ लाखदेखि ५ लाखसम्मका</td><td>रु. ५लाख देखि १० लाखसम्मका</td><td>रु. १० लाखभन्दा बढीको</td><td>जम्मा</td></tr><tr><td>५०</td><td>१००</td><td>१५४</td><td>१५</td><td>२०</td><td>३३९</td></tr></table><br>उपरोक्त विवरण अनुसार पालिकाले यस वर्ष रु. १० लाख भन्दा बढीका २० वटा योजना सचालन गरेकोमा रु. १ लाख देखि १० लाख सम्मका जम्मा २६९ वटा योजना संचालन गरेकोमा रु. १ लाख भन्दा मुनिका मात्र ५० वटा योजनाहरु रहेका छन् । त्यसैले साना रकमका धेरै योजनाहरु संचालन गर्दा कार्यालयको जनशक्ति वर्षै भरि योजना व्यवस्थापनमा खटिनु पर्ने, संचालित योजनाबाट प्रतिफल भन्दा चालु प्रकृत्तिका कार्यमा बढी खर्च भई लागत प्रभावी नहुने तथा निर्माण कार्यको गुणस्तरमा समेत नकारात्मक असर पर्ने अवस्था तर्फ ध्यान दिनु पर्दछ । | |

| | | | | |
|---|---|---|---|---|
| १८ | | | **संस्थागत विद्यालय अनुगमन**<br><br>पालिकाले आफ्नो क्षेत्रभित्रका निजी बिद्यालयको नियमित अनुगमन मुल्याँङ्कन गर्नुपर्दछ । गाँउपालिका भित्र ९ निजी विद्यालय सञ्चालनमा रहेको जानकारी प्राप्त भएपनि सञ्चालित निजी विद्यालयहरूको अनुगमन नगर्दा निजी विद्यालयको दर्ता, अनुमती, शैक्षिक शुल्क तथा पढाइको स्थिति जस्ता विषयमा पालिकामा अभिलेख रहेको पाइएन। त्यस्ता विद्यालयहरू कानुनतः दक्षतापुर्वक सञ्चालन भए नभएको सम्बन्धमा पालिकाले समय समयमा अनुगमन गरी प्रतिवेदन पेश गर्नुपर्दछ। | |
| १९ | | | **न्यायीक समिति**<br><br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ४६ देखि ५३ सम्म अधिकार क्षेत्र तथा न्याय सम्पादन प्रक्रियाको व्यवस्था गरेको छ। समितिमा परेको उजुरीमध्ये मेलमिलाप प्रकृतिका आधारमा विवाद दर्ता भएको ३ महिनाभित्र टुङ्गो लगाउने व्यवस्था छ। तर लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार गतबर्ष फस्यौंट वा कारबाही किनारा गरी टुङ्गो लगाउन बाँकी २ र यो बर्ष थप भएको ३ गरी कुल ५ विवाद दर्ता भएकोमा २ वटा मात्र फस्यौंट भई ३ बाँकी देखिन्छ। न्याय सम्पादन प्रक्रियालाई ऐनले तोकेको म्यादभित्र फस्यौंट वा कारबाही किनारा गरी टुङ्गो लगाउनुपर्दछ। | |
| २० | | | **स्थानीय तहका पदाधिकारी सुविधा**<br><br>नेपालको संविधानको धारा २२७ मा गाँउ सभा तथा नगरसभाका सदस्यले पाउने सुविधाका सम्बन्धमा प्रदेश कानूनबमोजिम हुने ब्यवस्था अनुसार सुदुरपश्चिम प्रदेश सभाले स्थानीय तहका पदाधिकारी तथा सदस्यहरुको सुविधा सम्बन्धी ऐन, २०७५ जारी गरेको छ। उक्त ऐनमा भएको ब्यवस्था अनुसार पालिकाबाट देहाय बमोजिम रु. ५७,७३,५००। सुविधा वापत भुक्तानी भएको छ । | |

| सिनं | विवरण | प्रमुख/ अध्यक्ष | उपप्रमुख/ उपाध्यक्ष | वडाअध्यक्ष ५ जना | कार्यपालिका सदस्य ६ जना | सभाका सदस्य १५ जना | जम्मा |
|---|---|---|---|---|---|---|---|
| १ | बैठक भत्ता | ३१००० | ३१००० | २७०००० | २७८००० | ४५०००० | १०६०००० |
| २ | यातायात खर्च | ० | ० | ० | १३२००० | २१०००० | ३४२००० |
| ३ | टेलिफोन, मोबाइल | ७२००० | ६०००० | २१०००० | २१६००० | ३६०००० | ९१८००० |
| ४ | पुस्तक, पत्रीका, ईन्टरनेट | ६०००० | ५४००० | २४०००० | २१६००० | ३६०००० | ९३०००० |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| ५ | समन्वय तथा सहजीकरण | १०८००० | ८४००० | ३६०००० | ३६०००० | ५४०००० | १४५२००० |
| ६ | अतिथि सत्कार | १२०००० | १०८००० | ३५००० | ० | ० | २६३००० |
| ७ | खानेपानी, बिजुली सरसफाई | ४२००० | ३६००० | १२०००० | १४४००० | १८०००० | ५२२००० |
| ८ | चाडपर्व खर्च | २५००० | २२५०० | ८०००० | ५४००० | १०५००० | २८६५०० |
| | **जम्मा** | ४५८००० | ३९५५०० | १३१५००० | १४००००० | २२०५००० | ५७७३५०० |

उक्त सुविधाको रकम पालिकाको कुल आय रू.४५,२२,९०,३१२।२५ को १.२८ प्रतिशत भएको देखिन्छ।

२१ **खाना तथा विविध खर्च**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ बमोजिम व्ययको बजेट अनुमान आन्तरिक आयको परिधिभित्र रही औचित्यताको आधारमा विविध खर्च गर्नुपर्ने व्यवस्था छ । तर पालिकाले यस वर्ष खाना तथा विविधतर्फ रु. ८,९४,०००। खर्च गरेको छ। उक्त खर्च पालिकाको कुल आन्तरिक आय रू.१८,१८,९९४। को ४९.१५ प्रतिशत भएको देखिन्छ।

२२ **आर्थिक सहायता**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ मा स्थानीय तहको रकमबाट आर्थिक सहायता, चन्दा, पुरस्कार एवं संस्थागत अनुदान वितरण गर्न पाउने व्यवस्था रहेको देखिंदैन। तर पालिकाले यस वर्ष रु.७,८४,०००। आर्थिक सहायता वितरण गरेको देखिन्छ। उक्त खर्च पालिकाको कुल आन्तरिक आय रू.१८,१८,९९४। को ४३.१० प्रतिशत भएको देखिन्छ। आर्थिक सहायता खर्च लेख्दा मापदण्ड र कार्यविधि तयार गरी मितव्ययीरूपमा गर्ने व्यवस्था हुनुपर्दछ।

२३ **अन्य कार्यालयको खर्च**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ ले प्रमुख प्रशासकीय अधिकृतले स्वीकृत बजेट खर्च गर्दा नियमितता, मितव्यिता, प्रभावकारिता, कार्य दक्षता र औचित्यता समेतको आधारमा खर्च गर्नु पर्ने व्यवस्था छ। पालिकाले आफ्नो कार्य क्षेत्र भन्दा वाहिरको कार्यालय तथा संघ संस्थाको लागि बजेट विनियोजन गरी गरिएको

| | | | | |
|---|---|---|---|---|
| | | | निम्नानुसार खर्च मितव्ययी र बजेट प्रभावकारी भएको देखिएन। गाउँपालिकामा यस्तो प्रकृतीको खर्चले थप व्ययभार वढ्दै जाने देखिन्छ। यस्तो प्रकृतीको खर्चमा नियन्त्रण गर्नुपर्दछ। | |

| क्र.स. | कार्यलय वा संस्थाको नाम | कामको प्रकृतिको | भुक्तानी रकम |
|---|---|---|---|
| १ | नेपाल प्रहरी (प्रहरि पोष्ट ५) | मासिक ईन्धन | १० लि |
| | **जम्मा खर्च बार्षिक** | | **६०० लिटर** |

२४

**अनुदान फिर्ता, वितरण र उपयोग**

पालिकामा अनुदान फिर्ता, वितरण र उपयोग को स्थिति देहायबमोजिम रहेको छ।

| अनुदान प्रदान गर्ने निकाय | अनुदानको प्रकार | प्राप्त रकम | खर्च रकम | फिर्ता रकम | बाँकी रकम |
|---|---|---|---|---|---|
| संघीय सरकार | शसर्त | २३८२३६८५१।९ | २१५०४६७०३।८० | २३१९०१४८।१ | ० |
| | विषेश | ९८७०२०३ | ९७५३७७८ | ११६४२५ | ० |
| | समपुरक | ० | ० | ० | ० |
| | अन्य | ० | ० | ० | ० |
| प्रदेश सरकार | शसर्त | ६८६७८२५ | ६८६७८२५ | ० | ० |
| | विषेश | ३९७६७९१ | ३९७६७९१ | ० | ० |
| | समपुरक | १९६५०७२ | १९६५०७२ | ० | ० |
| | अन्य | ० | ० | ० | ० |

| | | | | | |
|---|---|---|---|---|---|
| | जम्मा | २६०९१६७४३ | २३७६१०१६९।८० | २३३०६५७३।१० | ० |

२५

**सवारीसाधन खरिद**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४, केन्द्रीय सरकार र तालुक संघीय मन्त्रालयको परिपत्र, निर्देशन समेतको आधारमा आफ्नो आन्तरिक आम्दानीबाट मात्र सवारी साधन खरिद गर्नु भनिएकोमा केन्द्रीय सरकारको वित्तिय समानिकरण अनुदानको मौज्दात रकमबाट भुक्तानी दिन मिल्ने देखिदैन। अर्थ मन्त्रालयको स्थानीय तहमा बजेट तर्जुमा कार्यान्वयन आर्थिक व्यवस्थापन तथा सम्पती हस्तान्तरण सम्बन्धी निर्देशिका, २०७४ को निर्देशन नं. ५.१५ अनुसार नेपाल सरकारबाट उपलब्ध गराइएको बजेट तथा स्रोत साधनबाट कार्यालयको नियमित प्रयोजनको लागि सवारी साधन खरिद गर्न नपाईने व्यवस्था छ। लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार पालिकाले २ थान दुई पांग्रे सवारि साधन खरिदमा रु. ६,७७,५०६। खर्च गरेका छन् । निर्देशिका विपरित खर्च गर्नु मनासिब देखिएन।

| सि.नं | सवारी साधन | संख्या | रकम |
|---|---|---|---|
| १ | मोटरसाइकल | २ | ६,७७,५०६। |
| २ | कार/जीप | ० | ० |
| ३ | डोजर/लोडर | ० | ० |
| | **जम्मा** | २ | **६,७७,५०६।** |

२६

**धरौटी तर्फ**

९५२,१७३

सार्वजनिक खरिद नियमावली, २०६४ का नियम १२४ मा निर्माण कार्यको त्रुटी सच्याए पछि वा त्रुटी सच्याउने अबधि सकिए पछि र सम्बन्धित आन्तरिक राजश्व कार्यालयमा कर बिबरण पेश गरेको प्रमाण कागजात पेश गरे पछि धरौटी फिर्ता दिने उल्लेख छ । यसै सम्बन्धमा आन्तरिक राजश्व बिभागको परिपत्र अनुसार कट्टा गरिएको धरौटी रकम फिर्ता दिँदा मूल्य अभिबृद्धि कर समायोजन पत्र धरौटी फिर्ता माग गर्ने करदाताले रकम भुक्तानीको लागि जारी गरेको बिजक बमोजिमको कारोबार आफ्नो बिक्री खातामा प्रबिष्ट गरेको र सो अनुसार मूल्य अभिबृद्धि कर बिवरण पेश गरेको भनि प्रमाणित गर्ने पत्र तथा कर चुक्ता प्रमाणपत्र करदाताबाट पेश भइ सके पछि मात्र धरौटी बापतको रकम फिर्ता दिने व्यबस्था गर्न परिपत्र गरेकोमा यस कार्यालयले निर्माण कार्यको भुक्तानी दिँदा कट्टा गरेको धरौटी फिर्ता दिँदा मूल्य अभिबृद्धि कर समायोजनको पत्र तथा सम्बन्धित आर्थिक बर्षको कर चुक्ता प्रमाण बेगर नै धरौटी फिर्ता दिएको देखिन्छ । नियम तथा परिपत्रले तोकेको प्रमाण बेगर धरौटी फिर्ता दिने कार्य मनासिब देखिएन । तोकिए अनुसार प्रमाण पेश हुनुपर्ने रु

| क्र सं | गो भौ/ मिति | धरौटी फिर्ता पाउने | कैफियत | धरौटी फिर्ता रु. |
|---|---|---|---|---|

| | | | | |
|---|---|---|---|---|
| १ | २/०७८।६।१ | जयलक्ष्मी निर्माण सेवा | मू अ कर समायोजनको पत्र नभएको | २,८२,४५७। |
| २ | ३/०७८।६।२० | मगेलेश्वर निर्माण सेवा | मू अ कर समायोजनको पत्र नभएको, कर चुक्ता प्रमाण पत्र नभएको | २०,६१६। |
| ३ | ५/०७८।८।१ | प्रियन्का निर्माण सेवा | मू अ कर समायोजनको पत्र नभएको | २,२१,०५१। |
| ४ | ८/०७८।९।१९ | माडव्य कन्स्ट्रक्सन प्रा लि | मू अ कर समायोजनको पत्र नभएको | १,९१,५८०। |
| ५ | ९/०७८।९।१२ | माया निर्माण सेवा | मू अ कर समायोजनको पत्र नभएको | २,३६,४६९। |
| | | | जम्मा | ९,५२,१७३। |

| | | | | |
|---|---|---|---|---|
| २७ | | | **पेश्की व्यवस्थापन** | |
| २७.१ | | | तल तालिकामा उल्लेखित पेश्कीमध्ये राष्ट्रपति शैक्षिक सुधार कार्यक्रमलगायतबाट दिएको पेश्की २०७८।७९ कै बार्षिक कार्यक्रममा परेको रकम सोही बर्ष खर्च गरी काम सम्पन्न गर्नु पर्नेमा तल तालिकामा उल्लेखित क्र सं १४ देखि ३२ सम्ममा उल्लेखित बिद्यालयमध्ये चारलाई दिएको पेश्की रु.२,६६,५३,०००। मध्ये रु.३२,५३,००। मात्र म्याद नाघेको पेश्की कायम गरी रु.१,९५,६०,०००। अन्य पेश्कीलाई म्याद ननाघेको पेश्कीमा कायम गरेको देखियो ।यस आ ब मा सम्पन्न हुनुपर्ने कार्यक्रम अनुसारको पेश्की फस्र्यौट नभएकोले कार्यक्रम रहेकै आ ब मा पेश्की फस्र्यौट गर्ने व्यबस्था हुनुपर्दछ । | |
| २७.२ | | | आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को परिच्छेद-५ मा पेश्की दिने र फस्र्यौट गर्ने सम्बन्धी कार्यविधि उल्लेख छ ।यसका अतिरिक्त निर्माण व्यबसायीलाई मोबिलाइजेसन प्रयोजनका लागि दिएको पेश्की उक्त नियमावली र सार्वजनिक खरिद नियमावली,२०६४ को नियम ११३ (५) बमोजिम फस्र्यौट हुनुपर्ने रु | ५,६९८,८७६ |

| सि.नं. | पेश्की लिएको मिति | गो. भौ. | पेश्कीको विवरण | पेश्की लिने व्यक्ती, फर्म वा कम्पनीको नाम | खर्च उपशिर्षक | जम्मा बाँकी पेश्की | | |
|---|---|---|---|---|---|---|---|---|
| | | | | | | म्याद ननाघेको | म्याद नाघेको | जम्मा |
| | निर्माण व्यबसायी | | | | | | | |
| 1. | २०७८/०४/०१ | १ | सम्पुरक कोष | न्यू ड्राईगन - जय माँ स्वर्गद्वारी जे.भी. | ३११५९ | १२४८०००. | ०. | १२४८००० |
| 2. | २०७८/०४/०१ | १ | सम्पुरक कोष | न्यू ड्राईगन जय मा स्वर्गद्धारी जे भी | ३११५९ | ८०४८५२. | ०. | ८०४८५२ |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| 3. | २०७९/०२/१३ | २७० | कोल्डरुम पोर्टवल कोल्ड च्याम्बर निर्माण | भुवनेश्वरी निर्माण सेवा एण्ड सप्लायर्स | ३११५९ | ११२०००. | ०. | ११२००० |
| 4. | २०७९/०३/१२ | ३०१ | कोल्डरुम पोर्टवल कोल्ड च्याम्बर निर्माण | भुवनेश्वरी निर्माण सेवा एण्ड सप्लायर्स | ३११५९ | ११२०००. | ०. | ११२००० |
| 5. | २०७८/०७/३० | ३ | कैलपाल आधारभूत विद्यालय भवन निर्माण | माण्डव्य कन्स्ट्रक्सन प्रा.लि. | ३१११२ | ७३८०२७ | ०. | ७३८०२७ |
| 6. | २०७८/०९/०१ | ११ | कैलपाल आधारभूत विद्यालय भवन निर्माण | माण्डव्य कन्स्ट्रक्सन प्रा लि | ३१११२ | ७३८०२७ | ०. | ७३८०२७ |
| | जम्मा | | | | | ३७५२९०६ | ०. | ३७५२९०६ |
| | उपभोक्ता समिति | | | | | | | |
| 7. | २०७८/०४/०१ | १ | झो.पु, नवदुर्गा गाउँपालिका, डडेलधुरा | ओराडखेत झोलुङ्गे पुल नि उ समिति | ३११५९ | ० | ५३३३७६ | ५३३३७६ |
| 8. | २०७८/०४/०१ | १ | झो.पु, नवदुर्गा गाउँपालिका, डडेलधुरा | ओराडखेत झोलुङ्गे पुल नि उ समिति | ३११५१ | ० | ५००००० | ५००००० |
| 9. | २०७८/०४/०१ | १ | झो.पु, नवदुर्गा गाउँपालिका, डडेलधुरा | कपुरपानी झोलुङ्गे पुल नि उ समिति | ३११५१ | ० | ४००००० | ४००००० |
| 10. | २०७९/०३/१९ | ९० | झो.पु, नवदुर्गा गाउँपालिका, डडेलधुरा | टुडिवास स्टिल ट्रस पुल निर्माण समिति | ३११५१ | २६८६३९ | ० | २६८६३९ |
| 11. | २०७९/०३/१९ | ९० | झो.पु, नवदुर्गा गाउँपालिका, डडेलधुरा | तल्लो कालिगाड झोलुङ्गे पुल निर्माण | ३११५१ | ३३७६२४ | ० | ३३७६२४ |
| 12. | २०७९/०३/१९ | ९० | झो.पु, नवदुर्गा गाउँपालिका, डडेलधुरा | बान्डिडा स्टिल निर्माण योजना | ३११५१ | २१७१५६ | ० | २१७१५६ |
| | जम्मा | | | | | ८२३४१९ | १४३३३७६ | २२५६७९५ |
| | संस्थागत | | | | | | | |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| 13. | २०७८/०४/०१ | १ | समपुरक कोष | ग्रामीण बाताबरण बिकास केन्द्र | ३११५९ | ० | १२०००० | १२०००० |
| | जम्मा | | | | | ० | १२०००० | १२०००० |
| | अन्तरगत निकाय | | | | | | | |
| 14. | २०७८/०४/०१ | १ | विद्यालय कक्षाकोठा निर्माण अनुदान | भुवनेश्वरी मा वि असुर्पा | ३१११२ | ०. | १०००००. | १००००० |
| 15. | २०७८/०४/०१ | १ | विद्यालय कक्षाकोठा निर्माण अनुदान | भुवनेश्वरी मा वि असुर्पा | ३११११ | ०. | १०१०००० | १०१०००० |
| 16. | २०७८/०४/०१ | १ | राष्ट्रपति शैक्षिक सुधार कार्यक्रम | भुवनेश्वरी मा वि असुर्पा | २२५२२ | ०. | ३४३०००. | ३४३००० |
| 17. | २०७९/०२/२७ | ८० | विद्यालय कक्षाकोठा निर्माण अनुदान | श्री विजयासैनी माध्यमिक विद्यालय चामाचौड | ३१११२ | १२०००००. | ०. | १२००००० |
| 18. | २०७९/०३/१२ | ८२ | विद्यालय कक्षाकोठा निर्माण अनुदान | श्री भुमिराज प्रावि दावली | ३१११२ | ६०००००. | ०. | ६००००० |
| 19. | २०७९/०३/१२ | ८२ | विद्यालय कक्षाकोठा निर्माण अनुदान | श्री वीर बलभद्र माध्यमिक विद्यालय नवदुर्गा १ कोटेली | ३१११२ | ६०००००. | ०. | ६००००० |
| 20. | २०७९/०३/१२ | ८३ | विद्यालय कक्षाकोठा निर्माण अनुदान | श्री वीर बलभद्र माध्यमिक विद्यालय नवदुर्गा १ कोटेली | ३१११२ | ६०००००. | ०. | ६००००० |
| 21. | २०७९/०३/२२ | ९३ | विद्यालय कक्षाकोठा निर्माण अनुदान | भुवनेश्वरी मा वि असुर्पा | ३१११२ | १२०००००. | ०. | १२००००० |
| 22. | २०७९/०३/२५ | १०२ | विद्यालय कक्षाकोठा निर्माण अनुदान | भुवनेश्वरी मा वि असुर्पा | ३१११२ | २४०००००. | ०. | २४००००० |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| 23. | २०७९/०३/२५ | १०२ | विद्यालय कक्षाकोठा निर्माण अनुदान | श्री भुमिराज प्रावि दावली | ३१११२ | १२०००००. | ०. | १२००००० |
| 24. | २०७९/०३/२५ | १०२ | विद्यालय कक्षाकोठा निर्माण अनुदान | श्री वीर बलभद्र माध्यमिक विद्यालय नवदुर्गा १ कोटेली | ३१११२ | २४०००००. | ०. | २४००००० |
| 25. | २०७९/०२/२५ | ७९ | विद्यालय कक्षाकोठा निर्माण अनुदान | भुमिराज आधार विद्यालय दावली | ३१११२ | १२०००००. | ०. | १२००००० |
| 26. | २०७९/०२/२५ | ७९ | विद्यालय कक्षाकोठा निर्माण अनुदान | मणिलेक बालकल्याण माध्यमिक विद्यालय | ३१११२ | १२०००००. | ०. | १२००००० |
| 27. | २०७९/०३/१५ | ८६ | विद्यालय कक्षाकोठा निर्माण अनुदान | गौडेश्वर माध्यमिक विद्यालय | ३१११२ | १२०००००. | ०. | १२००००० |
| 28. | २०७९/०३/२५ | १०२ | विद्यालय कक्षाकोठा निर्माण अनुदान | गौडेश्वर माध्यमिक विद्यालय | ३१११२ | २४०००००. | ०. | २४००००० |
| 29. | २०७९/०३/२५ | १०२ | विद्यालय कक्षाकोठा निर्माण अनुदान | बिजैसैनी माध्यमिक विद्यालय चामा | ३१११२ | २४०००००. | ०. | २४००००० |
| 30. | २०७९/०३/२५ | १०२ | विद्यालय कक्षाकोठा निर्माण अनुदान | भुमिराज आधार विद्यालय दावली | ३१११२ | २४०००००. | ०. | २४००००० |
| 31. | २०७९/०३/२५ | १०२ | विद्यालय कक्षाकोठा निर्माण अनुदान | मणिलेक बालकल्याण माध्यमिक विद्यालय | ३१११२ | २४०००००. | ०. | २४००००० |
| 32. | २०७८/०४/०१ | १ | राष्ट्रपति शैक्षिक सुधार कार्यक्रम ( दोश्रो पटक) | भुवनेश्वरी मा वि असुर्पा | २२५२२ | ० | १८००००० | १८००००० |
| | जम्मा | | | | | २३४००००० | ३२५३००० | २६६५३००० |
| | व्यक्तिगत | | | | | | | |
| 33. | २०७८/०४/०१ | १ | आवास व्यवस्था कार्यक्रम | गणेश भुल | ३११११ | २९४०० | | २९४०० |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| 34. | २०७८/०४/०१ | १ | आवास व्यवस्था कार्यक्रम | टेक बहादुर साउँद | ३११११ | २९४०० | | २९४०० |
| 35. | २०७८/०४/०१ | १ | जग्गा खरिद मुक्त हलिया पुनर्स्थापना | टिका भुल | ३११११ | | ८७५०० | ८७५०० |
| 36. | २०७८/०४/०१ | १ | जग्गा खरिद मुक्त हलिया पुनर्स्थापना | दम्वा लोहार | ३११११ | | २२७५०० | २२७५०० |
| 37. | २०७८/०४/०१ | १ | आवास व्यवस्था कार्यक्रम | दिल वहादुर कैनी | ३११११ | २९४०० | | २९४०० |
| 38. | २०७८/०४/०१ | १ | जग्गा खरिद मुक्त हलिया पुनर्स्थापना | नरी भुल | ३११११ | | ८७५०० | ८७५०० |
| 39. | २०७८/०४/०१ | १ | आवास व्यवस्था कार्यक्रम | पदमे लुहार | ३११११ | २९४०० | | २९४०० |
| 40. | २०७८/०४/०१ | १ | जग्गा खरिद मुक्त हलिया पुनर्स्थापना | पार्बती भुल | ३११११ | | ८७५०० | ८७५०० |
| 41. | २०७८/०४/०१ | १ | आवास व्यवस्था कार्यक्रम | भुमी लुहार | ३११११ | २९४०० | | २९४०० |
| 42. | २०७८/०४/०१ | १ | आवास व्यवस्था कार्यक्रम | मुना देवि वि क | ३११११ | २९४०० | | २९४०० |
| 43. | २०७८/०४/०१ | १ | आवास व्यवस्था कार्यक्रम | रघुनाथ दमाइ ढोली | ३११११ | २९४०० | | २९४०० |
| 44. | २०७८/०४/०१ | १ | आवास व्यवस्था कार्यक्रम | राम सिह दमाइ | ३११११ | २९४०० | | २९४०० |
| 45. | २०७८/०४/०१ | १ | घर निर्माण मुक्त हलिया पुनर्स्थापना | लक्ष्मि देबी भुल | ३११११ | | ८७५०० | ८७५०० |
| 46. | २०७८/०४/०१ | १ | जग्गा खरिद मुक्त हलिया पुनर्स्थापना | लक्षी दमाई | ३११११ | | ८७५०० | ८७५०० |
| 47. | २०७८/०४/०१ | १ | आवास व्यवस्था कार्यक्रम | लाल टामाटा | ३११११ | २९४०० | | २९४०० |
| 48. | २०७८/०४/०१ | १ | आवास व्यवस्था कार्यक्रम | वहादुरसिह बुढाऐर | ३११११ | २९४०० | | २९४०० |
| 49. | २०७८/०४/०१ | १ | आवास व्यवस्था कार्यक्रम | वासु देव कैनी | ३११११ | २९४०० | | २९४०० |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| 50. | २०७८/०४/०१ | १ | आवास व्यवस्था कार्यक्रम | विस्ना देवी बुढाऐर | ३११११ | २९४०० | | २९४०० |
| 51. | २०७८/०४/०१ | १ | आवास व्यवस्था कार्यक्रम | सेतु लुहार | ३११११ | २९४०० | | २९४०० |
| 52. | २०७८/०४/०१ | १ | घर निर्माण मुक्त हलिया पुनर्स्थापना | हरु देवी लुहार | ३११११ | | २२७५०० | २२७५०० |
| 53. | २०७८/०८/०२ | ४ | सुरक्षित नागरिक आवास कार्यक्रम | कमल सिह रैकाल | ३११११ | २९४०० | | २९४०० |
| 54. | २०७८/०८/०२ | ४ | सुरक्षित नागरिक आवास कार्यक्रम | चन्द्र बहादुर भुल | ३११११ | २९४०० | | २९४०० |
| 55. | २०७८/०८/०२ | ४ | सुरक्षित नागरिक आवास कार्यक्रम | चम्फा भुल | ३११११ | २९४०० | | २९४०० |
| 56. | २०७८/०८/०२ | ४ | सुरक्षित नागरिक आवास कार्यक्रम | भिम भुल | ३११११ | २९४०० | | २९४०० |
| 57. | २०७८/०८/०२ | ४ | सुरक्षित नागरिक आवास कार्यक्रम | राम बहादुर बुढाऐर | ३११११ | २९४०० | | २९४०० |
| 58. | २०७८/०८/०२ | ४ | सुरक्षित नागरिक आवास कार्यक्रम | लाल बहादुर बुढाऐर | ३११११ | २९४०० | | २९४०० |
| 59. | २०७८/०८/०२ | ४ | सुरक्षित नागरिक आवास कार्यक्रम | लोक बहादुर साउँद | ३११११ | २९४०० | | २९४०० |
| 60. | २०७८/०८/०२ | ४ | सुरक्षित नागरिक आवास कार्यक्रम | हर्क बुढाऐर | ३११११ | २९४०० | | २९४०० |
| 61. | २०७८/०८/०२ | ५ | सुरक्षित नागरिक आवास कार्यक्रम | पार्वती देवी भुल | ३११११ | २९४०० | | २९४०० |
| 62. | २०७८/०८/०२ | ६ | सुरक्षित नागरिक आवास कार्यक्रम | इन्नरी देवी दमाई | ३११११ | २९४०० | | २९४०० |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| 63. | २०७८/०८/०२ | ६ | सुरक्षित नागरिक आवास कार्यक्रम | गौरी कुमारी अवस्थी | ३११११ | २९४०० | | २९४०० |
| 64. | २०७८/०८/०२ | ६ | सुरक्षित नागरिक आवास कार्यक्रम | परुवा लुहार | ३११११ | २९४०० | | २९४०० |
| 65. | २०७८/०८/०२ | ७ | सुरक्षित नागरिक आवास कार्यक्रम | गुमा देवी विष्ट | ३११११ | २९४०० | | २९४०० |
| 66. | २०७८/०८/०२ | ७ | सुरक्षित नागरिक आवास कार्यक्रम | पुतली देवि टमटा | ३११११ | २९४०० | | २९४०० |
| 67. | २०७८/०८/०२ | ७ | सुरक्षित नागरिक आवास कार्यक्रम | भान बहादुर दमाई | ३११११ | २९४०० | | २९४०० |
| 68. | २०७८/०८/०२ | ७ | सुरक्षित नागरिक आवास कार्यक्रम | लोक ताम्राकार | ३११११ | २९४०० | | २९४०० |
| 69. | २०७८/०८/०२ | ७ | सुरक्षित नागरिक आवास कार्यक्रम | सुन्नरी चुनारा | ३११११ | २९४०० | | २९४०० |
| 70. | २०७८/०८/०२ | ७ | सुरक्षित नागरिक आवास कार्यक्रम | समुद्रा देवी लुहार | ३११११ | २९४०० | | २९४०० |
| 71. | २०७८/०८/०२ | ७ | सुरक्षित नागरिक आवास कार्यक्रम | सरु देवी विष्ट | ३११११ | २९४०० | | २९४०० |
| 72. | २०७८/०८/०२ | ७ | सुरक्षित नागरिक आवास कार्यक्रम | सिता देवी टमटा | ३११११ | २९४०० | | २९४०० |
| 73. | २०७८/०८/०२ | ७ | सुरक्षित नागरिक आवास कार्यक्रम | हरि शकर साउँद | ३११११ | २९४०० | | २९४०० |
| 74. | २०७८/०८/०२ | ७ | सुरक्षित नागरिक आवास कार्यक्रम | हरि सिह पौडेल | ३११११ | २९४०० | | २९४०० |
| जम्मा | | | | | | १०२९००० | ८९२५०० | १९२१५०० |

| | | | | |
|---|---|---|---|---|
| | | | कुल जम्मा | २९००५३२५ | ५६९८८७६ | ३४७०४२०१ | |

२८

**कृषि पकेट कार्यक्रम**

प्रधानमन्त्री कृषि आधुनिकिकरण परियोजना, परियोजना कार्यान्वयन म्यानुअल २०७७ को बुदाँ नं. ४.१.४ अनुसार कार्यक्रम सञ्चालनको लागि न्युनतम क्षेत्रफल/संख्या निर्धारण गर्ने, कार्यक्रम सञ्चालनको लागि लक्षित समुदाय/वर्ग छनौट गर्ने, तालिम तथा क्षमता विकास कार्यक्रम तथा उत्पादन मुलक कार्यक्रम सञ्चालन गर्ने, सम्बन्धित कृषकसँग सम्झौता गरेर मात्र अनुदान उपलब्ध गराउने, कार्यक्रमको नियमित अनुगमन तथा चौमासिक र वार्षिक प्रगति प्रतिवेदन तयार गरी सम्बन्धित निकायमा पेश गर्नुपर्ने व्यवस्था छ। पकेट विकास कार्यक्रममा यस आर्थिक वर्षमा ५० प्रतिशत अनुदानमा रू.३०,६९,०००। खर्च भएको छ। पालिकाले एकिकृतरूपमा पकेट विकास हुने गरि कार्यक्रम सञ्चालन नगरि पटक पटक कृषि औजार र विउ विजन खरिदको आधारमा अनुदान उपलब्ध गराइ खर्च गरेको देखियो। खर्च रकमको अनुगमन, मासिक तथा चौमासिक प्रगति प्रतिवेदन तयार गरेको छैन। जसबाट भुक्तानी रकम तोकीएको कार्यक्रममा खर्च भएको नभएको तथा म्यानुअल अनुसार पकेट निर्माण हुने नहुने एकिन हुन र गरिएको खर्चबाट अपेक्षित प्रतिफल प्राप्त हुने देखिदैन। अतः कार्यक्रम सञ्चालन म्यानुअलले तोकेको प्रक्रिया पुरा गरी प्रतिफल प्राप्त हुने गरी खर्च गर्नेतर्फ ध्यान दिनुपर्दछ। केहि उदाहरणहरू निम्न अनुसार छन्।

| क्र.स. | गो.भौ.नं.र मिति | पकेट कार्यक्रमको नाम | भुक्तानी पाउने कृषक समुहको नाम | भुक्तानी रकम |
|---|---|---|---|---|
| १ | ६१-२०७८।१०।५ | आलु पकेट | बाबा समैजी कृषक समुह | १,६३,९००। |
| २ | ६२-२०७८।१०।५ | आलु पकेट | मष्टा भुकिदेव वहुउदेश्यिय कृषक समुह | २,७१,५००। |
| **जम्मा** | | | | ४३५४००। |

२९

**दिवा खाजा**

आर्थिक वर्ष २०७८।७९ को लागि शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयबाट स्वीकृत कार्यक्रम कार्यान्वयन पुस्तिका २०७८।७९ को अनुसूची ४ (ख) मा ४ देखि ९ बर्ष उमेरका बालबालिकाकालागि दैनिक आवश्यक पर्ने वृहत र सूक्ष्म पोषक तत्वको मात्रा तोकिएको छ। त्यसै गरि उक्त अनुसूचिले दिवा खाजा व्यवस्थापन सम्बन्धमा दिवा खाजाका लागि स्थानीय स्तरमा उत्पादन हुने खाद्यान्न प्रयोग गरी विद्यालयमा दिवा खाजा तयार गरी विद्यार्थिलाई उपलब्ध गराउने र विद्यालय व्यवस्थापन समितिले अभिभावक आमा समूह मार्फत खाजा व्यवस्थापनको प्रत्यक्ष रेखदेख तथा अनुगमनको व्यवस्था मिलाउन सक्ने र दिवा खाजाका लागि विद्यार्थिलाई नगद उपलब्ध नगराउने उल्लेख छ । पालिकाले शसर्त अनुदानबाट कुल २८ विद्यालयका लागि दिवा खाजा बापत रु. १,१२,४४,८६२। विद्यालयको खातामा रकम निकासा गर्ने गरेको पाइयो। दिवा खाजा कार्यक्रमको लक्ष्य बमोजिम खर्च भएको सम्बन्धमा पालिकाले अनुगमन गरेको पाईएन। यसरी निकासा गरेको रकमको सदुपयोग भए नभएको र विद्यार्थिहरुले तोकिए बमोजिमका पौष्टिकयुक्त खाने कुरा पाए नपाएको सम्बन्धमा पालिका र अन्य कुनै

निकायबाट अनुगमन हुने गरेको नदेखिएकोले राज्यले गरेको लगानीको सही सदुपयोग भएको छ छैन एकिन हुन सकिएन । पालिका र यस सँग सम्वन्धित निकायले अनुगमन गरि सहि सदुपयोगको सुनिश्चिता गर्नु पर्दछ।

३०

**शिक्षक दरवन्दी र पदपुर्ति**

स्थानीय तह अन्तर्गत रहेका सामुदायिक विद्यालयहरूमा दरबन्दी अनुसार शिक्षकको पदपुर्ति भई नियमित पठनपाठनको व्यवस्था हुनुपर्दछ। यस स्थानीय तह अन्तर्गत विभिन्न तहका २८ सामुदायिक विद्यालयको शिक्षक दरवन्दी र पदपुर्तिको अवस्था एवं विद्यार्थीको संख्या निम्नाअनुसार रहेको छ। सवै बिद्यालयमा तोकिए अनुसार शिक्षक बिद्यार्थी अनुपात मिलाउनु पर्ने देखिन्छ।

| सि.नं | विद्यालयको संख्या | शिक्षक दरबन्दी | पदपुर्ति | पदपुर्ति मध्ये करार | विद्यार्थी संख्या | प्रति शिक्षक बिद्यार्थी अनुपात |
|---|---|---|---|---|---|---|
| १ | २८ | १६० | १६० | ७९ | ६,०१२ | १:३७ |

३१

**शिक्षक विद्यार्थी अनुपात**

स्थानीय तहमा रहेका सामुदायिक विद्यालयहरूमा दरबन्दी अनुसार शिक्षकको पदपुर्ति भई नियमित पठनपाठनको व्यवस्था हुनुपर्दछ। विद्यालय समायोजन कार्यान्वयन निर्देशिका, २०७० ले न्युन विद्यार्थी भएका विद्यालयलाई जिल्ला शिक्षा समन्वय अधिकारीको शिफारिसमा जिल्ला शिक्षा समितिले वन्द गरी अर्को पायक पर्ने विद्यालयमा नियमानुसार समायोजन गर्न सक्ने उल्लेख छ। निर्देशिकाको बुंदा नं. १४.१ मा विद्यालय समायोजन सम्बन्धी कार्यक्रम कार्यान्वयनका लागी विद्यालयको तथ्यांक संकलन गरी सम्भाव्यता अध्ययन गर्नुपर्ने व्यवस्था छ। यस पालिका अन्तर्गत रहेका २८ सामुदायिक विद्यालयमध्ये प्राप्त विवरण अनुसार देहायका विद्यालयको शिक्षक विद्यार्थी अनुपात निम्नानुसार रहेको देखिन्छ।

| सि.न. | विद्यालयको नाम | शिक्षक दरबन्दी | पदपुर्ति | विद्यार्थी संख्या | शिक्षक विद्यार्थी अनुपात |
|---|---|---|---|---|---|
| १ | श्री दुर्गा प्रावि सुवाकोट | ३ | ३ | ४३ | १:१४ |
| २ | श्री विजयासैनी प्रावि महेशपुर | २ | २ | ३७ | १:१८ |
| ३ | श्री त्रिपुरासुन्दरी प्रावि ककडपानी | ३ | ३ | ६५ | १:२१ |

| | | | | | |
|---|---|---|---|---|---|
| ४ | श्री भुमिराज प्रावि दावली | ४ | ४ | १०२ | १:२५ |
| ५ | श्री मष्टावजिनाथ आवि डाँडावन | ५ | ५ | १३६ | १:२७ |
| ६ | श्री भुमिराज प्रावि बडम | ३ | ३ | ११२ | १:३७ |
| ७ | श्री बीरबलभद्र मावि कोटेली | ७ | ७ | ५७७ | १:८२ |
| ८ | श्री नवदुर्गा मावि चिल्फी | ४ | ४ | ४३४ | १:१०८ |
| ९ | श्री कैलपाल प्रावि तल्लागाँउ | २ | २ | २५५ | १:१२७ |

यस गाँउपालिकामा रहेका विद्यालयमध्ये उल्लेखित विद्यालयमा शिक्षक विद्यार्थी अनुपात १:१४ देखि १:१२७ सम्म रहेको प्राप्त विवरणवाट देखिन्छ। सो अनुसार कतिपय विद्यालयमा शिक्षक दरवन्दी न्युन अवस्थामा रहेको र कतिपयमा न्युन विद्यार्थी संख्या रहेका कारण प्रति विद्यार्थी लागत वढ्न गएको अवस्था देखिन्छ। अतः न्युन विद्यार्थी संख्या भएको विद्यालय समायोजन एवं शिक्षक दरवन्दी मिलान गरी पठनपाठन व्यवस्थित गर्न सम्बन्धित निकायले ध्यान दिनुपर्दछ।

३२ **महङ्गी भत्ता** ४४,०००

सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको परिपत्र, नेपाल सरकार-मन्त्रिपरिषदको मिति २०७४।१।२१ को निर्णय अनुसार सवै निकायहरुमा एकरुपता कायम हुनेगरी स्वीकृत दरवन्दी भित्र करारका कर्मचारीहरुलाई महङ्गी भत्ता दिने भन्ने कुनै व्यवस्था नरहेकोमा नवदुर्गा गाँउपालिका करारमा कार्यरत निम्न ३ कर्मचारीलाई मासिक रू.२,०००। का दरले जम्मा मंहङ्गी भत्ता वापत रू. ४४,०००। भुक्तानी भएकोले उक्त रकम असुल गर्नुपर्ने रू.

| **क्र.स.** | **कर्मचारिको नाम र पद** | **रकम** |
|---|---|---|
| १ | उद्यम विकास सहजकर्ता अम्भिका धामी | २४,०००। |
| २ | उद्यम विकास सहजकर्ता<br>राजेन्द्र बहादुर बिष्ट | ४,०००। |
| ३ | उद्यम विकास सहजकर्ता श्री ममता बुढा | १६,०००। |
| **जम्मा** | | ४४,०००। |

| | | | | |
|---|---|---|---|---|
| ३३ | | | **प्रधानमन्त्रि रोजगार कार्यक्रम**<br><br>स्थानीय तहमा सुचिकृत व्यक्तिलाई न्युनतम रोजगारी प्रत्याभुत गराउन एवम सामुदायिक पुर्वाधारहरूको विकास मार्फत नागरिकको जीवनयापनमा सुधार ल्याउने उदेश्यले स्थानिय तहभित्र प्रधानमन्त्रि रोजगार कार्यक्रम सञ्चालनमा रहेको छ। प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालन निर्देशिका, २०७५ को दफा २(१) बमोजिम सुचिमा समावेश भएकाहरूलाई प्राथमिकरण गरि कामका लागि रोजगार कार्यक्रम सञ्चालन गराई रोजगार दिनुपर्ने व्यवस्था रहेकोमा, कार्यालयले वेरोजगारहरूको प्राथमिकरण गर्ने सुचक तय नगरेको कारण पर्न आएका वेरोजगारी निवेदनलाई छानविन गरि वेरोजगारको तथ्याङ्क एकिन गर्न सकेको देखिएन। श्रमिकको संख्या पनि अत्याधिक रहेकोले कार्यक्रमको उदेश्य अनुरूप रोजगार उपलब्ध गराउन नसकिएका कारण लक्ष्य हासिल गर्ने गरि कार्यक्रम कार्यान्वयन भएको पाइएन। यस कार्यक्रम अन्तर्गत स्थानिय तहभित्रका वडाहरूमा तटबन्ध निर्माण, बाटो निर्माण, पर्खाल निर्माण, नाली निर्माण, मन्दिर निर्माण, कुलो निर्माण, ताल संरक्षण कार्य, खेल मैदान निर्माण लगायतका कार्यक्रम सञ्चालन गरि ९६२ जनालाई औषतमा ९५ दिन रोजगारी उपलब्ध गराई श्रमिक ज्याला प्रशासनिक खर्च तथा कार्यक्रम खर्च रू. ५,३०,०७,०००। खर्च गरेको छ। उक्त खर्चबाट लक्षित वर्गमा अल्पकालीन रोजगारी सृजना भएतापनि कामको दिगोपना तथा दिर्घकालीन रोजगारी सिर्जना भएको देखिदैन। रोजगारी सृजना सहित स्थानीय तहमा भौतिक पुर्वाधार विकास तथा स्वरोजगार क्षमता अभिवृद्धि गर्ने मुख्य लक्ष्य रहेको उक्त कार्यक्रममा रोजगारमुखी योजना कार्यान्यिन गर्दा वजेट, वेरोजगारीको संख्या र सम्भाव्य योजना समेत मिल्ने गरि कार्यक्रम छनौट एवँ स्वीकृत गरेर कार्यक्रम कार्यान्वयन गर्नुपर्नेमा सो वेगर वजेट खर्च भएको छ। यस्तो प्रक्रियामा सुधार हुनुपर्दछ। | |
| ३४ | | | **विद्यालयको लेखापरीक्षण**<br><br>गो.भौ.नं. ५२ मिति २०७८।९।२५ पालिकाले मातहतका विद्यालयहरुको तोकिएको समयमा लेखापरीक्षण गराउनु पर्दछ। आ.व २०७८।७९ मा २८ सामुदायिक विद्यालयको लेखापरीक्षणको लागी रू.३,१५,०००। भुक्तानी भएको देखिन्छ। पालिकाले २८ वटै विद्यालयले वुझाएको लेखापरिक्षण प्रतिवेदन उपर आवश्यक छलफल तथा कारबाही गरी देखिएका व्यहोरामा सुधार गर्नु पर्दछ। | |
| ३५ | | | **सिकाई सहजिकरण**<br><br>गो.भौ.नं. ७३ मित २०७८।१०।९ कार्यक्रम कार्यान्वयन निर्देशिका २०७८।७९ अनुसार विद्यालयलाई दिने अनुदान एकिन संख्याका आधारमा अनुदान दिई पालिकाको शिक्षा शाखाबाट नियमित अनुगमन गर्नुपर्ने व्यवस्था छ। पालिकाबाट कोभिड-१९ का कारण उत्पन्न परिस्थितिमा सिकाई सहजिकरणका लागि शैक्षिक कार्यक्रम अन्तर्गत ७ विद्यालयलाई सशर्त चालु शिर्षकवाट रू. ४,००,०००। र वित्तीय समानिकरण पुजिगत शिर्षकवाट रू. १,५९,८९०। गरि जम्मा रू. ५,५९,८९०। को ल्यापटप सामग्री वितरण गरेकोमा उक्त सामाग्रीको सहि सदुपयोग भए नभएको सम्बन्धमा शिक्षा शाखाबाट अनुगमन भएको पाईएन। पालिकाले उक्त सामग्रिको सदुपयोग भए नभएको एकिन गर्न अनुगमन गर्ने तर्फ ध्यान दिनुपर्ने देखिन्छ। | |
| ३६ | | | **न्यानो झोला**<br><br>स्थानिय तहको कार्यक्रम संचालन मार्गदर्शन ,२०७८ ले न्यानो झोला आपुर्ति भैसकेपछी स्पेसिफिकेसन अनुसार गुणस्तर भए नभएको एकीन गरी गुणस्तर चेक जाँच गराई भुक्तानी दिनु पर्ने उल्लेख छ। यस पालिकाले मातृ तथा नवजात शिसु कार्यक्रम अन्तर्गत आमा सुरक्षा गर्भवती उत्प्रेरणा सेवा न्यानो झोला कार्यक्रमबाट | |

देहायबमोजिमका न्यानो झोला खरिद गरेको पाईयो ।पालिकाले खरिद गरेका न्यानो झोला स्पेशिफिकेशन र गुणस्तर बमोजिमका थिए थिएनन खुल्ने प्रमाण नरहेकोले खरिद गरिएका न्यानो झोला गुणस्तर सम्वन्धमा सुनिश्चित हुने आधार रहेन। साथै न्यानो झोला बितरण गरी उपयोग गरेको सुनुश्चित हुने प्रमाण कागजात समेत रहेका पाइएन । यस सम्बन्धमा सुधारका लागि पालिका लगायत सरोकारवाला सबैको ध्यान जान आबश्यक देखिन्छ।

| क .सं. | गो भौ नं र मिति | संख्या | दर | रकम (मू .अ कर सहित) |
|---|---|---|---|---|
| १ | २३४, २०७९/१/९ | ३००। | ८९२।७ | २,६७,८१०। |

३७

**सेनीटरी प्याड खरिद**

पालिकाले निम्न गो.भौ.नं. र मितिमा निम्न सप्लायर्सबाट प्रति प्याकेट रू. ७८।५२ (मु. अ. कर सहित) का दरले कुल रू. १२,४२,५७०।५० । (मु. अ. कर सहित) भुक्तानी गरी स्यानिटरी प्याड खरिद गरेको छ। खरिद गरेकामध्ये ३२,५६०थान (४०७० प्याकेट) स्यानीटरी प्याडको वितरण गरेको भरपाई पेश भएको छैन। कार्यविधिमा तोकिए अनुरूप वास्तविक मागका आधारमा समयमै खरिद एवमं हस्तान्तरण नगरी मौज्दात रहने गरी वर्षान्तमा खरिद गर्ने कार्य मनासिव देखिएन। स्यानीटरी प्याड (बितरण तथा व्यबस्थापन) कार्यविधि, २०७६ बमोजिम खरिद गरेका प्याडहरू तोकिए बमोजिमको गुणस्तरको भएको भनि गुणस्तर जाँच गरेको प्रमाण हुनुपर्ने व्यवस्था अनुरूप गुणस्तरयुक्त भएको प्रमाण पेश भएको छ।तर स्थानीय तहले प्रदेश सामाजिक विकास मन्त्रालयमा तोकिए बमोजिम प्रगति प्रतिवेदन पठाउनु पर्नेमा सो अनुसार गरेको अभिलेख पाईएन। कार्यबिधिले तोकेको प्रकृया पुरा गरेको नदेखिनु मनासिब नदेखिएकोले यस्तो प्रकृयामा सुधार हुनुपर्दछ।

| क.स. | गो.भौ.नं. र मिति | फर्म | रकम |
|---|---|---|---|
| १ | ३७७- २०७९।३।१७ | बि एन बिजनेश कन्सर्न | ९,२९,८४३। |
| २ | ५१५-२०७९।३।२४ | सुशि प्रिन्टिङ्ग हव एण्ड सप्लायर्स | ३,१२,७२७। |
| **जम्मा** | | | **१२,४२,५७०।५०** |

३८

**सामुदायिक सिकाई केन्द्र**

गो.भौ.नं. ४११ मिति २०७९।३।२१ स्थानीय तहको शिक्षा शाखाले नियमित रुपमा सञ्चालनमा रहेका सामुदायिक सिकाई केन्द्रहरुको स्थलगत निरिक्षण गरी वार्षिक साधारण सभा भएको ,विधान वमोजिम पदाधिकारीको निर्वाचन भएको , साधारण शभा बाट बजेट र कार्यक्रम प्राप्त गरेको ,गत आ.व को खर्च स्वीकृत गरेको र लेखापरीक्षण गरी प्रतिवेदन पेस गरेको लगायतको मापदण्ड पुरा गरेका सामुदायिक केन्द्रहरुलाई एकमुष्ट रु. २ लाख अनुदान उपलब्ध गराउने उल्लेख छ। शैक्षिक पहुँचमा सुनिश्चितता, अनौपचारिक तथा वैकल्पिक शिक्षा कार्यक्रम अन्तर्गत सामुदायिक सिकाई केन्द्र सञ्चालन बापत निम्न सिकाई केन्द्रलाइ

सञ्चालन अनुदान निकासा भएको देखियो। उक्त केन्द्रलाई निकासा भएको अनुदानको उपयोग र उपलब्धी खुल्ने प्रगति प्रतिवेदन पेश गरेको देखिएन। अतः अनुदान उपयोगको प्रतिवेदन पेश गर्नुपर्ने देखिन्छ।

| क्र.स. | सिकाई केन्द्रको नाम | रकम |
|---|---|---|
| १ | कोटेली सामुदायिक सिकाई केन्द्र | १,२८,०००। |
| २ | मणिलेख सामुदायिक सिकाई केन्द्र | १,२८,०००। |
| ३ | नवदुर्गा सामुदायिक सिकाई केन्द्र | १,२८,०००। |
| ४ | बेलापुर सामुदायिक सिकाई केन्द्र | १,२८,०००। |
| **जम्मा** | | **५,१२,०००।** |

३९

**समिति गठन**

कोभिड १९- गो.भौ.नं. ६२८ मिति २०७९।३।२५ कोभिड- १९ महामारीवाट प्रभावित अति विपन्न परिवारहरूको न्युनतम आधारभुत आवश्यकता पुरा गर्न नगत राहात भुक्तानी गर्ने कार्यक्रम अन्तर्गत पालिकाले ४३१ जनालाई रू. १०,०००। का दरले जम्मा रू. ४३,१०,०००। भुक्तानी दिएको छ। कोभिड- १९ को महामारीबाट प्रभावित अति विपन्न परिवार नगद हस्तातरण कार्यविधि, २०७८ को वुदा नम्बर ८ मा कार्यविधी वमोजिम हुने नगत हस्तान्तरण कार्यको स्थलगत अनुगमन तथा सहजीकरण गर्न उपप्रमुखको नेतृत्वमा अनुगमन तथा सहजीकरण समिति रहने व्यवस्था छ। पालिकाले उक्त कार्यविधि अनुरूप समिति गठन गरेको छैन। तसर्थ समिति गठन गरि अनुगमन तथा सहजीकरण कार्यलाई प्रभावकारि वनाउने तर्फ पालिकाले ध्यान दिनुपर्ने देखिन्छ।

४०

**शैक्षिक अनुदान**

कार्यक्रम कार्यान्वयन निर्देशिका २०७८।७९ अनुसार विद्यालय लाई दिने अनुदान एकिन विद्यार्थि संख्याका आधारमा अनुदान दिई गाँउपालिकाको शिक्षा शाखाबाट नियमित अनुगमन गर्नुपर्ने व्यवस्था छ। पालिकाबाट निकासा भएको देहायको अनुदानको अनुगमन तथा मुल्याङ्कन गरेको नदेखिएकोले अनुदानको उपयोग सम्बन्धमा एकिन हुने अवस्था रहेन। यसमा पालिकाको ध्यान जानुपर्दछ।

| क्र.सं. | विद्यालयलाई गएको अनुदान | रकम |
|---|---|---|
| १ | कार्यसम्पादनमा आधारित प्रोत्साहन अनुदान(२ विद्यालय) | १३,००,०००। |
| २ | ICT ल्याब अनुदान (१ विद्यालय) | ६,५०,०००। |

<table>
<tr><td></td><td></td><td></td><td><table><tr><td>जम्मा</td><td>१९,५०,०००।</td></tr></table></td><td></td></tr>
<tr><td>४१</td><td></td><td></td><td>विपन्न छात्रवृत्ति<br><br>गो.भौ.नं. ४१३ मिति २०७९।३।२१ पालिकाले विपन्न लक्षित छात्रवृत्तिका लागि रू. २,४०,०००। भुक्तानी गरेको छ। विपन्न लक्षित छात्रवृत्ति कार्यान्वयन मापदण्ड, २०७८ परिच्छेद ६ को वुदा नम्बर ६.५ मा निकासा भएको रकमका आधारमा प्रगति विवरण तयार गर्ने र केन्द्र तथा प्रदेशमा पठाउनु पर्ने व्यवस्था छ। पालिकाले उक्त व्यवस्था अनुरूप प्रगति विवरण तयार गरेको छैन। तसर्थः मापदण्ड को कार्यान्वयन गर्ने तर्फ ध्यान दिनुपर्ने देखिन्छ।</td><td></td></tr>
<tr><td>४२</td><td></td><td></td><td>बढी निकासा<br><br>शिक्षा नियमावली, २०५९ को नियम १७९ मा कुनै कामको लागि आवश्यकभन्दा बढी रकम निकासा वा खर्च गर्न नहुने उल्लेख छ। पालिकाले देहायबमोजिमको शिक्षकको अवकाशको दिनसम्मको मात्र तलव भत्ता भुक्तानी गर्नुपर्नेमा बढी तलब भत्ता भुक्तानी गरेकोले बढी भुक्तानी वापतको रकम असुल गरी दाखिला गर्नुपर्ने रू<br><br><table><tr><th>क्र.सं.</th><th>विद्यालयको नाम</th><th>शिक्षकको नाम</th><th>अवकाश मिति</th><th>निकासा हुनुपर्ने</th><th>निकासा भएको</th><th>बढी निकासा</th></tr><tr><td>१</td><td>विजयासैनी मा.वि. चामाचाँड</td><td>प्रेम सिंह ऐर</td><td>२०७९।१।११</td><td>१९,१०९</td><td>२०,७२१।</td><td>१,६१२।</td></tr><tr><td colspan="6">जम्मा</td><td>१,६१२।</td></tr></table></td><td>१,६१२</td></tr>
<tr><td>४३</td><td></td><td></td><td>सवारी मर्मत -<br><br>सवारी साधनको मर्मत गर्दा म. ले. प फारम नं ४१४ वमोजिमको मर्मत आदेश कार्यालय प्रमुखबाट स्वीकृत गराई मर्मत सम्वन्धी कार्य गर्ने र मर्मत गरिएका सामान सम्वन्धी अभिलेख म. ले. प फारम ४१५ बमोजिम राखी मर्मतको खर्च लेख्नु पर्दछ ।पालिकाले वर्षभरिमा मोटर साईकल,स्कुटर,गाडी, लगायतका सवारी साधन मर्मत गरी रु.४६,४१,६१५।खर्च गरेको छ । सवारी साधन मर्मत गर्दा केही मर्मत आदेश स्वीकृत गरेपनी अधिकाँश पटक मर्मत आदेश स्वीकृत नगरी मर्मतका विलमात्र संलग्न राखि भुक्तानी दिएको पाईयो भने मर्मत अभिलेख पनी अद्यावधिक गरी राखेको छैन ।सबै साधन मर्मत गर्दा कार्यालय प्रमुखबाट मर्मत आदेश स्वीकृत गराई मर्मत अभिलेख अद्यावधिक गर्दै खर्च लेख्नेतर्फ पालिकाले तर्फ ध्यान दिनुपर्दछ ।</td><td></td></tr>
<tr><td>४४</td><td></td><td></td><td>प्रतिवेदन तयार -</td><td></td></tr>
</table>

आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली ,२०७७ को नियम ३९ (७) तालिम सेमिनार ,गोष्ठी कार्यशाला जस्ता कार्यक्रम सम्पन्न भईसकेपछी त्यस्तो कार्यमा भएको खर्च , खरिद गरिएका मालसामानको विवरण तथा विल भरपाई सहितको कार्यक्रममा उपस्थिति तथा कार्यक्रमबाट लाभान्वित व्यक्तिको सङ्ख्या र उपस्थिति समेत समावेश गरी प्रतिवेदन तयार गरी अधिकार प्राप्त अधिकारीबाट स्वीकृत गराउनु पर्ने उल्लेख छ ।यस पालिकाले सेमिनार ,गोष्ठी ,कार्यशाला र तालिमहरुको भुक्तानी दिँदा तालिमबाट लाभान्वित व्यक्तीको संख्या ,खरिद गरिएका मालसामान र विषय वस्तुको वारेमा प्रष्ट खुल्ने गरी प्रतिवेदन तयार गरेको पाईएन । नियमावलीमा व्यवस्था भएअनुसार तालिम सञ्चालन गर्दा भएको खर्च र कार्यक्रमबाट लाभान्वित व्यक्तिको संख्या खुल्ने गरी प्रतिवेदन तयार गरी स्विकृत गराउनु पर्दछ । पालिकाले संचालन गरेका तालिम ,गोष्ठी तथा अभिमुखिकरणका केही उदाहरणहरु निम्न छन् -

| क स | गो भौ नं र मिति | कार्यक्रमको नाम | रकम रु. |
|---|---|---|---|
| १ | ३१,२०७८/६/२२ | प्राविधिक लाई कम्प्युटर सम्वन्धि तालिम | ९४,१३५। |
| २ | १५१,२०७८/९/२ | युवा तथा खेलकुद कार्यक्रम | ६०,०००। |
| ३ | २०४,२०७८/९/१९ | महिला लक्षित कार्यक्रम | २५,९३०। |
| ४ | २९०,२०७८/१०/१२ | महिला लक्षित कार्यक्रम | १,११,७००। |
| ५ | ३६३,२०७८/११/२५ | युवा तथा खेलकुद कार्यक्रम | ७९,६८५। |
| जम्मा | | | ३,७१,४५०। |

४५

**नर्म्स भन्दा बढी भुक्तानी-**

अर्थ मन्त्रालयको कार्य संचालन निर्देशिका, २०७७ को परिच्छेद नं ७.१.१५ सि. नं. ४ मा तालिम केन्द्र बाहेक अन्य निकायवाट सञ्चालीत तालिम तथा गोष्ठीमा उपस्थित सहभागीलाई यातायात खर्च दिँदा २ दिन सम्मको लागि एकमुष्ट रु.२००। र २ दिन भन्दा वढीकोमा एकमुष्ट रु.५००।दिन सकिने उल्लेख छ। ।पालिकाले तपसिलबमोजिमको एक दिने कार्यक्रममा रु.५००। र रु.१०००। का दरले यातायात खर्च उपलब्ध गराई रु.४६,०००।खर्च लेखेको छ ।सहभागीलाई यातायात खर्च दिँदा नर्म्स भन्दा वढी भुक्तानी दिनु मनासिव देखिएन। यस सम्बन्धमा पालिकामा सहभागी हुन आउनेलाई उक्त्त रकम दिँदा न्युनतम भाडा रकम भन्दा कम भएको र उक्त्त रकम मात्र भुक्तानी दिदा सहभागी नै नआउने अवस्था रहेकोले थप दरमा भाडा भुक्तानी दिने अवस्था रहेको पालिकाको भनाई रहे पनि तोकिएको नम्स भन्दा बढी भुक्तानी दिने कार्य नियमित नदेखिएकोले यस्तो कार्यमा नियन्त्रण गर्न पालिकाले ध्यान दिनु पर्दछ ।

| क.स | गो. भौ नं र मिति | कार्यक्रम | सहभागी संख्या | दर रु. | रकम रु. |
|---|---|---|---|---|---|
| १ | १६७,२०७८/९/८ | सभा संचालनमा सुरक्षा | २२ | ५००। | ११०००। |
| २ | २९०,२०७८/१०/१२ | महिला लक्षित कार्यक्रम | २० | ५००। | १००००। |

| | | | | |
|---|---|---|---|---|
| | | | ३ ९७२,२०७९/३/३० न्यायिक समितिको कार्यक्रम २५ १०००। २५०००।<br>जम्मा ४६,०००। | |
| ४६ | | | **विल भरपाई नरहेको -**<br>आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम३९ (५) सरकारी रकम खर्च गर्दा त्यस्तो खर्च पुष्टि गर्ने बिल, भरपाई, प्रमाण र कागजात संलग्न हुनु पर्ने उल्लेख छ । यस पालिकाले तपसिलवमोजिम विल भरपाई संलगन नराखि भुक्तानी गरेको छ ।विल भरपाई लगायत खर्च भएको पुष्टी हुने अन्य कागजात विना उक्त कार्य भएको भनि एकिन गर्न नसकिने हुँदा निम्न अनुसारको कार्य भएको खुल्ने यथार्थ कागजात सहित विल भरपाई पेश गर्नुपर्ने अन्यथा कार्यक्रम सञ्चालकबाट खर्च रकम अशुल हुनुपर्ने रू. | १,०१८,९९१ |

| ३ | ९७२,२०७९/३/३० | न्यायिक समितिको कार्यक्रम | २५ | १०००। | २५०००। |
|---|---|---|---|---|---|
| जम्मा | | | | | ४६,०००। |

| क्र.स | गो भौ नं र मिति | कार्यक्रम | सामाग्रि | संख्या | अपुग कागजात | रकम |
|---|---|---|---|---|---|---|
| १ | १५२।२०७८/९/२ | अपाङ्ग,एकल महिला।पुरुषलाई सम्मान कार्यक्रम १०९ बटा व्लाङकेट वितरण | व्लाङकेट | १०९ | नाम नामेशी र परिचय खुल्ने प्रमाण सहित वितरण गर्नु पर्नेमा वितरण भरपाईमात्र पनि नभएको | ३९९,६८६। |
| २ | ३९१।२०७८/११/२६ | दलित गरिव तथा जेहेनदार विद्यार्थिका लागि पोशाक लगायत शैक्षिक सामाग्री खरिद | झोला<br>ड्रेस<br>डटपेन<br>कापि | १५०<br>१५०<br>१५०<br>१५० | | ४९९४६०। |
| ३ | ६१५।२०७९/२/२ | वालक्लव तथा स्काउट कार्यक्रममा सहयोग विर वलभद्र माध्यमिक विद्यालय | | ३००००<br>४०००० | विल भरपाई नभएको | १०००००। |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | गोडेश्वर माध्यमिक विद्यालय<br><br>मणीलेक वालकल्याण मा.वि | | ३०००० | | |
| ४ | ९६३,२०७९/३/२५ | दल व वोहरालाई एतिहासिक छपाई | | | विल नभएको | १९८५४। |
| जम्मा | | | | | | १०,१८,९९१। |

४७

**जिन्सी व्यबस्थापन -**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियामावली, २०७७ को परिच्छेद ११ मा जिन्सी निरीक्षण प्रतिवेदनमा लिलाम विक्री गर्नु पर्ने भनि उल्लेख भएका पुराना काम नलाग्ने जिन्सी सामानको लिलाम विक्री गर्नु पर्ने व्यवस्था छ । कार्यालयको जिन्सी निरीक्षण प्रतिवेदनमा लिलाम विक्री तथा मर्मत गर्नु पर्ने भनि उल्लिखित मालसामान तथा उपकरणहरु लिलाम विक्री तथा मर्मत गरेको देखिएन । आवश्यक प्रक्रिया पुरा गरी पुराना मालसामानको समयमै लिलाम विक्रि तथा मर्मत गर्न सकिने अवस्था भए मर्मत गर्नु पर्दछ । लिलाम बिक्री तथा मर्मत गर्नुपर्ने केही मालसामान तथा उपकरणहरु निम्नानुसार छन्ः

| क स | सामानको नाम | लिलाम गर्नु पर्ने संख्या | मर्मत गर्नु पर्ने संख्या |
|---|---|---|---|
| १ | ट्यावलेट | १ | १ |
| २ | टेवुल | ६ | ० |
| ३ | स्टिल दराज | १ | ० |
| ४ | खाट पलङ्ग लोबेट | २ | २ |
| ५ | टि टेवुल | १ | १ |
| ६ | रोष्टम | २ | ० |
| ७ | भिजिटर चेयर | ७ | ० |
| ८ | कुर्चि | ६ | ० |

४८

**पाईप खरिद तथा वितरण -**

सार्वजनिक खरिद नियमावली २०६४ को नियम १२३(ख) मा सार्वजनिक निकायले कुनै विल विजकको भुक्तानी गर्दा प्राविधिक नापजाँच गरी वास्तविक कार्य सम्पादनको आधारमा भुक्तानी गर्नु पर्ने व्यवस्था छ ।पालिका र वडा कार्यालयहरुले मागको आधारमा उल्लेख गरी तपसिलबमोजिमको पाईप र जाली खरिद गरी निवेदनका आधारमा वितरण गरेको छ।यसरी खरिद गरि वितरण भएका जाली भरेको र पाईप जडान भएको सुनिश्चितका लागि नापि किताब र कार्यसम्पन्न प्रतिवेदन पेश हुनुपर्नेमा सो अनुसार भएको पाइएन । यस्ता बितरणुखी कार्यक्रममा नियन्त्रण गर्ने र गर्नै पर्ने अवस्था भएमा आबश्यक सबै प्रमाण कागजात लिने व्यवस्था हुनुपर्दछ।

| क्र.स | गो भौ नं र मिति | सामाग्री | परिमाण | रकम रु. |
|---|---|---|---|---|
| १ | २२३,२०७८/९/२२ | पाईप २० ,२५,३२,४०,र ५० एम एम | ६३३० मिटर | ४९८३९१। |
| २ | ३८७,२०७८/१०/२८ | पाईप १६,२०,२५ एम एम | ३८०० मिटर | १९९९९८। |
| | | सिमेन्ट | १५ प्याक | |
| ३ | ३९९,२०७८/११/१२ | पाईप १६,२० ,२५ र ३२ एम एम | १०००० मिटर | ३९९५१७। |
| | | टंकी | ३५०० लीटर | |
| | ४१०,२०७८/११/२९ | पाईप १६,२० ,२५,४०,५० र ९० एम एम | ८८४२ मिटर | ३८३८८४। |
| ४ | ६०४,२०७८/२/४ | पाईप ,२० ,२५ र ६३ एम एम | ४४२१ मिटर | ४७४९३८। |
| | | कर्कट पाता | २५ वण्डल | |
| | | पानी टंकी | १०००० लि | |
| | ९६१,२०७९/३/२५ | २० एम एम पाईप | ४३६० मिटर | १,९७,३३९। |

<table>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><td colspan="5">ब उ शि नं ३३६००१०२३ गरिव सँग विशेश्वर कार्यक्रम</td></tr>
<tr><td></td><td>७,२०७९/३/२४</td><td>पाईप</td><td>२७५० मिटर</td><td>१२४९२१।</td></tr>
<tr><td colspan="4">जम्मा</td><td>२२,७८,९८८।</td></tr>
</table>
</td><td></td></tr>
<tr><td>४९</td><td></td><td></td><td>ईन्धन<br><br>आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व ऐन, २०७६ को दफा २४(२)मा सरकारी रकम खर्च गर्दा साधन स्रोतको उच्चतम प्रतिफल प्राप्त हुने र प्राप्त प्रतिफलको उचित गुणस्तर समेत कायम हुने गरी मितव्ययी तरिकाले गर्नु पर्दछ । पालिकाले आ.व २०७८/७९ मा ईन्धन शिर्षकबाट रु.३७,५८,६७६।खर्च लेखेको छ । ईन्धन उपयोग सम्वन्धमा प्रष्ट व्यहोरा खुल्ने गरी सबै भ्रमणको लगबुकमा अभिलेख अद्याबधिक गरी राखेको छैन । प्रयोगकर्ता, प्रयोजन र भ्रमण किलोमिटर जस्ता व्यहोरा स्पष्ट खुलाई ईन्धन उपलब्ध गराउनु पर्नेमा सबै भ्रमणको लगबुक तयार नगरी ईन्धन खर्च गरेको पाईयो। पालिकाले यस्तो कार्यमा सुधार गरी ऐन ,नियम बमोजिम ईन्धनको प्रयोग गर्ने तथा सोहि वमोजिम लगबुक व्यवस्थित गरी राख्ने र मितव्ययीरुपमा खर्च गर्ने प्रवन्ध मिलाउनु पर्दछ ।</td><td></td></tr>
<tr><td>५०</td><td></td><td></td><td>नगदी रसिदको प्रयोग<br><br>यस पालिकाबाट यस आर्थिक बर्षमा आय सम्बन्धी कुनै ठेक्कापट्टा नभएको उल्लेख छ ।ठेक्कापट्टा बाहेकका अन्य आम्दानी गर्दा नगदी रसिद प्रयोग गरी आम्दानी गरेको जानकारी हुन आयो। सो प्रयोजनका लागि यो बर्ष कुल १०० पायड (ठेली) नगदी रसिद (क्र सं नं १ देखि १००००) आम्दानी गरेकोमा सोबाट पालिका कार्यालय र वडा कार्यालयबाट राजश्व आम्दानी गर्ने प्रयोजनका लागि निकासा गरेको जानकारी हुन आयो ।निकासी गरिएका पायड (ठेली) बाट अशुल गरेको राजश्व जोडजम्मा गरी यथार्थरुपमा सबै पायड (ठेली) बाट अशुल गरेको राजश्व दाखिला भए नभएको एकिन गर्नुपर्नेमा सो नगरी नगदी रसिद बुझिलिनेले दाखिला गरि दिएको रकमलाई नै यथार्थ अशुली मानेको छ । सोका अतिरिक्त पालिकाले प्राप्त हुनुपर्ने र प्राप्त राजश्व सम्बन्धमा परीक्षण भिडान गर्ने नगरेकोले लेखापरीक्षण समयमा समेत प्राप्त हुनुपर्ने र प्राप्त राजस्व भिडान गर्न सकिएन ।नगदी रसिदको प्राप्त आय सम्बन्धमा प्रयोग गरेका सबै नगदी रसिदको प्रतिलिपि रहेका ठेली (पायड) तथा बाँकी रहेका सबै ठेली (पायड) फिर्ता प्राप्त गरी जारी गरेका सबै नगदी रसिदबाट यथार्थरुपमा अशुल गरी दाखिला भएको भनि सुनिश्चित हुने व्यबस्था हुनुपर्दछ ।</td><td></td></tr>
<tr><td>५१</td><td></td><td></td><td>मेशिनरी औजारलगायत भाडामा<br><br>यस पालिकामा रहेको डोजर आर्थिक बर्षको अधिकाँश समय बिग्रीएर रहेकोले भाडामा नगएको भने पनि उक्त साधन मर्मत तथा इन्धनमा रु.१२,८६,०४१। खर्च गरेको छ ।त्यस्तै एम्बुलेन्स माग अनुसार नगदी रसिदबाट आम्दानी प्राप्त गरी सेवाग्राहीलाई उपलव्ध गराउने गरेको जानकारी हुन आयो । यसरी उपलव्ध गराइने सामानको जिम्मेबार व्यक्तिको स्वीकृतिमा पठाएको लगायतका व्यहोरा खुल्ने गरी अभिलेख राखेको भने पनि सो अनुसार आम्दानी भए नभएको भिडान गर्ने गरेको पाइएन । यस्तो अबस्थामा उल्लेखित सामानहरु भाडामा उपलव्ध गराएर यथार्थ आय दाखिला भएको छ भनि सुनिश्चित हुने अबस्था रहेन । जिम्मेवार व्यक्तिको स्वीकृतिमा सामान पठाइ प्राप्त आय यथार्थरुपमा दाखिला गर्ने ब्यवस्थाका लागि आवश्यक कार्यविधि तयार गरी कार्यान्वयनमा ल्याउनु पर्दछ।</td><td></td></tr>
</table>

५२

**आयको अनुमान**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६ बमोजिम स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समितिले पालिकामा प्राप्त हुने आन्तरिक आयसमेतको व्यवस्थापन गर्न सक्ने व्यवस्था छ । पालिकाले पेश गरेको आय-व्ययको अनुमानमा आन्तरिक आयतर्फ मालपोत, कर, सेवा शुल्क, दस्तुर वापत अनुमानित रु.९५,५०,०००। आय प्राप्त हुने प्रक्षेपण गरेकोमा आर्थिक वर्ष २०७८।७९ मा रु.१८,१८,९९४। अर्थात अनुमान भन्दा ८१ प्रतिशत कम आय प्राप्त गरेको छ। आम्दानीका अन्य स्रोतको पहिचान गरी आयको अनुमान यर्थाथपरक बनाई सोही अनुसार अशुलीका कार्य सञ्चालन गरी आय आर्जन बृद्धि गर्नेतर्फ विशेष ध्यान दिन आवश्यक देखिएको छ।

५३

**आन्तरिक आय**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६ बमोजिम स्रोत अनुमान तथा वजेट सीमा निर्धारण समितिले पालिकामा प्राप्त हुने आन्तरिक आय समेतको व्यवस्थापन गर्न सक्ने व्यवस्था छ। पालिकाले आर्थिक वर्ष २०७८।७९ मा केन्द्रीय अनुदानबाट गरेको खर्चका तुलनामा आन्तरिक आयको स्थिति देहाय बमोजिम छ।

| **केन्द्रिय अनुदानबाट खर्च** | **आन्तरिक आय** | **आन्तरिक आय प्रतिशत** |
|---|---|---|
| ३६,०३,१३,६२८। | १८,१८,९९४। | ०.५० |

उपरोक्त विवरण अनुसार स्थानीय तहमा प्राप्त केन्द्रीय अनुदानबाट भएको खर्चको तुलनामा आन्तरिक आयको हिस्सा ०.५० प्रतिशत मात्र रहेको छ। त्यसैले पालिकाको आन्तरिक आय संकलनको दायरालाई फराकिलो पार्दै आन्तरिक आय बृद्धि गर्नेतर्फ ध्यान दिनुपर्ने देखिन्छ।

५४

**कर तथा शुल्क असुली**

स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ५५, ५७, ५८ र ५९ मा एकीकृत सम्पत्ति कर र घरजग्गा कर, घरजग्गा वहाल कर, व्यवसाय कर र वहाल विरौटी शुल्क उठाउने व्यवस्था रहेको छ। ती आय शीर्षकमा आय अनुमान र असुली स्थिति निम्नानुसार रहेको देखिन्छ।

| सि.नं. | राजस्वसंकेत | आम्दानी शीर्षक | अनुमान | असुली | असुली प्रतिशत |
|---|---|---|---|---|---|
| १ | ११३१३ | एकीकृत सम्पती कर | ३३,००,०००. | ० | ० |
| २ | ११३१४ | भुमिकर/मालपोत | १०,००,०००. | १,४२,३१३. | १४ |
| ३ | ११३१५ | घरजग्गा रजिष्टेशन दस्तुर | १,००,०००. | ० | ० |

| | | | | | |
|---|---|---|---|---|---|
| ४ | ११३२१ | घर वहाल कर | १,००,०००. | २२,४२०.०० | २२ |
| ७ | ११४५२ | पुर्वाधार सेवाको उपयोगमा लाग्ने कर | १,००,०००. | ० | ० |
| ९ | ११६११ | व्यवसायलेभुक्तानी गर्ने | ५०,०००.०० | ० | ० |
| १७ | १४२१३ | अन्यबिक्रीबाट प्राप्त रकम | ५०,०००.०० | ४२,२५०.०० | ८५ |
| १८ | १४२१९ | अन्य सेवाशुल्क तथा बिक्री | १०,००,०००. | ६४,०००.०० | ६ |
| १९ | १४२२१ | न्यायिकदस्तूर | ५०,०००.०० | ० | ० |
| २० | १४२२४ | परीक्षाशुल्क | ५०,०००.०० | ११,१००.०० | २२ |
| २१ | १४२२९ | अन्य प्रशासनिक सेवा शुल्क | १०,००,०००. | ३,००,०००. | ३० |
| २२ | १४२४३ | सिफारिश दस्तुर | १०,००,०००. | ७,६४,५५५. | ७६ |
| २३ | १४२४४ | व्यक्तिगत घटना दर्ता दस्तुर | १०,००,०००. | २,१६,७७०. | २२ |
| २४ | १४२४५ | नाता प्रमाणित दस्तुर | ५०,०००.०० | ६०,०००.०० | १२० |
| २५ | १४२५४ | रेडियो/एफ.एम.सञ्चालन दस्तुर | १,००,०००. | ० | ० |
| २६ | १४५२९ | अन्य राजस्व | ४,००,०००. | १,५४,५००. | ३९ |
| २७ | १४६११ | व्यवसाय कर | २,००,०००. | ४१,०८६.०० | २१ |
| **जम्मा** | | | **९५,५०,०००.** | **१८,१८,९९४.** | |

पालिका भित्र रहेका करदाताहरुको अभिलेख व्यवस्थित नरहेको एवं बुझाउन ल्याएको अवस्थामा मात्र कर एवं शुल्क बुझाउने परिपाटी रहेकोले उल्लिखित असुली यथार्थ मान्न सक्ने अवस्था देखिएन। तसर्थ आफ्नो क्षेत्रभित्र करदाताको अभिलेख अद्यावधिक गरी करको दायारामा ल्याउनु पर्दछ।

५५ **सवारी कर**

| | | | | |
|---|---|---|---|---|
| | | | स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ६४ मा पालिकाले आफ्नो क्षेत्र भित्रका सवारीमा तोकिए बमोजिम सवारी दर्ता तथा वार्षिक सवारी कर र आफ्नो क्षेत्रमा आउने सबै प्रकारको सवारीमा तोकिए बमोजिम सवारी कर उठाउने उल्लेख भएकोमा पालिकाले यस वर्ष सवारी कर वापत कुनै रकम असुल गरेको पाईएन। हरेक वर्ष दर्ता हुने सवारीको अभिलेख राखी कर असूलीलाई प्रभाबकारी बनाउने तर्फ सम्वन्धित निकायको ध्यान जानु पर्दछ । | |
| ५६ | | | **मनोरञ्जन कर**<br><br>स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ६४ बमोजिम सिनेमा, भिडियो हल, सांस्कृतिक प्रदर्शन हल, संगित, थियटर, मनोरञ्जन, प्रदर्शन स्थल, ऐतिहासिक स्थलको प्रवेश शूल्कमा कर लिनुपर्ने व्यवस्था छ । आर्थिक वर्ष २०७८।७९ मा पालिकाले यस शिर्षकमा कूनैपनि कर संकलन गरेको पाईएन। यस पालिकाको क्षेत्र भित्रवाट उठ्नु पर्ने मनोरञ्जन कर एकिन गरी असुल गर्नुपर्दछ। | |
| ५७ | | | **व्यवसाय कर**<br><br>स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ५८ मा पालिकाले आफ्नो कार्यक्षेत्र भित्र रहेका विभिन्न व्यवसाय गर्ने व्यक्तिबाट व्यवसाय कर उठाउनूपर्ने व्यवस्था रहेको छ। यस वर्ष पालिकाले व्यवसाय दर्ता तथा नवीकरण शुल्क वापत रु. ४१,०८६। कर संकलन गरेकोमा पालिकाको क्षेत्रभित्र रहेका व्यवसायीहरुको अभिलेख अध्यावधिक गरेको छैन। जसबाट पालिकाले संकलन गरेको व्यवसाय कर यथार्थ मान्न सक्ने अवस्था छैन। तसर्थ पालिकाले आफ्नो क्षेत्र भित्र सञ्चालनमा रहेका सम्पूर्ण व्यवसायीको अद्यावधिक अभिलेख राखी करको दायराभित्र ल्याउनु पर्दछ। | |
| ५८ | | | **निरीक्षण नभएको**<br><br>आर्थिक कार्यबिधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ६१ मा कार्यालय प्रमुखले प्रत्येक महिना राजश्व उठ्न छुट भए वा नभएको र राजश्व लेखा तथा दाखिलाको निरीक्षण गरी राजश्व हिनामिना भए वा नभएको र नियम ५९ बमोजिम लगती राजश्व तथा हसवली राजश्वको लेखा रहे नरहेको निरीक्षण गरी सोको अभिलेख अध्याबधिक गर्न लगाउनु पर्नेमा सो अनुसार गरेको पाइएन ।यस्तो अबस्थामा यस कार्यालयलाई प्राप्त हुनु पर्ने सबै राजश्व प्राप्त भई कानूनी प्रकृया पुरा गरी समयमै दाखिला भएको छ भन्ने अबस्था रहेन यस्तो प्रकृयामा सुधार हुनुपर्दछ । | |
| ५९ | | | **ठेक्काको विवरण**<br><br>सार्वजनिक खरिद ऐन, २०६३ तथा नियमावली, २०६४ बमोजिम सार्वजनिक खरिद व्यबस्थापनका लागि सोझै खरिद, सिलवन्दी दरभाउपत्र तथा बोलपत्रको माध्यमबाट गर्नुपर्ने व्यबस्था छ। गाँउपालिकाबाट संचालित योजनाको निर्माण कार्य देहाय बमोजिम भएको देखिन्छ। | |

| **कुल निर्माण खर्च** | **सोझै खरिद** | | **सिलबन्दी दरभाउपत्र** | | **बोलपत्र** | | **अमानतबाट** | |
|---|---|---|---|---|---|---|---|---|
| | **संख्या** | **रकम** | **संख्या** | **रकम** | **संख्या** | **रकम** | **संख्या** | **रकम** |
| ११६१०२००० | ० | ० | ४ | ४०००००० | १४ | ४ करोड | १ | ९३००० |

६० **ठेक्का व्यबस्थापन**

६०.१ यस पालिकाले यो आ ब मा ठेक्का सम्झौता गरेका र बिगत बर्षमा ठेक्का सम्झौता भई यस बर्ष चालू रहेका कुल १४ ठेक्का रहेको भनि विबरण उपलव्ध गराएकोमध्ये केही ठेक्काको अबस्था निम्न अनुसार रहेको देखिन्छ ।

(रकम रु. हजारमा मु अ कर समेत)

| क्र सं | ठेक्का नं | कामको विबरण | निर्माण व्यबसायी | कार्यसम्पादन जमानत | | पेस्की जमानत | | सम्झौता मिति | काम समाप्त गर्ने मिति | म्याद थप मिति | कार्य सम्पन्न मिति | लागत अनुमान | सम्झौता रकम | कुल खर्च |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | रकम | म्याद | रकम | म्याद | | | | | | | |
| १ | 17/2076-077 | प्रशासकीय भवन निर्माण | न्यूड्राइगन - जय माँ स्वर्गद्धारी जे.भी. | ७८०५ | २०८१ बैशाख ३० | ७१२० | २०८० बैशाख २ | २०७७असोज २ | २०७९असार ३० | २०७९ चैत्र ३० | | ४९२६७ | ४०५०९ | २५०६४ |
| २ | 04/2077-078 | नवदुर्गा आधारभूत अस्पताल भवन निर्माण | राजेन्द्र निर्माण सेवा प्रा लि | ३३७९५ | २०८१जेष्ठ २५ | १४३५० | २०७९<br>२०८०असार २१ | २०७७चैत्र २६ | २०७९चैत्र ३० | | | १७३३३९ | १०८८१६ | १४३५० |
| ३ | 7/2077-078 | बिभिन्न सडक निर्माण | न्युनवदुर्गा गन्यापधुरा निर्माण सेवा | ३१३२ | २०८१बैशाख ३१ | - | - | २०७८श्रावण ०८ | २०७८कार्तिक ३० | २०७९ चैत्र ३० | | ११६७० | ४४५० | - |

| | | | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| ४ | 2/2078-079 | कोटेली बृहत खानेपानी योजना | श्रीजय लक्ष्मी निर्माण सेवा | ४२६ | २०८० साउन २१ | - | - | २०७८कार्तिक १५ | २०७९असार २० | - | २०७९असार १४ | २३८४ | १३०४ | १२२८ |
| ५ | 01/2077-078 | मणिलेक बृहत खानेपानी निर्माण | श्रीराम कन्स्ट्रक्सन | ३३२४ | २०७९ साउन २० | - | - | २०७७ माघ २१ | २०७८ असार २० | | ठेक्का भङ्ग | १९३१५ | ११५०१ | ९३२० |

उक्त ठेक्का लगायत समग्र ठेक्का व्यवस्थापन सम्बन्धमा देखिएका व्यहोरा निम्न छन्:

| | | | | |
|---|---|---|---|---|
| ६०.२ | | | क सं १ मा उल्लेखित ठेक्काकाको कुल निर्माण अबधि करिब १८ महिना रहेकोमा लेखापरीक्षण समय २०७९ पुससम्ममा कुल सम्झौता रकमको ६१ प्रतिशत काम सम्पन्न गरी भुक्तानी लगेको देखिए पनि काम सम्पन्न गर्ने समय सकिन ३ महिना बाँकी रहेको छ । उक्त निर्माण कार्यको स्थलगत अबलोकन गर्दा हाल निर्माण कार्य बन्द रहेको देखिन्छ । उक्त भबन निर्माण कार्यको भित्री भागमा प्लाष्टर लगाउने देखिको काम बाँकी रहेकोले तोकिएको समयमा काम सम्पन्न हुन कठिनाई हुने देखिन्छ । पालिकाले आबश्यक निर्देशन तथा निरन्तर अनुगमन मुल्याँङ्कन गरी उक्त भबन निर्माण कार्य समयमै सम्पन्न गराउनु पर्दछ । | |
| ६०.३ | | | क सं २ मा उल्लेखित अस्पताल भवन निर्माण कार्यको कुल निर्माण अबधिको २०७९ पुस महिनासम्ममा करिब १३ प्रतिशतमात्र समय बाँकी रहेको अबस्थामा कुल रु.१ करोड ४३ लाख ५० हजार मोबिलाईजेसन पेश्की समेत ठेक्का सम्झौता पश्चात लगेको भए पनि हाल सम्म निर्माण कार्य बापत कुनै भुक्तानी नलगेकोले उक्त काम तोकिएको समयमा सम्पन्न हुने अबस्था देखिएन । यस्तो अबस्थामा तोकिएको समयमा काम सम्पन्न नगरे पनि काम सम्पन्न गर्ने समय सकिनै लागेकोमा थयार्थता भन्दा बाहिरका समस्या देखाएर म्याद थप माग गर्ने अबस्था रहेकोले समयमा काम सम्पन्न नभए पूर्ब निर्धारित क्षतिपूर्ति अशुल गरी काम सम्पन्न गराउनु पर्दछ । | |
| ६०.४ | | | क सं ३ मा उल्लेखित भउन्नीगडा अमतड कृषि, गिल्ला तिम्ला, डैसेली राजिखोला नुवाकोट वर्ना र कथारी मेलकट्टे सडक निर्माण योजनाको लागि कुल लागत अनुमान रु.१ करोड १६ लाख ७० हजार लागत अनुमान गरी बोलपत्रको माध्यमबाट रु.४४ लाख ५० हजारमा (६१.८७ प्रतिशत घटी) काम गर्ने गरी सम्झौता गरेकोमा कुल निर्माण अबधि ४ महिना रहेकोमा ५ महिना (१२५प्रतिशत थप) थप गरेको छ । लेखापरीक्षण समय २०७९ पुसमा काम सम्पन्न गर्ने | |

| | | | | |
|---|---|---|---|---|
| | | | समय ३ महिना बाँकी रहेको देखिए पनि हालसम्म कुनै रकम भुक्तानी भएको देखिएन ।यस्तो अबस्थामा उक्त काम म्याद थप अबधिमा समेत सम्पन्न गर्न कठिनाई हुने हुँदा तोकिए अनुसार काम भई रहेको छ छैन पालिकाबाट निरन्तर अनुगमन तथा मुल्याँङ्कन गरी काम सम्पन्न गराउनु पर्दछ । | |
| ६०.५ | | | क सं ४ मा उल्लेखित ठेक्का सम्बन्धमा निर्माण व्यबसायीले तोकिएको समयमा काम सम्पन्न गरेको देखिए पनि उक्त योजनाको प्याकेजमा नै पर्ने काम उक्त ठेक्का प्याकेजमा समाबेश नगरी र भेरियसन समेत नगरी रु.९,९७,०१०।१४ लागत अनुमान भएको काम रु.९,३५,९५०।४६ भुक्तानी दिएर उक्त प्याकेजका निर्माण व्यबसायी बाटै काम गराएको पाइयो । एकै प्याकेजमा पर्ने कामलाई बोलपत्र आव्हान गर्दा समाबेश नगरी काम सम्पन्न हुने चरणमा बाध्यात्मक स्थिति देखाई प्रतिस्पर्धा नहुने गरी काम गराउने कार्य मनासिब देखिएन ।यस्तो प्रकृयाबाट निर्माण गराउने कार्य नियन्त्रण हुनुपर्दछ । | |
| ६०.६ | | | क सं ५ मा उल्लेखित ठेक्का सम्बन्धमा सुरु सम्झौता अनुसार २०७८।३।२० मा सकिएकोमा कार्यपालिकाको २०७८।३।३० को निर्णयले सम्झौता अबधि २०७८।१२।३० सम्म पुऱ्याई उक्त काम सम्पन्न गर्न नपुग हुने रकम राष्ट्रिय योजना आयोग काठमाण्डौमा स्रोत सुनिश्चितताका लागि पत्राचार गरेकोमा सुनिश्चित हुन नसकेकोले उक्त योजना अपुरै रहेकोले गाँउ सभाको २०७८।१०।७ को निर्णयले प्रधानमन्त्री रोजगार कार्यक्रमबाट रु.५लाख बजेट बिनियोजन गरी उपर्युक्त रकमबाट आम उपभोक्ताको लागत सहभागिता सुनिश्चित गर्दै उपभोक्ता समितिमार्फत सम्पन्न गर्ने र श्रीराम कन्स्ट्रक्सनसँग भएको सम्झौता रद्द गरेको छ । कुल सम्झौता रकम रु.१ करोड १५ लाख १ हजारमा रु.९३ लाख २० हजारको काम अर्थात ८१ प्रतिशत काम सम्पन्न गरेको भनि भुक्तानी लगि सकेको अबस्थामा उक्त ठेक्का सम्पन्न गर्न रु.२१ लाख ८१ हजार बाँकी रहेको अबस्थामा main pipe line , 2 intake, RVT, DCC लगायतका सबै काम सम्पन्न भई Distribution pipeline को काममात्र बाँकी रहेकोले एच डी पी ई पाइप र फिटिङ्ग पालिकाबाट (मुल्य रु.२,३६,०४३।१९) र १४६६ घन मिटर माटो खन्ने कामका लागि प्रधानमन्त्री रोजगार कार्यक्रमबाट रु.५,९२,११७। सहित कुल रु.८,२८,१६०।५९ खर्च गरेर काम सम्पन्न गरेको देखिन्छ । निर्माण व्यवसायीलाई रु.२१ लाख ८१ हजार भुक्तानी दिनु पर्ने अबस्थाको काम पालिकाबाट रु. ८,२८,१६०।५९ मात्र खर्च गरी काम सम्पन्न हुनुले व्यबसायीलाई कुल रु.९३ लाख २० हजार भुक्तानी दिँदा निजले गरेको काम भन्दा बढी भुक्तानी भए नभएको एकिन गरेको पाइएन । यस सम्बन्धमा यथार्थता यकिन नगरी अन्य प्रकृयाबाट काम गराउनु मनासिब देखिएन । यस्ता कार्य गर्दा कामको यथार्थ अबस्था मुल्याँङ्कन गरेरमात्र काम गराउने व्यबस्था हुनुपर्दछ । | |
| ६०.७ | | | सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९.(१) मा निर्माण कार्यको लागत अनुमान तयार गर्दा सार्वजनिक निकायले निर्माण कार्य सम्पन्न गर्न लाग्ने अधिकतम समय तथा रकम बिचार गर्नु पर्ने व्यवस्था छ । बोलपत्र सम्बन्धी कागजात तथा निर्माण व्यवसायीसँग भएको सम्झौतामा एकमुष्ट कार्य सम्पन्न गर्नुपर्ने समयावधि उल्लेख गरेको भएतापनि लागत अनुमान तयार गर्दा कार्य सम्पन्न गर्न लाग्ने अधिकतम समय खुलाउने गरेको देखिदैन । यस्तो नगर्दा थोरै समयमा सकिने कामलाई तुलनात्मकरुपमा बढी र बढी समय लाग्नेलाई तुलनात्मकरुपमा घटी समयमा काम सम्पन्न गर्ने गरी सम्झौता हुन सक्ने अवस्था आउन सक्ने हुँदा लागत अनुमान गर्दा नै काम सम्पन्न गर्न लाग्ने समय खुलाउने र ठेक्का सम्झौतामा सोही अनुसारको काम सम्पन्न गर्ने अबधि राखी काम सम्पन्न गर्ने गराउने व्यबस्था हुनुपर्दछ । | |
| ६०.८ | | | सार्बजनिक खरिद नियमावली,२०६४ को नियम १११(१)ज१ बमोजिम निर्माण व्यवसायीले तोकिए अनुसार निर्माण स्थलमा सूचना पाटी राख्नु पर्ने उल्लेख छ । यस पालिकाबाट ठेक्कापट्टा गरीएका सबै ठेक्कामा उपरोक्त अनुसार सुचना राखेको देखिन फोटो सहितका प्रमाण राखेको पाइएन । तोकिए अनुसारको सूचना नहुनु मनासिब देखिदैन । यस्तो प्रकृयामा सुधार हुनुपर्दछ । | |

| | | | | |
|---|---|---|---|---|
| ६०.९ | | | सार्वजनिक खरिद नियमावली २०६४ को नियम ११३ मा पेस्की दिएको रकम जम्मा भएको बैंकको खाता र खर्चको प्रयोजन खुल्ने मासिक विवरण निर्माण व्यवसायीले सार्वजनिक निकायलाई नियमित रुपमा उपलब्ध गराउनु पर्ने व्यवस्था रहेको छ । पेस्की लिएको रकम सम्बन्धित काममा खर्च भएको नपाइएमा बैंक जमानत जफत हुने व्यवस्था ऐनको दफा ५२ क. ६ मा रहेको छ । यस कार्यालय अन्तर्गत गत विगत वर्ष र यस बर्षमा भएको खरिद सम्झौताअनुसार निर्माण व्यवसायीलाई उपलब्ध गराएको पेस्की रकम छुट्टै खातामा जम्मा गराएको नदेखिएको र तोकिएको काममा मात्र खर्च भए नभएको विवरण लिएको पनि देखिएन । ऐन नियमको प्रावधान पालना गर्न गराउन कार्यालयले ध्यान दिनुपर्दछ । | |
| ६०.१० | | | सार्वजनिक खरिद नियमावली, २०६४ तथा सम्झौता बमोजिम ठेक्का सम्झौता सम्पन्न भए पछि कार्य सम्पन्न गर्नुपर्ने समय अनुसारको कार्य तालिका पेश गर्ने र म्याद थप गर्दा थप भएको समय अनुसार सबै ठेक्कामा कार्य तालिका अद्यावधिक गर्ने गरेको पाइएन । जसले गर्दा लागत र समयलाई निर्धारित सीमाभित्र राख्न नसक्ने अवस्था सृजना हुने अवस्था रहन्छ । तसर्थ निर्माण कार्यको ठेक्कामा कार्य तालिका पेश गर्न लगाउने तथा म्याद थप हुँदा सोहि अनुसार अद्यावधिक गरी सो अनुसार काम भए नभएको निरन्तर अनुगमन मुल्यांङ्कन गरी तोकिएको समयमै काम सम्पन्न गर्न गराउन ध्यान जानु जरुरी छ । | |
| ६०.११ | | | सार्वजनिक खरिद नियमावलीको नियम १२५(१) मा खरिद सम्झौता वमोजिम निर्माण कार्य सम्पन्न भएको ३० दिन भित्र सम्वन्धित निर्माण व्यवसायीले निर्माण भए वमोजिमको (एज विल्ट) नक्सा सार्वजनिक निकायमा पेश गर्नुपर्ने उल्लेख छ। सोही नियमको उपनियम २ मा त्रुटी सच्याउने दायित्व अवधि समाप्त भएपछि ड्रइङ्ग,डिजाइन वा स्पेशिफिकेशन वमोजिम भए नभएको जाँचवुझ गराई कार्य सम्पन्न प्रतिवेदन तयार गर्नुपर्ने, उपनियम ४ मा उपनियम (१) वमोजिमको निर्माण भए वमोजिमको नक्सा र उपनियम (३) वमोजिम पेश भएको कार्य सम्पन्न प्रतिवेदन तयार गर्नुपर्ने उल्लेख छ।नियममा भएको उक्त प्रावधानको प्रभावकारी रुपले कार्यान्वयन गर्न र गुणस्तरीय निर्माण कार्यमा सघाउ पुर्याउनको लागि निर्माण सम्पन्न भई डि.एल.पी मा रहेका ठेक्काको अभिलेख राखि प्राविधिक कर्मचारीवाट जाचवुझ गराउनुपर्नेमा सो अनुसार अभिलेख राखेको देखिएन। यस्तो अवस्थामा डि.एल.पि समाप्त भएका ठेक्काको प्राविधिक कर्मचारी खटाई नियममा भएको प्रावधान अनुसार जाँचबुझ गराई कार्यसम्पन्न प्रतिवेदन तयार भए नभएको, ठेक्का स्वीकृत गर्ने पदाधिकारी र कार्य सम्पन्न प्रतिवेदन तयार गर्ने एउटै पदाधिकारी भएको अवस्थामा एक तह माथिको अधिकारी समक्ष कार्य सम्पन्न प्रतिवेदन पेश गरे नगरेको एकिन गर्ने सक्ने अवस्था रहेन।यसमा सुधारका लागि कार्यालयको ध्यान जानुपर्ने देखिन्छ। | |
| ६०.१२ | | | सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११२(१) अनुसार खरिद सम्झौतामा अन्यथा ब्यबस्था भएकोमा बाहेक बीस लाख रुपैयाँभन्दा बढी मूल्यको निमार्ण कार्य गर्ने निर्माण ब्यबसायीले निर्माण सामाग्री, प्रयोग गरिने मेसिन, औजार वा प्लान्ट लगायत निर्माण कार्यको पूर्ण प्रतिस्थापन खर्चको बीमा गराउनुपर्ने व्यबस्था छ । उपदफा १८ (घ) अनुसार यस्तो बीमा निर्माण व्यबसायीलाई निर्माणस्थल सुम्पिएको मितिदेखि हस्तान्तरण प्रमाणपत्र जारी गरिने मितिसम्म निर्माण कार्यको कुनै खण्ड वा अंशमा उपनियम (२) मा उल्लेख भएको कारण बाहेक अन्य जुनसुकै कारणबाट हुने सबै हानी नोक्सानीको लागि हुनुपर्ने व्यबस्था छ । नियमावलीको नियम १२० अनुसार खरिद सम्झौताको म्याद थप गर्न सकिने तर म्याद थप गर्दा कार्यसम्पादन जमानत र बीमाको म्याद पनि थप गर्नुपर्ने ब्यबस्था छ । तर सो व्यहोरा अनुसार सबै ठेक्कामा काम सुरु गर्ने बित्तिकै बीमाका प्रमाण लिने र ठेक्काको अबधि थप गर्दा बीमाको अबधि थप भए गरेको देखिने प्रमाण लिएको देखिएन । नियमको व्यवस्था अनुसार सम्पूर्ण जोखिम वहन हुने गरी वीमा गराउने एंव ठेक्काको म्याद थप हुँदा वीमा अवधि पनि थप गर्नुपर्ने देखिएको छ । | |

| | | | | |
|---|---|---|---|---|
| ६०.१३ | | | सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १११(१ङ) अनुसार सार्वजनिक निकायले खरिद सम्झौता कार्यान्वयन गर्दा गुणस्तर पक्षको निरिक्षण र परीक्षण गर्नुपर्दछ । कार्यालयले उपभोक्ता समिति र निर्माण व्यवसायी मार्फत निर्माण/कार्यान्वयन गराइएका योजनाको दिगोपनाका लागि सम्बन्धित उपभोक्ता समिति र निर्माण व्यवसायी मार्फत गुणस्तर आस्वस्थता योजना Quality Assurance Plan पेश गर्न लगाई गुणस्तर परीक्षण प्रणालीलाई संस्थागत गराउनु पर्ने हुन्छ । पालिकाले निर्माणकार्यको गुणस्तर सुनिश्चितताका लागि निर्माण सामग्री तथा निर्माण कार्यको प्रयोगशाला परीक्षण गराएको पाइएन । यसले गर्दा सबै निर्माण कार्यमा पर्याप्त गुणस्तर कायम भएको छ भनि आश्वस्त हुन सकिने अवस्था छैन । नियमावलीको प्रावधान अनुसार निर्माण कार्यको गुणस्तर सुनिश्चित गर्न सबै निर्माण कार्यहरुको गुणस्तर परिक्षणलाई अनिवार्य गराउने र सो अनुसार गरेको देखिने स्पष्ट अभिलेख राख्ने तथा गुणस्तर परीक्षणका लागि पालिकाबाटै नमुना लिइ सरकारी निकायबाटै गुणस्तर परिक्षण गराउन प्राथमिकता दिने व्यवस्था कार्यान्वयनमा ल्याउनु पर्दछ । | |
| ६०.१४ | | | सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२० मा ऐनको दफा ५६ बमोजिम काबु बाहिरको परिस्थिति, सार्वजनिक निकायले उपलव्ध गराउनुपर्ने कुरा उपलव्ध गराउन नसकेको वा अन्य मनासिव कारण परी खरिद सम्झौता बमोजिमको काम त्यस्तो सम्झौताको अवधिभित्र पुरा गर्न नसकिने भएमा सम्बन्धित निर्माण व्यवसायीले कारण खुलाई सम्झौताको म्याद सकिनु कम्तिमा २१ दिन अगावै निवेदन दिनुपर्ने, त्यस्तो निवेदन प्राप्त भएपछि सम्बन्धित निर्माण व्यवसायीले खरिद सम्झौता बमोजिमको कार्य समयमै सम्पन्न गर्न भरमग्दुर प्रयास गरेको थियो वा थिएन, सम्बन्धित सार्वजनिक निकायले निर्माण व्यवसायीलाई सम्झौता बमोजिम उपलव्ध गराउनु पर्ने कुरा उपलव्ध गराएको थियो वा थिएन काबु बाहिरको परिस्थितिको कारणबाट काममा ढिलाइ भएको हो वा होइन जस्ता पक्षहरु विचार गरी निवेदनमा उल्लेखित कारण मनासिब देखिएमा प्रत्येक ठेक्कागतरुपमा म्याद थपको निर्णय गर्नु पर्नेमा म्याद थप गरीएको माथी तालिकामा उल्लेखित एक ठेक्का सहित ५ ठेक्कामा नियमको उल्लेखित व्यबस्था अनुसार म्याद थप नगरी कार्यपालिकाले निर्णय गरी म्याद थप गरेको पाइयो । म्याद थप गर्दा नियमको प्रकृया पुरा गरी जायज कारण भएमामात्र म्याद थप गर्ने अन्यथा पूर्ब निर्धारित क्षतिपूर्ति अशुल गरी काम सम्पन्न गर्ने गराउने व्यवस्था हुनुपर्दछ । | |
| ६१ | | | **फरक कार्य परिमाण**<br><br>भूमिराज मन्दिर निर्माण लागत अनुमानमा १८.५३ घ.मि. सिमेन्टको जोडाइ सहित ढुङ्गाको गारो लगाउने कार्य र ढुङ्गाको सुख्खा गारो लगाउने कार्य ३४.२ घ.मि. समावेश भएको देखिन्छ । कार्यसम्पन्न पश्चात भुक्तानिको लागि नापि गर्दा उक्त कार्य मध्ये सिमेन्टको जोडाइ सहित ढुङ्गाको गारो लगाउने कार्य १५० प्रतिशत वृद्धि गरि ४६.४६ घ.मि. गरी सुख्खा गारो लगाउने कार्य नगरि कुल भुक्तानिमा नबढ्ने गरि कार्य सम्पन्न गरेकोभनि उपभोक्ता समितिलाई भुक्तानी भएको देखिन्छ । लागत अनुमान तयार गर्दा समावेश भए बमोजिमको बढि दर कार्यको परिमाण अस्वभाविक रुपमा बढाएको र कम दरको कार्य नगरेको देखिन्छ । लागत अनुमान गर्दा यथार्थपरक रुपमा कार्यान्वयन गर्न संभव हुने गरिने कार्य मात्र समाबेश गरी काम गराउनुपर्दछ । | |
| ६२ | | | **भेरियसन**<br><br>सार्वजनिक खरिद ऐन, २०६३ को दफा ५४(१) मा खरिद सम्झौता गर्दाको बखत पूर्वानुमान गर्न नसकिएको परिस्थिति सो सम्झौता कार्यान्वयनको क्रममा सिर्जना भएमा सो को स्पष्ट कारण खुलाई तोकिएको कार्यविधि अपनाई भेरिएशन आदेश दिन सक्ने उल्लेख छ । यस पालिकाले वडा न १ मा खेलग्राम मैदान निर्माणका लागि श्री दिव्य ज्योती निर्माण सेवासँग सम्झौता भएको देखिन्छ । उक्त कार्यको निर्माण सम्पन्न पश्चात भुक्तानि प्रयोजनका लागि तयार गरेको नापि किताब बमोजिम उक्त खेलमैदानको लागत अनुमानमा समावेश भएको निम्न कार्यमध्ये कुनै कार्य नै नगरेको र कुनै कार्य लागत अनुमानमा उल्लेख भए भन्दा अस्वभाविक | |

<table>
<tr>
<td></td>
<td></td>
<td></td>
<td>
रुपमा बढि अर्थात लागत अनुमान अनुसारको संरचनाभन्दा फरक संरचना बनाएको देखिन्छ । यस सम्बन्धमा खेल मैदान निर्माण कार्य गर्दा पहिरो खसेर लागत अनुमानमा समावेश भएको सम्पूर्ण कार्य नभएको भनाइ पालिकाको रहेको छ ।उक्त व्यहोराका आधारमा निर्माण स्थल छनोट गरी लागत अनुमान तयार गर्दा प्रर्याप्त बिष्लेषण नहुँदा यस्तो अबस्था देखिन्छ । निर्माण स्थल छनोट र लागत अनुमान तयार गर्दा आर्थिक र प्राबिधिक आधारमा उपयुक्त स्थान छनोट गरी निर्माण कार्य संचालनका लागि पालिकाको ध्यान जान आबश्यक देखिन्छ ।
<table>
<tr><th>कार्य</th><th>सम्झौता परिमाण</th><th>कार्य परिमाण</th><th>दर प्रति घ.मि. रु.</th><th>बढि परिमाण</th><th>रकम रु</th></tr>
<tr><td>Field Exavation</td><td>१९०३९.७२</td><td>१८९५.७</td><td>३०।</td><td>(८८।०२)</td><td>(२६४०।६)</td></tr>
<tr><td>Stone soiling</td><td>२३.४</td><td>६.४</td><td>१५००।</td><td>(१७।३६)</td><td>(२६०४३।७५)</td></tr>
<tr><td>Stone work (1:6) c/s</td><td>१०.५</td><td>१०९.९</td><td>५०००।</td><td>९९।४</td><td>४९७०००</td></tr>
<tr><td>Pcc 1:2:4 in floor</td><td>३९</td><td>६.०४</td><td>८५००।</td><td>(३३)</td><td>(२८०१८१।२५)</td></tr>
<tr><td>Steel reinforcement</td><td>२९२० के.जि</td><td>०</td><td>९५।</td><td>०</td><td>(२७७५००)</td></tr>
<tr><td>Form work</td><td>४६८</td><td>०</td><td>३००।</td><td></td><td>(१४०४००)</td></tr>
<tr><td>Providing and laying gabion box</td><td>१५</td><td>८४</td><td>३५००।</td><td>६९</td><td>२४१५००</td></tr>
</table>
</td>
<td></td>
</tr>
<tr>
<td>६३</td>
<td></td>
<td></td>
<td>
सक्कल बिल<br><br>
आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९ को उपनियम १० मा जिम्मेवार व्यक्तीले खर्च लेख्नु अघि त्यस्तो रकम खर्च गर्न वा भुक्तानी दिन आवश्यक विल भरपाई र कागजात संलग्न भए वा नभएको तथा संलग्न कागजात अनुसार भुक्तानी दिन रीत पुगे वा नपुगेको जाँच गर्नु पर्ने व्यवस्था छ।यस पालिकाले पलेटा मम्मे सडक सरसफाई कार्यबापत एस के कन्स्ट्रक्सनलाई रु.९,१२,००४। भुक्तानि दिएको देखिन्छ । भुक्तानि प्रयोजनका लागि उक्त फर्मको सक्कल विल पेश नगरेकोले भुक्तानी दिएको मु.अ.कर समायोजन गरेको प्रमाण पेश नभए भुक्तानी दिएको मु.अ.कर असुल गर्नुपर्ने रु.
</td>
<td>१०४,९२०</td>
</tr>
<tr>
<td>६४</td>
<td></td>
<td></td>
<td>
बिजक नमिलेको<br><br>
मु.अ.कर नियमावली, २०५३ को नियम १७(१) अनुसार मूल्य अभिबृद्धिकरमा दर्ता भएको व्यक्तिले कुनै वस्तु वा सेवाको आपूर्ति गर्दा कर अधिकृतले अन्यथा स्वीकृत गरे देखि वाहेक प्रापकलाई अनसुची-५ बमोजिमको ढाँचामा कर विजक जारी गर्नुपर्ने व्यवस्था छ । यसै सम्बन्धमा आन्तरिक राजश्व बिभागको बिभिन्न मितिका परिपत्र अनुसार मू.अ.करमा दर्ता भएको करदाताले हरेक बर्ष बिजकको क्रम संख्या १ बाट सुरु गर्नुपर्ने, कर बिजकमा हातले नंम्बर राख्न नहुने र केरमेट गर्न नहुने उल्लेख छ । कार्यालयले पद्मादेवी कन्सल्ट एण्ड कन्स्ट्रक्सन प्रा.लि.लाई डैसेली बगर खानेपानी आयोजना लगायतका डि.पि.आर निर्माण कार्यको मू.अ.कर
</td>
<td>८०,६००</td>
</tr>
</table>

सहित रु.७,००,६०० । भुक्तानी दिएकोमा कर बिजकको नम्बर हातले लेखेकाले अनुसूचि-५ को ढाँचामा कर विजक जारी गरेको पाईएन । मू.अ.करमा दर्ता भएको व्यक्तिले रित पूर्वकको बिजक पेश नगर्नु र भूक्तानी दिनेले पनि सहि रुपमा कर बिजक यकिन नगरी भुक्तानी दिनु नियम सम्मत देखिएन । नियमानुसार कर विजक जारी नगरेकोले मू.अ.कर दाखिला एवं समायोजन भएको यकिन गर्न नसकिने भएकाले सम्बन्धित आन्तरिक राजश्व कार्यालयमा मू.अ.कर समायोजन गरेको वा बुझाएको प्रमाण पेश हुनुपर्ने अन्यथा मू.अ.कर ऐन तथा नियमावलीको व्यवस्था बमोजिम मू.अ.कर रकम असुल हुनुपर्ने रु.

६५

**सम्झौतामा नभएको कार्य**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७(३क) मा निर्माण कार्य वा सेवाको प्रकृति, परिमाण, लागत अनुमान, उपभोक्ता समिति वा लाभग्राही समुदायले व्यहोर्ने वा व्यहोर्नुपर्ने रकम, कार्य वा सेवा सम्पन्न गर्नु पर्ने अवधि खुलाई उपभोक्ता समितिसँग सम्झौता गर्नुपर्ने उल्लेख छ । यस पालिकाको विर वलभद्र मा.वि.को होस्टल निर्माणका लागि लागत अनुमान तयार गर्दा Access Road को कार्यको समावेश नभएको तर अन्तिम विल भुक्तानि दिदा उक्त कार्य निम्न बमोजिमका परिमाण र दरमा भुक्तानि भएको पाइयो । सम्झौतामा समावेश नभएको कार्य बापत भुक्तानि भएको कार्य मनासिब देखिएन। यस्तो प्रकृयाबाट काम गराउने कार्य नियन्त्रण हुनुपर्दछ ।

| कार्य | परिमाण(घ.मि.) | दर रु. | रकम रु. |
|---|---|---|---|
| Excavation for Access Road | ७२ | ५२३।२४ | ३७६७३। |
| जम्मा | | | ३७६७३। |

६६

**थप प्रमाण नभएको**

उपभोक्ता समिति गठन,परिचालन तथा व्यबस्थापन सम्बन्धी सम्बन्धी कार्य गर्दा उपभोक्ता भेला गरेको माइन्युटका अतिरिक्त उपभोक्ता समितिले बिभिन्न काम गर्दा उपस्थित व्यक्तिहरुको सामुहिक फोटोहरु संम्लग्न गरेमा कामको बिश्वसनियता बृद्धि गर्न थप गर्न सहयोग पुऱ्याउनेमा सो अनुसार गरेको देखिने प्रमाण पेश गरेको देखिदैन ।यस्तो अबस्थामा उपभोक्ता समितिको नामबाट भएका बिभिन्न बैठक तथा सार्बजनिक सुनुवाई सहितका कार्य यथार्थरुपमा सबै प्रकृया पुरा गरी भएका हुन भनि बिश्वस्त हुने अबस्था छैन । यस्ता कार्यमा सुधारका लागि सरोकारवाला सबैको ध्यान जान आबश्यक देखिन्छ ।

६७

**हस्तान्तरण नगरेको**

सार्बजनिक खरिद नियमाबली ,२०६४ को नियम ९७(७) बमोजिम उपभोक्ता समिति वा लाभग्राही समुदायले आफुले प्रत्येक किश्तामा गरेको खर्चको सुचना सार्बजनिक टाँस गर्नुपर्ने,तोकेको अबधि र प्रकृया बमोजिम सामाजिक लेखापरीक्षण गर्नुपर्ने, ९७(१२) बमोजिम निर्माण कार्य सम्पन्न भए पछि सार्बजनिक निकायले सोको रेखदेख, मर्मतसम्भार गर्ने जिम्मेवारीसमेत तोकि आयोजनाको स्वामित्व उपभोक्ता समिति वा लाभग्राही समुदायलाई नै हस्तान्तरण गर्नु पर्नेमा सो अनुसार गरेको पाईएन । यस्तो प्रकृया नियमानुसार नभएकोले तोकेको प्रकृया पुरा गरि काम गर्ने गराउने व्यबस्था हुनुपर्दछ ।

| | | | | |
|---|---|---|---|---|
| ६८ | | | **हेभी इक्विपमेण्टको प्रयोग**<br><br>सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ को उपनियम (९) मा उपभोक्ता समिति वा लाभग्राही समुदायबाट सञ्चालित हुने निर्माण कार्यमा डोजर, एक्साभेटर, लोडर, रोलर, ग्रेडर जस्ता हेभी मेशिनरी प्रयोग गर्न नमिल्ने व्यवस्था छ । तर लागत अनुमान तयार गर्दाको समयमा हेभी मेशिन प्रयोग गर्नुपर्ने जटिल प्रकृतिको कार्य भन्ने उल्लेख भएको रहेछ भने सम्बन्धित प्राविधिकको सिफारिसमा सार्वजनिक निकायबाट सहमती लिई त्यस्ता मेशिन प्रयोग गर्न सकिने व्यवस्था भएकोमा लागत अनुमान तयार गर्दा जटिल प्रकृतिको काम नखुलाइएको र उपभोक्ता समितिले एक्साभेटर/डोजर प्रयोग गर्दा प्राविधिकको सिफारिस लिई सार्वजनिक निकायबाट सहमती लिएको पुष्ट्याईं नभए पनि नापजाँच गरी भुक्तानी दिएको देखिएको छ । यस्तो कार्य नियमानुसार नभएकोले सुधार हुनुपर्दछ । | |
| ६९ | | | **उपभोक्ता समिति दर्ता**<br><br>सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ मा उपभोक्ता समितिबाट कार्य गराउने व्यवस्था छ । संस्था दर्ता ऐन, २०३४ को दफा ३ मा कुनै पनि संस्था विधानसहित दर्ता नभएमा कानूनी मान्यता दिन मिल्ने देखिदैन । पालिकाले यो बर्ष ३६३ उपभोक्ता समितिसँग सम्झौता गरी कार्य गराई रू .४,८९,६२,९२५। भुक्तानी गरेकोमा उपभोक्ता समिति ऐनको उक्त व्यवस्थाअनुसार दर्ता भएको पाइएन । त्यस्ता समितिहरु स्थानीय स्तरमा सञ्चालित आयोजनाको निर्माण गर्न अस्थायी रुपमा गठन हुने र कार्य सम्पन्न पश्चात् समिति विघटन हुने हुँदा निर्माण कार्य सम्पन्न भएका आयोजना सञ्चालन तथा मर्मत सम्भारमा ती समितिलाई जिम्मेवार बनाउन कठिनाइ हुने र त्यस्ता समितिहरुले आय व्ययको लेखापरीक्षणसमेत नगराउने भएकोले स्थायी संयन्त्रमार्फत् काम गर्ने, गराउने गरी सुधार हुनुपर्दछ । | |
| ७० | | | **पाइप जडान**<br><br>सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२३(ख) मा सार्वजनिक निकायले कुनै विल विजकको भुक्तानि गर्दा प्राविधिक नापजाँच गरी वास्तविक कार्य सम्पादनको आधारमा भुक्तानि गर्नुपर्ने व्यवस्था छ। पालिकाले सम्झौता, नापी किताब संलग्न नगरि देहाय बमोजिमको कार्यक्रमबाट विभिन्न साइजका खानेपानी पाइप तथा ग्याविन जाली लगायतका समाग्री खरिद गरि वितरण गरेको देखिएकाले खरिद भएका पाइप तथा अन्य सामाग्री जडान भएको नापी किताब र कार्यसम्पन्न प्रतिवेदन सहितको प्रमाण पेश हुनुपर्दछ। | |

| भौ।नं।।मिति | आपुर्तक | साइज | सामाग्रि विवरण | रकम रु |
|---|---|---|---|---|
| ३६।०७८।९।१२ | अनिल मेटल पसल | 20 mm HDPE | 1000 mtr | १४९८२४। |
| | | 25 mm PN 12.5 | 466 mtr | |
| | | 40 mm PN 10 | 300 mtr | |
| | | 32 mm PN 10 | 700 mtr | |
| २४।078।८।2८ | एलिसा हार्डवेयर एण्ड सप्लायर्स | 32 mm PN 16 | 345 mtr | २९१८२। |
| | | 25mm PN 10 | 250 mtrt | |

| | | | | |
|---|---|---|---|---|
| ४३।०७८।९।२३ | यू भागेश्वर ट्रेड एण्ड सप्लायर्स | HDPE 20 mm PN 16 | 1320 mtr | ५००००। |
| १२८।०७८।1१।२७ | अनिल मेटल पसल | 32 mm PN 10 | 873 mtr | ६००००। |
| 2३४।०७९।1।७ | उपभोक्ता समितिद्वारा खरिद | NS 32mm | 391mtr | ५००००। |
| २६३।०७९।२।५ | उपभोक्ता समितिद्वारा खरिद | 32 mm PN 10 | 300 mtr | ५००००। |
| | | 25mm HDPE PN 16 | 300 mtr | |
| | | 20 mm HDPE PN 16 | 1000 mtr | |
| ४१२।०७९।३।२५ | सिद्धिविनायक ट्रेड एण्ड सप्लायर्स | 1 1/2*1*1 | 37 थान | १४७९६५। |
| ४१४।०७९।३।२५ | सिद्धिविनायक ट्रेड एण्ड सप्लायर्स | ½ inch | 200 kg | १८९४००। |
| | | ¼ inch | 200 kg | |
| | | 1 inch | 200 kg | |
| ४१६।०७९।३।२५ | गिल्लेश्वरी जनरल स्टोर | HDPE 20 mm | 900 mtr | ९७७०४। |
| | | HDPE 32 mm | 600 mtr | |
| | | CGI plain Sheet | 12foot | |
| **जम्मा** | | | | ८,२४,०७५। |

७१

**मन्दिर निर्माण तथा मर्मत**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ ले प्रमुख प्रशासकीय अधिकृतले स्वीकृत बजेट खर्च गर्दा नियमितता, मितव्यिता, प्रभावकारिता, कार्यदक्षता र औचित्यता समेतको आधारमा खर्च गर्नु पर्ने व्यवस्था छ ।पालिकाले यो वर्ष विभिन्न ३७मन्दिर निर्माण तथा मर्मतमा रू.६०,९६,२४५।विनियोजन गरी खर्च लेखेको छ । दिगो र उत्पादनमूलक क्षेत्रमा पुँजिगत बजेट बिनियोजन गरी स्थानीय रोजगारी सृजना तथा गरिवी निवारणमा केन्द्रित हुनु पर्नेमा मन्दिर निर्माण जस्ता धार्मिक कृयाकलापमाकूल पालिकाको पुँजिगत बजेटको८.९४प्रतिशत खर्च भएको देखियो । भक्तजनहरुको आस्था र दान भेटीबाट संरक्षण तथा सम्वर्द्दन गर्नु पर्ने गरी मन्दिरहरुको व्यवस्थापनमा सम्बन्धित उपभोक्तालाई जिम्मेवारी बढाई पालिकाले आय आर्जन तथा रोजगारी बढाउने तथा सडक, सिंचाई योजना निर्माण जस्ता पुँजिगत कार्यमा प्राथमिकता दिनुपर्दछ ।

७२

**सामाजिक सुरक्षा वितरण**

पालिकाले यस आर्थिक वर्षमा सामाजिक सुरक्षा भत्ता बापत NCC बैकं, प्रभु बैकं र ग्लोबल IME बैकं गरि ३ वटा बैकंवाट जम्मा रु. ९,१३,०३,३४९।७० वितरण गरेको विवरण उपलब्ध गराएको छ । यस सम्बन्धमा देखिएका व्यहोरा निम्न छन् ।

| | | | | |
|---|---|---|---|---|
| ७२.१ | | | के वाइ सी अद्यावधिक नभएको - सामजिक सुरक्षा भत्ता वितरण कार्यविधि, २०७७ को बुँदा नं. २४ अनुसार बैंकले सामाजिक सुरक्षा भत्ता सम्बन्धित लाभग्राहीको नाममा शुन्य मौज्दातमा खाता खोलि जम्मा गरिदिने र सम्बन्धित लाभग्राहीले कागजात पेश गरे पश्चात खाता सक्रिय हुने उल्लेख छ। बैंकले पालिकाबाट प्राप्त सबै रकम सम्बन्धित लाभग्राहीको खातामा जम्मा गरेको फर्वाड फिड उपलब्ध गराए तापनि के कति लाभग्राहीको खाता अध्यावधिक भइ सक्रिय भए र के कति निश्क्रिय अवस्था छन् सो को विवरण उपलब्ध गराएको देखिएन । जसबाट खर्च रकम सबै लाभग्राही बुझे नबुझेकोमा एकिन हुन सकिदैन । अत बैंकबाट खाता सक्रिय भएको विवरण प्राप्त गरी लाभग्राहीको खाता अध्यावधिक गर्नुपर्दछ । | |
| ७२.२ | | | सामाजिक सुरक्षा भत्ता - सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन कार्यविधि, २०७५ ले लाभग्राहीको नाम दर्ता र नवीकरण, लगत कट्टा तोकिएको मिति भित्रै परिचयपत्र अनिवार्य रूपमा नवीकरण गरी सामाजिक सुरक्षा भत्ता वितरण गर्नुपर्ने, प्रत्येक बर्ष लगत अद्यावधिक गरी लाभग्राहीको संख्या यकिन गर्नुपर्ने, सामाजिक सुरक्षा कार्यक्रमलाई प्रभावकारी रूपमा सञ्चालन गर्न नियमित रूपमा अनुगमन गर्नुपर्ने, केन्द्रिकृत सुचना प्रणालीमा प्रविष्टी गरि अद्यावधिक गर्ने जिम्मेवारी सामाजिक सुरक्षाको अख्तियारी पाउने सम्बन्धित स्थानिय निकायको हुने व्यवस्था गरेको छ। पालिकाले यस वर्ष बैकं मार्फत रू. ९,१३,०३,३४९।७० सामाजिक सुरक्षा वितरण गरेको छ। बैकंवाट वितरण गरेका लाभग्राहीको लगत अद्यावधिक नगरेका कारण बैकंमा पठाएको र बैकंले फिर्ता गरेको रकमसँग भिडान गर्ने अवस्था छैन। पालिकाले वेलैमा लगत अद्यावधिक नगरेका कारण बैकंलाई रकम निकासा गर्दा धेरै गर्ने र वितरण भई सकेपछि बैकंले ठुलो रकम फिर्ता गर्ने गरेको देखियो। यस सम्वन्धमा पालिकाले विवरणहरू एकिन गरि लगत अद्यावधिक गर्ने तर्फ ध्यान दिनुपर्ने देखिन्छ। | |
| ७२.३ | | | निष्क्रिय खाताको विवरण नभएको - सामजिक सुरक्षा भत्ता वितरण कार्यविधि, २०७७ को बुँदा नं. २६ अनुसार सामाजिक सुरक्षा कार्यक्रमको लागि निकासा भएको रकम सोही आर्थिक वर्षमा खर्च नभएमा संघीय संचित कोषमा फिर्ता गर्नुपर्दछ । पालिकाले यस आर्थिक वर्षमा लाभग्राहीको संख्या अनुसार सामाजिक सुरक्षा भत्ता बैंक मार्फत भुक्तानी गरेको तर बैंकबाट हालसम्मका निष्क्रिय (डोरम्याट) खाताको विवरण पालिकालाई उपलब्ध नगराएकोले कति रकम लाभग्राहीको खातामा जम्मा भएको तर निष्क्रिय रुपमा रहेको छ त्यस सम्बन्धमा एकिन हुन सकिएन । बैंकबाट हालसम्मका सम्पुर्ण डोरम्याट खाताको विवरण प्राप्त गरी निष्क्रिय खातामा रहेको रकम संघीय संचित कोषमा फिर्ता गर्नुपर्दछ । | |
| ७३ | | | **अनुगमन भत्ता**<br><br>सुदुरपश्चिम प्रदेशले जारी गरेको स्थानीय तहका पदाधिकारी तथा सुविधा सम्बन्धी ऐन, २०७५ को दफा १२ मा स्थानीय तहका पदाधिकारीले यस ऐनले निर्धारण गरेको सुविधा बाहेक अन्य सुविधा लिन नपाउने उल्लेख छ।तर पालिकाले तपसिल बमोजिमको अनुगमन भत्ता वापत खर्च लेखेको छ। ऐनमा उल्लेखित बाहेकको सुविधा दिनु मनासिव नदेखिएको सम्बन्धमा पालिकावाट यर्थाथता एकिन गरी प्रमाण पेश हुनुपर्ने रू.<br><br>क्र.स \| गो भौ नं मिति \| नाम \| पद \| रकम<br>१ \| १९८,२०७८/९/१८ \| लक्ष्मी कामि \| का पा सदस्य \| ६,०००।<br>२ \| ३२२,२०७८/११/१ \| कविन्द्र विष्ट \| अध्यक्ष \| १०,०००। | १६०,२०० |

| क्र.स | गो भौ नं मिति | नाम | पद | रकम |
|---|---|---|---|---|
| १ | १९८,२०७८/९/१८ | लक्ष्मी कामि | का पा सदस्य | ६,०००। |
| २ | ३२२,२०७८/११/१ | कविन्द्र विष्ट | अध्यक्ष | १०,०००। |

<table>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><td>३</td><td>२०३,२०७८/९/१९</td><td>धन वहादुर साउद</td><td>वडा अध्यक्ष</td><td>६,२००।</td></tr>
<tr><td>४</td><td>१९१,२०७८/९/१४</td><td>डम्वरी देवि ओली</td><td>उपाध्यक्ष</td><td>१०,०००।</td></tr>
<tr><td>५</td><td>९४४,२०७९/३/२४</td><td>निर्मला कुमारी वोगटी</td><td>उपाध्यक्ष</td><td>१२८,०००।</td></tr>
<tr><td colspan="4">जम्मा</td><td>१,६०,२००।</td></tr>
</table>
</td><td></td></tr>
<tr><td>७४</td><td></td><td></td><td>
गाडी भाडा<br><br>
सुदुरपश्चिम प्रदेश अन्तर्गतका स्थानीय तहका पदाधिकारी तथा सदस्यले पाउने सुविधा सम्बन्धी ऐन, २०७५ मा सवारी साधन उपलब्ध नगराएको खण्डमा उपाध्यक्षलाई यातायात खर्च वापत मासिक रु.९०००।का दरले सुविधा उपलब्ध गराउने उल्लेख छ । पालिकाले तपसिलबमोजिम उपाध्यक्षलाई यातायात खर्च सुविधा मासिक रुपमा रु.९,०००। दरले उपलब्ध गराई रहेकोमा कार्यालयको कामकाजको सिलसिलमा उल्लेख गरी गाडी भाडा वापतको थप रकम भुक्तानी दिएको पाईयो ।यातायात खर्च सुविधा लिई पुन गाडी भाडा भुक्तानी मनासिव देखिएन रु.<br><br>
<table>
<tr><td>क्र.स</td><td>गो भौ नं र मिति</td><td>नाम</td><td>रकम रु.</td></tr>
<tr><td>१</td><td>२९,२०७८/६/२०</td><td rowspan="3">डम्वरी देवि ओली</td><td>११०००।</td></tr>
<tr><td>२</td><td>६०,२०७८/७/१०</td><td>१६०००।</td></tr>
<tr><td>४</td><td>५१५,२०७८/१/६</td><td>१२०००।</td></tr>
<tr><td>६</td><td>९४४,२०७९/३/२४</td><td>निर्मला कुमारी वोगटी</td><td>१,४२,०००।</td></tr>
<tr><td colspan="3">जम्मा</td><td>१,८१,०००।</td></tr>
</table>
</td><td>१८१,०००</td></tr>
<tr><td>७५</td><td></td><td></td><td>
आवास भाडा<br><br>
सुदूरपश्चिम प्रदेशको स्थानिय तहका पदाधिकारी तथा सदस्यको सुविधा सम्वन्धि ऐन, २०७५ को दफा ३(१) सँग सम्वन्धित अनुसुची १(ख )मा पदाधिकारिको सुविधा सम्वन्धि व्यवस्था छ । सो ऐनमा व्यवस्था नभएको सुविधा वापत यस पालिकाले मासिक रु.६,०००। का दरले उपाध्यक्ष श्री डम्वरी देवी ओलीलाई आवास भाडा वापत वार्षिक रु.७२,०००। भुक्तानी गरेको छ ।ऐनमा व्यवस्था नभएको आवास भाडा दिन मिल्ने आधार नदेखिएको रु.
</td><td>७२,०००</td></tr>
<tr><td>७६</td><td></td><td></td><td>स्वकीय सचिव र सल्लाहकार</td><td>२४०,०००</td></tr>
</table>

| | | | | |
|---|---|---|---|---|
| | | | सुदुरपश्चिम प्रदेश स्थानीय तहका पदाधिकारी तथा सदस्यको सुविधा सम्वन्धी ऐन, २०७५ (पहिलो संशोधन समेत) मा यस प्रदेशमा स्थानीय तहका प्रमुख तथा उप प्रमुखले स्वकीय सचिव/सल्लाहकार राख्न पाउने व्यवस्था गरेको छैन् । त्यसैगरी स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ८३(८) मा तोकिएको भन्दा फरक पदमा कर्मचारी पदपूर्ती गर्न नहुने उल्लेख छ । तर गाँउपालिका उपाध्यक्षका लागि स्वकीय सचिव श्री नरेन्द्र वहादुर ओलीलाई नियुक्त गरी मासिक रु.२०,०००।का दरले वर्षभरीमा रु.२,४०,०००।भुक्तानी भएको छ ।यस्तो कार्य नियन्त्रण गरि ऐनको पालना गर्नुपर्ने रू. | |
| ७७ | | | **भ्रमण खर्च -** | |
| ७७.१ | | | सुदुरपश्चिम प्रदेश अन्तर्गतका स्थानीय तहका पदाधिकारी तथा सदस्यले पाउने सुविधा सम्बन्धी ऐन, २०७५ तथा भ्रमण खर्च नियमावली, २०६४ बमोजिम पालिकाले कर्मचारी तथा पदाधिकारीलाई भ्रमण खर्च र अनुगमन मुल्यांकन खर्च वापत रु.३१,५०,२४०। खर्च गरेको छ ।भ्रमण खर्च भुक्तानी गर्दा देखिएका व्यहोराहरु देहाय बमोजिम छनः<br><br>• अधिकांश भ्रमणको उद्देश्य र प्रयोजन कार्यालयकै कामका लागि भएको भनी सुनिश्चित हुने विश्वसनीय आधार नदेखिएको,<br><br>• भ्रमण पश्चात तोकिए बमोजिम भ्रमण प्रतिवेदन पेश नगरी अधिकांश भ्रमणको भ्रमण खर्च भुक्तानी गर्ने गरेको,<br><br>• कतिपय भ्रमणहरु पालिका वा कार्यालयसँग असम्बन्धित अन्तरपालिका भ्रमणमा गएको जनाई सो वापतको खर्च भुक्तानी गर्ने गरेको,<br><br>• अधिकांश भ्रमण आदेशहरुमा भ्रमण आदेश नं नराखेको र भ्रमण अभिलेख अद्यावधिक गरी नराखेको,<br><br>अतः स्पष्ट प्रयोजन र उद्देश्य बेगर अधिकांश ७ दिनको समयावधी राखी भ्रमण खर्च भुक्तानी गरेको अवस्थाबाट भ्रमण खर्च पालिकाको प्रयोजनमा उच्चतम उपयोग भएको छ भनि विश्वस्त हुने अबस्था रहेन । त्यसैले तोकिएको कानुनी व्यवस्थाको पालना गर्दै भ्रमण खर्च गर्दा पालिकाको प्रयोजनमा खर्च भएको सुनिश्चित हुने व्यबस्था सहित सबै भ्रमण पश्चात भ्रमण प्रतिबेदन लिने व्यबस्था हुनुपर्दछ । | |
| ७७.२ | | | सुदूरपश्चिम प्रदेशको स्थानीय तहका पदाधिकारी तथा सदस्यको सुविधा सम्वन्धि ऐन, २०७५ भ्रमण खर्च नियमावली, २०६४ को नियम ७ मा सरकारी कामको सिलसिलामा मुलुकभित्र आफ्नो कार्यालय भन्दा बाहिर भ्रमणमा वा काजमा खटिएका पदाधिकारी वा कर्मचारीले तोकिए बमोजिमको दरमा दैनिक भत्ता पाउने उल्लेख छ ।यस पालिकाका अध्यक्ष श्री कविन्द्र व विष्टले विभिन्न मितिमा काठमाण्डौ भ्रमणको अवधिमा काठमाण्डौ रहँदा गाडि भाडामा लिई तपसिलबमोजिमको रकम सवारी चालकलाई बुझाएको भरपाई पेश गरी गाडी भाडाको रकम भुक्तानि लिएको पाइयो । नियमावलीमा उल्लेख भएको भन्दा बाहेक स्पष्ट कारण र प्रयोजन विना भरपाई संलग्न राखी गाडी भाडाको रकम भुक्तानि लिनु मनासिव देखिएन ।यस्तो कार्य गर्दा मितव्ययी र औचित्यपूर्ण हुनुपर्ने रू.<br><br>क्र.स \| गो भौ नं र मिति \| रकम रु.<br>१ \| १८१,२०७८/९/१२ \| १५,०००। | ४८,००० |

| क्र.स | गो भौ नं र मिति | रकम रु. |
|---|---|---|
| १ | १८१,२०७८/९/१२ | १५,०००। |

<table>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><td>२</td><td>५१४,२०७९/१/६</td><td>३३,०००।</td></tr>
<tr><td colspan="2">जम्मा</td><td>४८,०००।</td></tr>
</table>
</td><td></td></tr>
<tr><td>७८</td><td></td><td></td><td>
पारिश्रमिक कर<br><br>
आयकर नियमावली ,२०५९ को नियम ३१ मा वार्षिक पारिश्रमिकमा लाग्ने कर दामासाहीको हिसावले मासिक रुपमा कर कट्टा गर्नु पर्ने व्यवस्था छ ।त्यस्तै आयकर ऐन , २०५८ को अनुसुचि १ बमोजिम करको दर निर्धारण गरी कर कट्टि गरी पारिश्रमिक भुक्तानी गर्नु पर्नेमा यस पालिकाले निम्न ब्यक्तीको पारिश्रमिक भुक्तानीमा पारिश्रमिक कर अग्रिम रुपमा कट्टि नगरेको देखिएकोले नियमानुसार तपशिल बमोजिमको पारिश्रमिक कर असुल गरी दाखिला गर्नु पर्ने रु.<br><br>
<table>
<tr><th>क्र.स</th><th>नाम</th><th>बार्षिक तलव भत्ता</th><th>जम्मा कट्टि रकम</th><th>करयोग्य आय</th><th>कट्टि गर्नु पर्ने रकम</th><th>कट्टि गरेको रकम</th><th>कट्टि गर्न बाँकी कर रकम</th></tr>
<tr><td>१</td><td>महेन्द्र वोहरा</td><td>८४७५१५</td><td>२१४४२४</td><td>६३३०९१</td><td>२६६१८</td><td>१६८०</td><td>२४,९३८।</td></tr>
<tr><td>२</td><td>पदमराज धिक्त</td><td>६९४८५१</td><td>१५८८३६</td><td>५३६०१५</td><td>८६०१</td><td>७२७२</td><td>१,३२९।</td></tr>
<tr><td>३</td><td>पुष्प राज जोशी</td><td>६४०८९३</td><td>१५९४४०</td><td>४८१४५३</td><td>३१४५</td><td>१७४०</td><td>१,४०५।</td></tr>
<tr><td>४</td><td>आशुतोस जोशी</td><td>६६६८६९</td><td>१८३०८३</td><td>४८३७८६</td><td>३३७८</td><td>७३५</td><td>२,६४३।</td></tr>
<tr><td>५</td><td>देवदत्त अवस्थी</td><td>६६३२८५</td><td>१४९२९१</td><td>५१३९९४</td><td>५७०४</td><td>७५१</td><td>४,९५४।</td></tr>
<tr><td>६</td><td>भिम वहादुर खाती</td><td>६६८०५५</td><td>१४९२९१</td><td>५१८७६४</td><td>६१८२</td><td>७५१</td><td>५,४३१।</td></tr>
<tr><td>७</td><td>विरेन्द्र व साउद</td><td>६६६१४७</td><td>१४९२९१</td><td>५१६८५६</td><td>५९९१</td><td>७५१</td><td>५,२२०।</td></tr>
<tr><td>८</td><td>नरेन्द्र सिंह साउद</td><td>६३६८२८</td><td>१६८८४४</td><td>४६७९८४</td><td>१७९८</td><td>१२००</td><td>५,९८।</td></tr>
<tr><td colspan="7">जम्मा</td><td>४६,५१८।</td></tr>
</table>
</td><td>४६,५१८</td></tr>
<tr><td>७९</td><td>११४</td><td>२०७८-८-२७</td><td>
विधुत जरिवाना<br><br>
आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व ऐन, २०७६ को दफा २४(२)मा सरकारी रकम खर्च गर्दा साधन स्रोतको उच्चतम प्रतिफल प्राप्त हुने र प्राप्त प्रतिफलको उचित गुणस्तर समेत कायम हुने गरी मितव्ययी तरिकाले गर्नु पर्दछ ।यस पालिकाले विधुत महशुल भुक्तानी गर्दा विधुत महशुल वापत विल रकम
</td><td>१०,४८०</td></tr>
</table>

| | | | | |
|---|---|---|---|---|
| | | | रु.४४,३०५।मा थप रु. १०,४८०।जरिवान सहित रु.५४,७८५। भुक्तानी गरेको छ । समयमै विधुत महशुल भुक्तानी नगरी जरिवानासहित विधुत महशुल भुक्तानी गर्नु मनासिव देखिएन रु. | |
| ८० | | | **सिफारिस बेगर भुक्तानी**<br><br>प्राविधिक तथा अन्य शाखाहरूबाट आर्थिक प्रशासन शाखामा भुक्तानीको लागि आवश्यक अन्य कागज पत्रहरू सहित सिफारिसको लागि म.ले.प. फाराम नं.202 को ढाँचामा भुक्तानी कारोवारको सिफारिस पत्र लिएर भुक्तानी दिनु पर्नेमा सिफारिस पत्र नलिई भुक्तानी दिने गरेको देखियो । आर्थिक प्रशासन शाखाले भुक्तानी दिदा सिफारिस पत्र लिएर भुक्तानी दिने व्यबस्था हुनुपर्दछ । | |
| ८१ | | | **रकम बाँडफाँड नभएको**<br><br>सुदूरपश्चिम प्रदेश आर्थिक मामिला मन्त्रालयको प सं ०७९।८० च नं ५८ मिति २०७९।४।२४ को पत्र अनुसार यस पालिका लगायत यस प्रदेशका सबै पालिकाले प्रदेश आर्थिक ऐन बमोजिम आफ्नो क्षेत्रभित्र माटो, ढुङ्गा, गिट्टी, वालुवा र दहत्तर बहत्तरको राजश्व रकम पालिकाको विभाज्य कोषमा राखी सो मध्येबाट ६० प्रतिशत रकम सम्बन्धित स्थानीय तहको संचित कोषमा र बाँकी ४० प्रतिशतले हुने रकम मासिकरुपमा प्रदेश सञ्चित कोषमा जम्मा गरी सोको विवरण सहितको जानकारी आर्थिक मामिला मन्त्रालयमा पठाउनु पर्नेमा २०७८।७९ को रकम हालसम्म सञ्चित कोषमा दाखिला नगरेकोले दाखिला गरी तथा २०७८।७९ को संकलन हुने राजश्व बाँडफाँडको रकम सोही अनुरुप प्रदेश सञ्चित कोषमा नियमितरुपमा जम्मा गरी सोको विबरण मन्त्रालयमा उपलव्ध गराउनु हुन भनि सरोकार राख्ने राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोग, अर्थ मन्त्रालय, संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय, राष्ट्रिय योजना आयोग सिँहदरबार तथा मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय सुदूरपश्चिम प्रदेशलाई पत्र पठाएकोमा यस पालिकाबाट लेखापरीक्षण समय २०७९ पुससम्ममा उक्त व्यहोरा अनुसार राजश्व आम्दानी नभएको भनि कुनै रकम पठाएको पाइएन । आम्दानी नभएको कारणले नपठाएको भने पनि यस्तो राजश्व बाँडफाड सम्बन्धमा सम्बन्धमा स्पष्ट नभएकोले सम्बन्धित पालिका र प्रदेश सरकारले समन्वय गरी अशुली रकमको बाँडफाँड सम्बन्धमा स्पष्ट हुन आबश्यक देखिन्छ । | |
| ८२ | | | **सार्बजनिक जग्गाको उपयोग**<br><br>भूमि सम्बन्धि ऐन, २०२१ को ५९क. मा सरकारी विद्यालय, सरकारी स्वास्थ्य केन्द्र वा अस्पतालको वा सरकारी प्रयोजनको लागि जग्गा आवश्यक भई त्यस्तो स्थानमा सरकारी जग्गा नरहेको वा भए पनि प्रयोग गर्न उपयुक्त नरहेको कारण त्यस्तो स्थानमा रहेको सार्बजनिक प्रकृतिको जग्गा प्रयोग गर्न उपयुक्त र आवश्यक हुने देखिए नेपाल सरकारको स्वीकृति लिएर प्रयोग गर्न सकिने व्यबस्था रहेको छ । पालिकाले सार्बजनिक जग्गा उपयोगमा ल्याउदा नेपाल सरकारको स्वीकृति नलिएको अबस्था देखिएकोले निर्माण कार्य गर्दा उक्त व्यहोरा कार्यान्वयनका लागि आबश्यक पहल गरेरमात्र निर्माण कार्य सुरु गर्न ध्यान जान आबश्यक देखिन्छ । | |
| ८३ | | | **सोझै खरिद**<br><br>सार्वजनिक खरिद ऐन, २०६३ को दफा ८ बमोजिम प्रतिस्पर्धा सिमित नहुने गरी खरिद गर्नुपर्ने व्यवस्था छ । त्यस्तै सार्वजनिक खरिद नियमावलीमा रु.१० लाखसम्मको खरिद कार्य सोझै गर्न सकिने, रु.१० लाखभन्दा माथि रु.२० लाखसम्म सिलबन्दी दरभाउपत्रबाट र सोभन्दा माथि बोलपत्रको माध्यमबाट खरिद गर्ने व्यवस्था छ । त्यस्तै सोझै खरिद कार्य गर्दा एक आर्थिक वर्षमा सीमाभन्दा बढीको खरिद गर्न नहुने एवं एउटा आपूर्तिकर्तासंग एक पटकभन्दा बढी सोझै खरिद | |

| | | | | |
|---|---|---|---|---|
| | | | गर्न नहुने उल्लेख छ । पालिकाहरुले आ.व २०७८/७९ मा मसलन्द तथा कार्यालय सामाग्री शिर्षकबाट रु.३९,२६,६९७। कार्यालय सामान खरिद गरेकोमा प्रतिस्पर्धात्मक विधि अपनाइएको पाईएन ।यस्ता कार्यलाई नियन्त्रण गरी पालिकाले सार्वजनिक खरिद ऐन र नियमावलीले व्यवस्था गरे बमोजिमका खरिद विधि अपनाउन तर्फ ध्यान दिनु पर्दछ । | |
| ८४ | | | **कार्य योजना स्वीकृत नगरेको**<br><br>स्थानीय सरकार संचालन ऐन,२०७४ को दफा ६२ख. मा सामुदायिक वन उपभोक्ता समितिले वन पैदावार बिक्री तथा उपयोग सम्बन्धी आफ्नो वार्षिक कार्ययोजना बनाई गाउँपालिका तथा नगरपालिकाबाट स्वीकृत गराउनु पर्ने र वन पैदावारको बिक्रीवापत प्राप्त हुने रकमको दश प्रतिशत रकम सम्बन्धित गाउँपालिका तथा नगरपालिकाको सञ्चित कोषमा जम्मा गर्नु पर्ने उल्लेख छ । यस पालिकाभित्रका सामुदायिक वन उपभोक्ता समितिले यस पालिकाबाट कार्य योजना स्वीकृत नगरेको र वन पैदाबारको बिक्रीबाट प्राप्त हुने रकमको दश प्रतिशत रकम पालिकामा जम्मा गरेको समेत पाइएन ।कार्य योजना स्वीकृत गराउने र वन पैदावारको बिक्रीवापत प्राप्त हुने रकम पालिकाको सञ्चित कोषमा जम्मा गर्ने व्यबस्था हुनुपर्दछ । | |
| ८५ | | | **शिक्षकको तलब भत्ता**<br><br>अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा९ ले स्थानीय तहलाई स्वीकृत दरबन्दी भित्रका शिक्षकको तलब भत्ता बापत सशर्त अनुदान उपलब्ध गराउने व्यवस्था छ। साविकको जिल्ला शिक्षा कार्यालयवाट अनुमति प्राप्त गरी सञ्चालनमा रहेका र कुनै पनि दरबन्दी तथा राहत अनुदान कोटा प्राप्त नगरेका विद्यालयलाई शिक्षक व्यवस्थापन गर्ने गरी शैक्षिक सत्र २०७८ का लागि सहयोग अनुदान दिन सकिने व्यवस्था छ। तर पालिकाले स्वीकृत दरबन्दी बाहिर विभिन्न विद्यालयहरूमा स्वयम सेवक शिक्षक नियुक्त गरी वित्तीय समानीकरण अनुदानवाट रू.४३,९१,५३३। तलब भत्ता भुक्तानी गरेकोले यस्तो भुक्तानी भुक्तानी खर्च नियमित देखिएन रु. | ४,३९१,५३३ |
| ८६ | | | **भुक्तानी दिन बाँकी**<br><br>आर्थिक बर्ष २०७७।७८ को रु.१,४८,००९। भुक्तानी दिन बाँकी भनि गाँउ कार्यपालिकाले २०७८।८।२७ मा निर्णय गरेको आधारमा यस बर्ष भुक्तानी दिएको छ । तर आ ब २०७८।७९ को २०७९।८० मा भुक्तानी दिन बाँकी नरहेको उल्लेख छ । भुक्तानी दिन बाँकी रहेको अबस्थामा तोकिए बमोजिम भुक्तानी दिन बाँकीको विबरण म ले प फा नं २२१ समेत प्रमाणित गरी राखुपर्नेमा साबिकको म ले प फा नं १८ कार्यालय प्रमुख, लेखा प्रमुख र आ ले प शाखा प्रमुखले प्रमाणित गरी राखेको आधारमा भुक्तानी दिएको जानकारी हुन आयो । भुक्तानी दिन बाँकी यथार्थ रकम एकिन गरी नयाँ ढाँचाको म ले प फा नं २२१ प्रमाणित गरी भुक्तानी दिने व्यबस्था हुनुपर्दछ । | |
| ८७ | | | **कृषी र पशु अनुदान**<br><br>आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व ऐन, २०७६ को दफा २४(२)मा सरकारी रकम खर्च गर्दा साधन स्रोतको उच्चतम प्रतिफल प्राप्त हुने र प्राप्त प्रतिफलको उचित गुणस्तर समेत कायम हुने गरी मितव्ययी तरिकाले गर्नु पर्दछ ।पालिकाले आ.व २०७८/७९ मा वाखा पालन व्यवसायीलाई अनुदान ,बोईलर कुखुरा पालन गर्ने कृषकलाई अनुदान ,कन्ने च्याउ सहयोग ,सामुहिक र एकल तरकारी खेती कुखुरा वाखा पालन अनुदान , बहुउदेश्यिय व्यवसाय फर्म अनुदान र | |

| | | | | |
|---|---|---|---|---|
| | | | अगुवा कृषकका लागि कृषि सामाग्री खरिद तथा वितरण कार्यक्रममा रु.२,५९,२२,२२६।को अनुदान वितरण गरी खर्च लेखेको छ ।यस सम्वन्धमा देखिएका व्यहोराहरु-<br><br>• पालिकाले निवेदनका आधारमा व्यक्ती, समुह र फर्मलाई अनुदान वितरण गरेको छ ।<br><br>• कृषक छनोट र अनुदान वितरणका लागि स्पष्ट मापदण्ड तयार गरेको छैन ।<br><br>• पालिकाबाट प्रदान गरेको अनुदानबाट लाभान्वित कृषकको संख्या खुल्ने तथ्यांक व्यवस्थित राखेको पाईएन ।<br><br>• अनुदान वितरण गर्दा भरपाई मात्र संलग्न राख्ने गरेको परिचय खुल्ने अन्य कुनै कागजात संलग्न नगरेकोले सम्वन्धित व्यक्तीलेनै वुझेको एकिन हुन सकिने अबस्था नरहेको ।<br><br>• पालिकाले वितरण गरेको अनुदानले स्वरोजगारमा सहयोग पुर्याएको छ /छैन यस्तो अनुदानलाई निरन्तरता दिने कि नदिने जस्ता विषयमा पालिकाबाट अनुगमन मुल्याँङ्कन गरेको पाइएन ।<br><br>• आश्यकताको पुर्बानुमन तथा बितरणका आधार तयार नगरी नगरी खरिद तथा वितरण गरेको देखिन्छ ।<br><br>पालिकाले वितरण गरेको अनुदानको प्रभावकारीता सम्वन्धमा नियमित अनुगमन गर्दै अनुदान उययोगको सुनिश्चिता हुने, स्वरोजगारी सिर्जना गरी किसानको जीवनस्तरमा सुधार ल्याउने, राजश्वमा वृद्धि हुने र नमुनामुलक कार्यक्रम संचालन गर्नतर्फ पालिकाको ध्यान जानुपर्दछ । | |
| ८८ | | | **कृषी सामाग्री वितरण**<br><br>पालिकाले बिभिन्न सामाग्री वितरण गर्दा वितरित सामानको उच्चतम सदुपयोग हुने गरी आबश्यक प्रमाण कागजात लिएर वितरण गर्ने व्यबस्था हुनुपर्दछ । तर यस कार्यक्रमबाट बिभिन्न बडाका स्थानीय बासिन्दालाई तरकारी, फलफूल तथा खाद्यान्नका बिउ, बिजन र बेर्नाहरु बितरण गरेको सुनिश्चित हुनका लागि सम्बन्धित सबै लाभग्राहीको परिचय गराउने प्रमाण सहित सम्बन्धित वडा कार्यालयको सिफारिस लिने गरेको पाइएन । यसका अतिरिक्त त्यस्ता सामान वितरण गर्दा बुझिलिने व्यक्तिको के कति जग्गा जमिन छ सो खुलाउने गरेको पाइएन । उल्लेखित व्यहोरा खुल्ने प्रमाण सहित सम्बन्धित वडा कार्यालयको सिफारिस नलिई काम सम्पन्न गर्दा बितरित समान तोकिएको उदेश्य अनुसार गुणस्तरयुक्त सामान प्राथमिकताका आधारमा उच्चतमा सदुपयोग हुने गरी विबरण गरेको छ भन्ने अबस्था रहेन । यस्तो प्रकारले वितरण गर्ने कार्यमा सुधार हुनुपर्दछ । | |
| ८९ | | | **कन्टिन्जेन्सी खर्च** | |

| | | | | |
|---|---|---|---|---|
| | | | सार्वजनिक खरिद नियमावली ,२०६४ को नियम १०(७) संग सम्बन्धित अनुसूची १ मा व्यवस्था भए बमोजिम निर्माण कार्यको लागत अनुमानको कुल जोडमा वर्कचार्ट स्टाफ खर्च २ प्रतिशत र सानातिना अन्य खर्च २ प्रतिशत गरी जम्मा ४ प्रतिशतसम्म कन्टिन्जेन्सी खर्च गर्न पाइने व्यवस्था छ तर वर्कचार्ज स्टाफ खर्च र अन्य खर्च अन्तर्गत कस्ता खर्च समावेश हुने नियममा स्पष्ट उल्लेख छैन । पालिकाले कन्टिन्जेन्सी कार्यकालागि रु.२४ लाख ३ हजार खर्च गरेको जनाएको छ ।कन्टिन्जेन्सी खर्चको गर्ने सम्बन्धमा स्पष्ट व्याख्या गरी खर्च गर्ने गराउने सम्बन्धमा स्पष्ट हुन आबश्यक देखिन्छ । | |
| ९० | | | **औषधी खरिद**<br><br>सार्वजनिक खरिद नियमावली,२०६४ को नियम ८५ को उपनियम १(क) मा २५ लाख रुपैयाँसम्मको औषधिजन्य मालसामान उत्पादकले राष्ट्रिय स्तरको समाचार पत्रमा सूचना प्रकाशन गरी तोकेको बिक्री मूल्यमा सोझै खरिद गर्न सकिने तर सो भन्दा वढी मुल्यको खरिद गर्दा प्रतिस्पर्धाको माध्यमवाट खरिद गर्नुपर्ने उल्लेख छ । पालिकाले यस आर्थिक बर्षमा बिभिन्न बजेट उपशीर्षकबाट कुल रु.५४,७६,९०४। मुल्यका बिभिन्न औषधि तथा औषधीजन्य स्वास्थ्य सामान खरिद गरेकोमा रु.२० लाख ४८ हजारका समान सिलबन्दी दरभाउपत्रबाट खरिद गरी बाकी रु.३४लाख २९ हजारका बिभिन्न औषधि तथा औषधिजन्य सामान पटक पटक सोझै खरिद गरेको छ । यस सम्बन्धमा देखिएका थप व्यहोरा निम्नानुसार छनः<br><br>• आपूर्ति भएको सबै औषधि डब्लु.एच.ओ. सर्टिफाइड हुनुपर्ने, औषधिको उत्पादन मिति, ब्याच नं र म्याद समाप्त मिति उल्लेख गरी सम्बन्धित विषय विज्ञबाट मुचुल्का उठाई राख्ने नगरेको कारण खरिद गरेका औषधीको अवधि कम्तीमा १८ महिनाको हुनुपर्ने भनि उल्लेख भएअनुसार सबै औषधी प्राप्त भए नभएको एकिन नभएको,<br><br>• आपूर्ति भएका सबै औषधी एवं सर्जिकल सामान स्टोर दाखिला हुनुअघि तोकिएको स्पेशीफिकेशन अनुसार भए/नभएको नखुलाएको कारण औषधिको गुणस्तर र म्याद सम्बन्धमा यकिन गर्न नसकिएको,<br><br>• औषधिको जिन्सी किताबमा आम्दानी बाँध्दा खरिद गरेको र अन्यत्रवाट हस्तान्तरण भई आएको खुल्ने गरी व्यवस्थित रुपमा आम्दानी बाँध्ने नगरेको,<br><br>• पालिकाद्धारा निः शुल्क स्वास्थ्य कार्यक्रम भनि लोगो राखेको हुनुपर्ने उल्लेख गरेकोमा उक्त लोगो भएको छ भन्ने प्रमाण संलग्न नरहेको,<br><br>तसर्थ औषधिको खरिद, आपूर्ती, दाखिला तथा खर्चको विवरण अद्यावधिक हुने गरी अभिलेख राख्ने, तोकीएको गुणस्तर अनुसारकै औषधि प्राप्त भए नभएको सम्बन्धित बिज्ञबाट एकिन गरी हस्तान्तरण तथा खरिद गरिएका सबै औषधिको सबै विवरण खुल्ने गरी अभिलेख राख्ने र खरिद कार्य गर्दा प्रतिस्पर्धाको लाभ प्राप्त हुने गरी खरिद गर्ने तर्फ पालिकाको ध्यान जान आबश्यक देखिन्छ । । | |
| ९१ | | | **प्रकोप व्यबस्थापन कोष** | |

<table>
<tr><td>९१.१</td><td></td><td></td><td>समिति गठन — विपद् जोखिम न्युनिकरण तथा व्यवस्थापन ऐन, २०७४ को दफा १७(१) मा प्रत्येक स्थानीय तहले अध्यक्ष तथा प्रमुखले अध्यक्षतामा बढीमा १५ जना सदस्य रहने स्थानीय विपद् व्यवस्थापन समिति गठन गर्नुपर्ने व्यवस्था छ। पालिकाले ऐनमा तोकिएबमोजिमको समिति गठन गरेको भएतापनि बैठक बसेको छैन। ऐनमा तोकिएबमोजिम समिति गठन गरी सकेपछि तोकिएको काम, कर्तव्य र अधिकारमा सक्रिय बनाउनुपर्दछ।</td><td></td></tr>
<tr><td>९१.२</td><td></td><td></td><td>कार्य योजना - विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७४ को दफा १७(२) तथा विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन नियमावली, २०७६ को नियम (८) मा स्थानीय विपद् व्यवस्थापन समितिको काम, कर्तव्य र अधिकारमा परिषद/कार्यकारी/प्रदेश विपद व्यवस्थापन कार्यकारी समितिबाट स्वीकृत एकीकृत क्षेत्रगत नीति तथा कार्यक्रम अनुरुप हुने गरी स्थानीय विपद व्यवस्थापन योजना तर्जुमा गरी कार्यान्वयन गर्ने, बजेट विनियोजन गर्न लगाउने, सबै पक्षको समन्वय र संलग्न गराउने, विपद् पूर्व तयारी तथा प्रतिकार्य समिति गठन गर्ने, प्रभावित क्षेत्रमा उद्दार र राहत व्यवस्था गर्ने, ऐन बमोजिम कार्य गरे/नगरेको अनुगमन गर्ने, विपद सूचना प्रणाली विकास र सञ्चालन, तथ्याङ्क अद्यावधिक गर्ने, विपद घरपरिवारको पहिचान गर्ने, कर्मचारी क्षमता अभिवृद्धिको व्यवस्था र कार्यक्रम सहितको कार्ययोजना तयारी गरी लागू गर्ने/गराउने सम्बन्धी व्यवस्था छ। पालिकाले ऐन तथा नियमावलीमा तोकिएका कार्यहरू गरेको पाइएन। ऐन तथा नियमावलीको पालना गर्नु/गराउनु पर्दछ ।</td><td></td></tr>
<tr><td>९१.३</td><td></td><td></td><td>यस पालिकामा बिभिन्न प्रकारका महामारी तथा दैवी प्रकोपमा उपयोगमा ल्याउने उदेश्यले एक कोष खडा गरी राखेको छ ।कोभिड-१९ नियन्त्रणलगायतका काममा उपयोग गर्ने गरी यस कोषको स्थापना गरिएको उल्लेख छ । उक्त कोषमा यस बर्ष निम्न अनुसार आम्दानी तथा खर्च भएको छ ।
<table>
<tr><th>आय विबरण</th><th>रकम</th><th>व्यय विबरण</th><th>रकम</th></tr>
<tr><td>गत बर्षको मौज्दात</td><td>१,०८,१७६।</td><td>सडक निर्माण सुधारमा</td><td>१८,१२,४६०।</td></tr>
<tr><td>पालिकाबाट जम्मा गरेको</td><td>२०,००,०००।</td><td>मास्क स्यानीटाजर खरिद</td><td>१९,२५०।</td></tr>
<tr><td></td><td></td><td>तारजाली खरिद गरि वितरण गरेको</td><td>९९,९९५।</td></tr>
<tr><td></td><td></td><td>बैक मौज्दात</td><td>१,७६,४७१।</td></tr>
<tr><td></td><td>२१,०८,१७६।</td><td></td><td>२१,०८,१७६।</td></tr>
</table>
उल्लेखित विबरण अनुसार सडक निर्माण सुधारमा रु.१८,१२,४६०।खर्च गरेकोमा ४ निर्माण व्यवसायीबाट सोझै निर्माण कार्य गराई भुक्तानी दिएको छ । यसरी भुक्तानी दिएका सबै सडक बिपत व्यबस्थापनमा भन्दा पनि हिँउदको समयमा सडक निर्माण सुधारका काममा खर्च गरेको देखिन्छ । त्यस्तै रु.९९,९९५। मुल्यका तारजाली खरिद गरी बितरण गरेको जनाएकोमा उक्त जालीहरु कुन ठाउमा लगि प्रयोग गरिएका हुन नाप जाँच गरेको देखिदैन । प्रकोप व्यबस्थापनमा खर्च गर्ने व्यबस्था गरिएको रकमबाट हिँउदको समयमा सामान्य निर्माण सुधारका काममा खर्च गर्नुले कोष स्थापनाको उदेश्य अनुसार काम भएको भन्ने अबस्था</td><td></td></tr>
</table>

| | | | | |
|---|---|---|---|---|
| | | | रहेन । कोष स्थापनाको उदेश्य अनुसार प्रतिस्पर्धाको माध्यमबाट बस्तु वा सेवा खरिद गरी काम गर्ने एवं बिपतमा परेका वा पर्न सक्ने उच्च सम्भाबना भएका व्यक्तिलाई प्रत्यक्ष लाभ पुग्ने कार्यका खर्च गर्न पालिकाको प्राथमिकता रहनुपर्दछ । | |
| ९१.४ | | | वार्षिक प्रतिवेदन - विपद जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन २०७४ को दफा ४५ मा स्थानीय विपद व्यवस्थापन समितिले प्रत्येक आर्थिक वर्षमा गरेको कामको विवरण सहितको वार्षिक प्रतिवेदन तयार गरी जिल्ला विपद व्यवस्थापन समिति तथा प्रदेश विपद व्यवस्थापन कार्यकारी समिति समक्ष पेस गर्नुपर्ने व्यवस्था छ। पालिकाले कामको विवरण सहितको वार्षिक प्रतिवेदन तयार गरी सम्बन्धित समितिमा पेस गरेको पाइएन । ऐनमा भएको व्यवस्थाको पालना हुनुपर्दछ । | |
| ९२ | | | **लेखा फाराम**<br><br>महालेखा नियन्त्रक कार्यालयले २०७६।७७ देखि नयाँ सरकारी लेखा फारामहरु तीनै तहका सरकारले लागू गर्नु पर्ने गरी ०७६/४/९ मा परिपत्र गरेको थियो । सो परिपत्र अनुसार यस कार्यालयले निम्न अनुसारका नयाँ लेखा फारामहरु प्रयोगमा ल्याउनु पर्नेमा ल्याएको देखिएन । तोकिए अनुसारका सबै म.ले.प.फाराम प्रयोगमा ल्याउनु पर्दछ ।आय सम्बन्धमा प्रयोगमा नल्याएका केही उदाहरण<br><br>क्र सं \| म ले प फा को विबरण \| कैफियत<br>१ \| नगदी/प्राप्ती रसिद 101 \| पुरानो ढाँचाको म ले प फा नं ११ प्रयोगमा ल्याएको<br>२ \| रसिद नियन्त्रण खाता ९०४ \| तोकिएको ढाँचामा नराखी कुल थान मात्र खुलाई राखेको | |
| ९३ | | | **कार्य सम्पादन**<br><br>स्थानीय तह सस्थागत क्षमता स्वमूल्याकन (LISA रिपोर्ट) अनुसार यस पालिकाको समग्र कार्य सम्पादन मुल्याँङ्कनमा आर्थिक बर्ष २०७७।७८ मा कुल १०० अंकमा ५८.५ अंक प्राप्त गरेको देखिन्छ ।समग्र कार्य सम्पादनमा सुधार गरी उच्चतम अंक प्राप्त गर्न पालिकाको निरन्तर प्रयाश हुनुपर्दछ । | |
| ९४ | | | **सहकारीको भवन निर्माण**<br><br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ को उपदफा २(ख) मा सहकारी संस्था स्थानीय तहको अधिकार क्षेत्र भित्र पर्ने र सहकारी संस्थासम्बन्धी स्थानीय नीति, कानून, मापदण्ड निर्माण, कार्यान्वयन र नियमन समेत स्थानीय तहले गर्ने उल्लेख छ ।उक्त दफा बमोजिम पालिकाले सहकारी संस्था सम्बन्धी कुनै कानून तथा मापदण्ड तयार नगरि एक स्थानीय जैघास सहकारी संस्थालाई भवन संरचना निर्माणका लागि प्रथम किस्ता वापत रु.२,००,०००। अनुदान उपलब्ध गराएको छ । पालिकामा हालसम्म कुनै पनि सहकारी दर्ता नभएको र पालिकाले सहकारी सम्बन्धी कानून समेत नबनाएको अवस्थामा सहकारीलाई भवन लगायतका संरचना निर्माणका लागि दिएको रकम सहि सदुपयोग भए नभएको यकिन छैन । कानून बनाएर अनुदान दिने र अनुदानको सदुपयोग भए नभएको अनुगमनसमेत गर्ने व्यबस्था गरी अनुदान दिने व्यबस्था हुनुपर्दछ । | |

| | | | | |
|---|---|---|---|---|
| ९५ | | | **आन्तरिक लेखापरीक्षण**<br><br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७७ अनुसार स्थानीय तहले कानुन बमोजिम आफ्नो आय र व्ययको आन्तरिक लेखापरीक्षण गराउनु पर्ने, आन्तरिक लेखापरीक्षकले औंल्याएका कैफियत सम्बन्धित अधिकारीले अन्तिम लेखापरीक्षण हुनुभन्दा अगाबै सम्परीक्षण गराउनु पर्ने व्यबस्था छ ।यस पालिकाको आन्तरिक लेखापरीक्षणबाट कायम गरेका व्यहोरा अन्तिम लेखापरीक्षण गराउनु अगाबै सम्परीक्षण गराउनु पर्नेमा नगराएकोले यसै प्रतिबेदनमा निम्न अनुसार कायम गरीएको छ । | |
| ९५.१ | | | **क.स.** \| **बेरूजुको ब्यहोरा**<br>१ \| **कार्यालय समयमा वैठक भत्ता भुक्तानी**-गो.भौ.नं. १०२ मिति २०७८।८।१ अर्थ मन्त्रालयको कार्य सञ्चालन निर्देशिका, २०७७ को परिच्छेद ७.१.१ मा वैठक भत्ता भुक्तानीको मापदण्ड उल्लेख गरिएको छ। सो नियमावली र निर्देशिका वमोजिम वैठक भत्ता भुक्तानीका लागी वैठक कार्यालय समय अघि वा पछि सम्पन्न भएको हुनुपर्ने व्यवस्था छ। प्र.अ. बैठक तथा समिक्षाको बैठक खर्च रकम भुक्तानीमा कार्यालय समयमा बसेको बैठक भत्ता नपाउने हुदाँ भत्ता सहितको बैठक सञ्चालन भएकाले कार्यालय समय अघि वा पछि बसेको बस्तुगत प्रमाण संलग्न गर्नु पर्ने देखिन्छ।<br>२ \| **आमन्त्रित सदस्य**-अर्थ मन्त्रालयको कार्य सञ्चालन निर्देशिका २०७७,को परिच्छेद ७.१.१ मा वैठक भत्ता भुक्तानीको मापदण्ड उल्लेख गरिएको छ। सो निर्देशिका वमोजिम वैठकमा आमन्त्रित सदस्यका रूपमा थप व्यत्तिहरू राख्न नपाईने तर विशेषज्ञ सेवा आवश्यक परेको अवस्थामा वढीमा ३ जनासम्म मात्र आमन्त्रित सदस्यलाई भत्ता प्रदान गर्न सकिने व्यवस्था छ। तर पालिकाले ३ जनाभन्दा वढी आमन्त्रित सदस्यहरू राखि वैठक भत्ता भुक्तानी गर्ने गरेको पाईयो। निर्देशिकाको विपरित हुनेगरि मिति २०७८।७।११ मा भुक्तानी भएको रकम नियमसम्मत देखिएन। तसर्थ वैठक भत्ता भुक्तानी गर्दा निर्देशिकाको पुर्ण पालना गर्ने तर्फ पालिकाले ध्यान दिनु पर्ने देखिन्छ | |
| ९५.२ | | | **क.स.** \| **बेरूजुको ब्यहोरा** \| **रकम**<br>१ \| **गरिबसंग विशेश्वर कार्यक्रम**–गो.भौ.नं. ७ मिति २०७९।३।७ र गो.भौ.नं. १२ मिति २०७९।३।२५ आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९ मा जिम्मेवार व्यक्तीले खर्च लेख्नु अघि त्यस्तो रकम खर्च गर्न वा भुक्तानी दिन आवश्यक विल भरपाई र कागजात संलग्न भए वा नभएको तथा संलग्न कागजात अनुसार भुक्तानी दिन रीत पुगे वा नपुगेको जाँच गर्नु पर्ने व्यवस्था छ। कृषकहरूका लागि पोलिहाउस र बिउ बिजन वितरण कार्यक्रम संचालन गर्न सरसामान खरिद गर्दा सम्बन्धित \| २,९६,९२०। | २९६,९२० |

| | | |
|---|---|---|
| | पार्टी फर्मलाई नै भुक्तानी गर्नुपर्नेमा कर्मचारीले खरिद रकम भुक्तानी लिएको देखिएकोले सम्बन्धित फर्मको भरपाइ संलग्न गरि नियमित गर्ने रू. | |
| **जम्मा** | | २,९६,९२०। |

| | | | | |
|---|---|---|---|---|
| ९६ | | | **प्रशासकीय संगठन र कर्मचारी व्यवस्थापन**<br><br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ बमोजिम स्थानीय तहको कार्यबोझ, राजस्व क्षमता, खर्चको आकार र स्थानीय आवश्यकता समेतलाई ध्यानमा राखी कर्मचारी समायोजन भएपछि मात्र संगठन तथा व्यवस्थापन सर्वेक्षणका आधारमा स्थानीय तहमा संगठन संरचना कायम हुने व्यवस्था छ। पालिकामा प्रमुख प्रशासकीय अधिकृत सहित ३० दरबन्दी स्वीकृत रहेकोमा लेखापरीक्षण अवधि सम्म प्रमुख प्रशाकीय अधिकृत सहित २४ जना पदपूर्ती भएको देखिन्छ । लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार लेखा अधिकृत, प्राविधिक सहायक लगायत सहित ६ पदहरु रिक्त रहेका छन् । दरबन्दी बमोजिम जनशक्तिको पूर्णता नहुँदा विषयगत कार्यक्रम सञ्चालन, सेवा प्रवाह तथा पालिकाको समग्र कार्य सम्पादनमा असर परेको स्थिति छ। तसर्थ रिक्त पदहरु यथाशक्य छिटो पूर्ति गरी सेवा प्रवाह प्रभावकारी बनाउनुपर्दछ। | |
| ९७ | | | **कर्मचारी करार**<br><br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ मा स्थानीय तहले आफ्नो अधिकार क्षेत्र र कार्यबोझको विश्लेषण गरी संगठन तथा व्यवस्थापन सर्भेक्षणको आधारमा स्थायी प्रकृतिको कामको र सेवा करारबाट लिईने कर्मचारीको दरबन्दी प्रस्ताव गर्नुपर्ने र अस्थायी दरबन्दी सृजना गर्न नसकिने व्यवस्था छ । तर पालिकाले विभिन्न ७२ जना कर्मचारीहरु करारमा राखि १२ महिनामा जम्मा रु. १,९५,८१,०००। खर्च लेखेको छ। संगठन तथा व्यवस्थापन सर्भेक्षणका आधारमा संख्या निर्धारण गरी कर्मचारी भर्ना गर्ने व्यवस्था हुनुपर्दछ। | |
| ९८ | | | **कल्याण कोष**<br><br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ९१ बमोजिम स्थानीय तहले स्थानीय सेवाका आफ्नो दरबन्दीमा कार्यरत प्रत्येक कर्मचारीले खाईपाई आएको मासिक तलबबाट १० प्रतिशत रकम कट्टा गरी सो रकम बराबरले हुन आउने रकम थप गरी जम्मा गर्नुपर्ने व्यवस्था छ। पालिकाले गत वर्षको कल्याण कोषको रकम रू. ५,५०,०७६। जिम्मेवारी सारेको छ। उक्त कोषको संचालन सम्बन्धी पालिकाबाट कुनै ऐन कानूनको व्यवस्था भएको देखिएन। कर्मचारि कल्याण कोष सम्बन्धि कार्यविधि तयार गरि लागु गर्नुपर्दछ। | |
| ९९ | | | **अग्रिम करकट्टी**<br><br>आयकर ऐन, २०५८ को दफा ८८ अग्रिम करकट्टी सम्बन्धि व्यवस्था छ ।गाउँपालिकाले अनुदानमा कृषकलाई कृषियन्त्र, उपकरण तथा, विउविजन खरिदगरी सामान उपलब्ध गराए बापत सामान आपूर्तकबाट खरिद मुल्यमा अग्रिम करकट्टी गर्नुपर्नेमा पालिकाबाट भएको भुक्तानी अंशमामात्र अग्रिम करकट्टी गरेकोले नेपाल सरकारलाई प्राप्त हुनुपर्नेमा देहायको भुक्तानीमा छुट भएको कर सम्बन्धित फर्मबाट असुल गरी संघिय राजस्वमा दाखिला गर्नुपर्ने रु. | २,५२० |

| | | | | |
|---|---|---|---|---|
| | | | <table><tr><td>क्र.सं.</td><td>भौ।नं/मिति</td><td>प्रयोजन</td><td>विल रकम</td><td>करकट्टि हुनुपर्ने रकम</td></tr><tr><td>१</td><td>३५।०७८।९।८</td><td>कृषि आलु विउ वितरण</td><td>१६८०००।</td><td>२५२०।</td></tr></table> | |
| १०० | | | **जग्गा खरिद अनुदान**<br><br>संघीय सरकारले २०७७।१।१ मा राजपत्रमा प्रकाशित गरेको भूमि सम्बन्धि समस्या समाधान आयोग गठन आदेश, २०७६ को दफा ३(१) मा नेपालभरका भूमिहीन सुकुम्वासीलाई जग्गा उपलब्ध गराउन तथा अव्यवस्थित बसोबासीको जग्गा व्यवस्थापन गर्ने प्रयोजनका लागि भूमि सम्बन्धी समस्या समाधान आयोगको गठन गरेको छ । उक्त कार्यविधि बमोजिम गठित आयोगले भूमि सम्बन्धि समस्या समाधान गर्ने गरी कार्ययोजना तयार गर्नुपर्ने उल्लेख छ ।यस सम्बन्धमा सहजिकरणका लागि सामान्य प्रशासन मन्त्रालयले २०७७।१।२६ मा सम्पूर्ण गाउँपालिका र नगरपालिकालाई उक्त गठन आदेश संलग्न गरि पत्राचार गरेको छ । यो वर्ष कार्यपालिकाको २०७८।७।३० को निर्णयबाट एक स्थानीय नागरिक श्री कलावती देवी भट्ट (सुकुम्वासी भनिएको) लाई जग्गाखरिद बापत रू.१,००,०००।भुक्तानी दिएको छ ।भूमिहिन सम्बन्धी समस्या समाधानका लागि संघीय सरकारले समिति गठन गरेको र उक्त समितिले आफ्नो कार्यारम्भ गरिरहेको अबस्थामा छनोटको कुनै आधार मापदण्ड बेगर एक व्यक्तिलाई मात्र फाइदा हुने गरि गरेको कार्य मनासिब नदेखिएको रु. | १००,००० |
| १०१ | | | **अन्य कार्यालयको खर्च**<br><br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ ले प्रमुख प्रशासकीय अधिकृतले स्वीकृत बजेट खर्च नियमितता, मितव्यिता, प्रभावकारिता, कार्यदक्षता र औचित्यता समेतको आधारमा खर्च गर्नु पर्ने व्यवस्था छ । यस पालिकाले ग्रामिण वातावरण विकास केन्द्र (REDC) सँग २०७८।५।१६ मा सामुदायिक सूचना प्रविधि केन्द्र व्यवस्थापन कार्यका लागि एकमुष्ट रु.२,००,०००।भुक्तानी दिने सम्झौता भएकोमा यस पालिकाबाट दुई कर्मचारीका लागि मासिक रु.२०,०००। का दरले तलब भुक्तानि गरेको देखिन्छ ।उक्त खर्च लेख्दा गत आ ब को पेश्की रु.२,४०,०००। फछ्यौंट गरि थप रु.२,००,०००। भुक्तानि दिएको देखिन्छ ।सम्झौता बमोजिमको काम भए नभएको मुल्यॉङ्कन गरी काम गरेको आधारमा भुक्तानी दिनु पर्नेमा अन्य कार्यालयको कर्मचारीको पारिश्रमिक पालिकाबाट भुक्तानि दिने कार्य मनासिव देखिदैन। भुक्तानी दिएको रकमको सम्झौता बमोजिक काम भएको प्रमाण पेश हुनुपर्ने रु.२,००,०००। | २००,००० |
| १०२ | | | **करकट्टी नभएको**<br><br>आयकर ऐन, २०५८ को दफा ८८ मा परामर्श सम्बन्धी कार्य गरेवापत रकम भुक्तानी गर्दा सम्झौता अनुसार १५ प्रतिशतको दरले (मु अ करमा दर्ता नभएको) अग्रिम करट्टी गर्नुपर्ने व्यवस्था छ । कार्यालयले देहायका संस्थालाई परामर्शबापत रकम भुक्तानी गरेकोमा १५ प्रतिशतका दरले अग्रिम करकट्टी गरी भुक्तानी दिनुपर्नेमा नगरि भुक्तानी गरेकोले, कर छुट भएको रकम सम्बन्धित संस्थाबाट असुल गरी संघिय राजस्वमा दाखिला गर्नुपर्ने रु.<br><br><table><tr><td>भौ.नं/मिति</td><td>परामर्शदाताको नाम</td><td>प्रयोजन</td><td>भुक्तानी रकम रु</td><td>छुट कर रु</td></tr><tr><td>२३।०७८।८।२८</td><td></td><td>उपभोक्ता समिति तालिम</td><td>३५१५३५।</td><td>५२७३०।</td></tr></table> | ११८,७३० |

| | | | | |
|---|---|---|---|---|
| ४०३।०७९।३।२४ | ग्रामिण वातावरण विकास केन्द्र | सामुदायिक सूचना प्रविधि केन्द्र व्यवस्थापन | ४४००००। | ६६०००। |
| जम्मा | | | | ११८७३०। |

१०३

**परामर्श सेवा**

सार्वजनिक खरिद, २०६३ को दफा २९ (क) मा सम्बन्धित सार्वजनिक निकायमा उपलब्ध जनशक्तिबाट कुनै काम हुन नसक्ने भएमा मात्र परामर्श सेवा खरिद गर्न सकिने व्यवस्था । पालिकाले पाँच वटै वडामा उपभोक्ता समितिका पदाधिकारीहरुलाई अभिमुखिकरण कार्यक्रम सञ्चालन बापत ग्रामिण वातावरण विकास केन्द्रलाई रु.३,५१,५३५। भुक्तानि दिएको छ । पालिकामा उपलब्ध जनशक्तिले गर्न सक्ने नसक्ने उल्लेख नगरी प्रतिस्पर्धा बेगर उक्त परामर्शदातासँग सम्झौता गरेको देखिन्छ । पालिकाले गर्न नसक्ने कार्य मात्र परामर्शदाताबाट गराउनु पर्दछ ।

१०४

**न्युन उपभोग अबधि**

पालिकाबाट प्राप्त विबरण अनुसार यस पालिकामा स्वास्थ्य कार्यालय कैलालीबाट हस्तान्तरण भई आएका वा केही औषधिको अबस्था निम्न अनुसार रहेको देखिन्छ ।

| क्र.सं. | औषधिको नाम | औषधि प्राप्त मिति | प्राप्त हुदा उपभोग गर्न बाकी समय | परिमाण | मूल्य |
|---|---|---|---|---|---|
| 1 | Amoxycillin 500mg Cap | 078/09/05 | 2 Months | 10000 | 0 |
| 2 | (HRZ) tab | 12/9/2078 | 1 months | 5000 | 1719.34 |
| 3 | Alumunium Hydroxide 250mg+magnesium Tricillicate 250mg Tab | 12/9/2078 | 1 months | 500 | 370 |
| 4 | Amoxycillin 125mg/5ml Dry Powder for suspension | 5/7/2078 | 3 months | 113 | 6215 |
| 5 | Magnesium Sulphate 1gm/2ml 50% v injection | 5/7/2078 | 4 months | 300 | 10260 |
| 6 | Chlorhexidine 4% Tube | 9/1/2079 | 5 months | 50 | 650 |

उल्लेखित औषधि सहित अन्य औषधिहरु पालिकाको माग भन्दा पनि जिल्ला स्वास्थ्य कार्यालयले आबश्यकता एकिन नगरी न्युन उपयोग अबधि रहेको अबस्थामा पठाएको देखिन्छ । यसरी प्राप्त औषधीको उपयोग गरी सक्ने अबधि थोरै रहेको अबस्थामा तत्काल उपयोगमा आउने सुनिश्चित नभए पनि पालिकाले मातहतका स्वास्थ्य ईकाइमा पठाउने गरेको छ ।यसरी पठाएको औषधि पठाइका स्वास्थ्य इकाईले तोकिएको अबधिमा खपत हुने गरी उपयोगमा आए आएनन् अनुगमन

| | | | | |
|---|---|---|---|---|
| | | | मुल्याँङ्कन गरेको पाइएन ।उपयोग मिति नसकिँदै खपत हुन सक्ने उच्च सम्भाबना रहेका औषधिमात्र मागमा आधारित रहेर लिने र तोकिएको अबधिमा उपयोग हुने सुनिश्चित गर्ने व्यबस्था हुनुपर्दछ । | |
| १०५ | | | **लागत सहभागिता**<br><br>पालिकाले आयोजना/कार्यक्रम छनौट गर्दा उपभोक्ता समितिको तर्फबाट नगद लागत सहभागिता जुट्ने आयोजनालाई प्राथमिकता दिनुपर्ने, नगद सहभागिता तोकिएको अवस्थामा सहभागिता वापतको रकम सम्बन्धित स्थानीय तहको खातामा दाखिला गरी सो को भौचर प्राप्त भएपछि मात्र उपभोक्ता समितिसँग योजना सम्झौता गर्नुपर्दछ। तर पालिकाले लागत सहभागिता सहितको लागत अनुमान तयार गरेको देखिएन। अतः नगद लागत सहभागिता जुट्ने आयोजनालाई प्राथमिकता दिनुपर्दछ। | |
| १०६ | | | **कन्टिन्जेन्सी खर्चको अभिलेख**<br><br>सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १०(७) अनुसार लागत अनुमान तयार गर्दा लागत अनुमानको ५ प्रतिशतमा नबढ्ने गरी कन्टिन्जेन्सी खर्च समावेस गर्न सकिने र नेपाल सरकार अर्थ मन्त्रालयको मिति २०७०।१।१५ को निर्णयअनुसार खर्च गर्दा पूँजीगत प्रकृतिको २ प्रतिशत र अन्य सानातिना खर्च ३ प्रतिशतभन्दा नबढ्ने गरी खर्च गर्न सकिने ब्यवस्था गरेको छ। कार्यालयबाट योजना कार्यान्वयन गर्ने क्रममा प्रत्येक कार्यक्रम खर्चबाट ४ प्रतिशत का दरले बिलबाट यस्तो रकम कट्टी गर्ने गरेको छ। कार्यालयले आ.व २०७८/७९ मा कन्टीन्जेन्सी बापत रु. २४,०३,९२९। कट्टी गरेको छ । | |
| १०७ | | | **सार्वजनिक परीक्षण**<br><br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ वमोजिम स्थानीय तहले सार्वजनिक सेवा प्रवाहलाई प्रभावकारी, दिगो र भरपर्दो वनाउन कार्यक्रमको सामाजिक परीक्षण अन्तर्गत सार्वजनिक परीक्षण र सार्वजनिक सुनुवाई गर्नुपर्ने व्यवस्था बमोजिमको कार्य भएको पाइएन। सार्वजनिक परीक्षणको अभावमा आर्थिक कारोबारमा जवाफदेहिता र पारर्दशिताको प्रबर्धन गर्ने कार्यमा बाधा पर्ने देखिन्छ। | |
| १०८ | | | **डीपीआर खर्च**<br><br>बजेट व्यवस्था भई कार्यान्वयन हुने आयोजनाको मात्र गुरुयोजना डीपीआर लगायतको अध्ययत गरी प्रतिवेदन तयार गर्नु पर्दछ । यस स्थानीय तहले यो बर्ष स्वीकृत बार्षिक कार्यक्रम अनुसार देहायबमोजिमको कार्य परामर्शदाताबाट गराई प्रतिवेदन प्राप्त गरको छ ।<br><br><table><tr><th>कार्य विवरण</th><th>परामर्शदाता</th><th>खर्च रकम</th></tr></table> | |

| | | |
|---|---|---|
| भिन्नेउला चिमिन्ना लगायतका सडकहरुको डिपिआर निर्माण | क्रिएटिभ प्वाइन्ट इन्स्टिच्यूट एण्ड इन्जिनियरिङ्ग सोलुशन प्रा.लि | ९,३२,२५०। |
| खसरेखानपलेथर सडकको डिपिआर निर्माण | एम एच ईन्जिनियरिङ्ग कन्सल्टेन्सी प्र.ली. | १२,९९,६९७। |
| चेल्पी ढडेखोला सुवाकोट सडक | साह इन्जिनियरिङ्ग कन्सल्टेन्सी प्रा.ली. | ७२४१०४ |
| **जम्मा** | | २९,५६,०५१। |

यस्तो अध्ययन कार्य गराउँदा लाग्ने खर्चको लागत अनुमान तयार गर्दा कुनै आधार नलिई स्वीकृत बजेट बमोजिमकै रकम खर्च गरेको उपयुक्त देखिएन। डी.पी.आर.तयार गर्दा गाऊँपालिकाको प्राविधिक जनशक्ति प्रयोग नगर्नाको कारण स्पष्ट गर्दै आगामी दिनमा आगामी दिनमा गाऊँपालिकाको प्राविधिक जनशक्तिबाट यस्तो कार्य गराउनु पर्दछ। साथै यसरी अध्ययन प्रतिवेदन तयार भएका आयोजनाहरु कार्यान्वयनमा गएको समेत नदेखिएकोले खर्चको सार्थकता समेत देखिएन ।डी पी आर गर्दा कार्यान्वयन गरिने र गर्न सकिने कार्यको मात्र गर्ने र प्राप्त सम्पत्तीको रूपमा अभिलेख समेत जनाई राख्ने व्यवस्था हुनुपर्दछ।

१०९

**सरकारी तथा सार्वजनिक जग्गा संरक्षण, उपयोग तथा हस्तान्तरण**

स्थानिय सरका सञ्चालन ऐन, २०७४ को दफा ९७ मा गाँउपालिका तथा नगरपालिकाले आफ्नो क्षेत्रभित्रको सरकारी सामुदायिक तथा सार्वजनिक सम्पत्तिको रेखदेख मर्मत सम्भार र संरक्षण गर्नुपर्ने व्यवस्था छ। पालिकाले आफ्नो क्षेत्रभित्रको सार्वजनिक सम्पत्तिको मर्मत सम्भार एवं संरक्षण गरेको अभिलेख राखेको पाइएन। पालिकाले आफ्नो क्षेत्रभित्रको सम्पत्तिको रेखदेख मर्मत सम्भार एवं संरक्षण गर्नु/गराउनु पर्दछ।

११०

**गाडी भाडा**

आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियामावली ,२०७७ को ३९(११) मा सरकारी रकम खर्च गर्दा वा कुनै आर्थिक कारोवार गर्दा कार्यालय प्रमुखले सरकारी रकमको हिनामिना हानि नोक्सानी वा लापरवाही हुन नपाउने गरी सरकारी सम्पत्ति, नगद ,जिन्सी सुरक्षित राख्न उचित प्रवन्ध मिलाउनु पर्ने उल्लेख छ ।यस पालिकाले प्रयोगकर्ता र स्पष्ट प्रयोजन नखुलाई वर्षभरिमा सवारी साधन भाडामा लिई रु.१२,०८,८६०। खर्च गरेको छ । प्रष्ट प्रयोजन र आवश्यकता नखुलाई पालिकाको आफ्नै गाडी हुँदा हुँदै पनी गाडि भाडामा लिई प्रयोग गर्ने गरिएको पाइयो । यस्तो कार्यलाई निरुत्साह गर्दै खर्च गर्दा मितव्ययीता अपनाउनु पर्ने देखिन्छ ।

| | | | | |
|---|---|---|---|---|
| १११ | | | अनुगमन तथा सम्परीक्षण<br><br>महालेखा नियन्त्रक कार्यालयले २०७६/७७ देखि नयाँ सरकारी लेखा फारामहरु तीनै तहका सरकारले लागू गर्नु पर्ने गरी २०७६/४/९ मा परिपत्र गरेको थियो । बेरुजू लगत तथा संपरीक्षण अभिलेख प्रयोजनका लागि बेरुजु लगत खाता म.ले.प. फा. नं. ८०१, सम्परीक्षण गोश्वारा अभिलेख खाता म.ले.प. फा. नं. ८०५ लगायतका फारामहरु प्रयोगमा ल्याउनु पर्नेमा ल्याएको देखिएन। यस्तो अबस्थामा पालिकाको बेरुजूको लगत तथा सम्परीक्षणको अभिलेख व्यबस्थितरुपमा रहेको छ भनि बिश्वस्त हुने अबस्था रहेन। यसका लागि पालिकाले उक्त फारामहरु प्रयोगमा ल्याई बेरुजू लगत तथा सम्परिक्षणको अभिलेख व्यबस्थितरुपमा राख्ने व्यबस्था गर्नुपर्दछ। | |